

# नेपालमा हिउँ चितुवाको संरक्षण



करन बहादुर शाह
हेमसागर बराल





# नेपालमा हिउँ चितुवाको संरक्षण

करन बहादुर शाह

हेमसागर बराल

२०६९

SNOW LEOPARD NETWORK

Himalayan Nature

यो किताब प्रकाशनका लागि आर्थिक सहयोग स्नो लेपर्ड नेटवर्कको स्नो लेपर्ड कन्जर्भेशन ग्रान्ट अन्तर्गत उपलब्ध गराइएको हो । सर्वसाधारणमा हिमाली क्षेत्रको प्रकृति सम्बन्धी अभिरुचि बढाई तिनको संरक्षणमा समाहित गर्ने हिमाली प्रकृतिको कार्यक्रममा यसबाट थप मद्दत पुगेको छ । हिमाली प्रकृतिका थप कार्यक्रमहरु बारे जानकारी लिन परेमा यसको वेभसाइट www.himalayannature.org हेर्नुहोला ।

सर्वाधिकारः लेखकहरुमा सुरक्षित

प्रथम संस्करणः २०६९ साल

१000 प्रति

**तस्विर सौजन्य**

डा. रोडनी ज्याक्सन (© न्याशनल ज्योग्राफिक) २, ३, १२, १४, हिउँ चितुवाका पाइलाहरु (आवरण पछिको पृष्ठमा) ; बिष्णुप्रसाद ढेवकोटा ४ ; डा. सोम आले ५, १३, ४६, ६५-डाँफे ; जनकराज खतिवडा ५, ६५ -नाउर ; डब्लु डब्लु एफ नेपाल ७, हिउँ चितुवा (आवरणको भित्रपट्टी) ; कमल थापा ३२, ५१, ५७, ६५-झारल र कस्तुरी मृग ; डा. उलरिच ग्रुबर ५५ ; शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ६५-बँदेल ।

यी बाहेकका अन्य सम्पूर्ण तस्विरहरुको श्रेय लेखकहरुलाई

आवरणः **राजमान महर्जन**

भाषा शुद्धिः **भेषराज घिमिरे**

कम्प्युटर सहयोगः **शाश्वत शर्मा**

मुद्रणः **स्वयम्भू प्रिन्टिङ प्रेस**, डल्लु आवास, काठमाण्डौ, फोन ४२७0३0६

प्रकाशकः **हिमाली प्रकृति**, पोष्ट बक्स १0११८, लाजिम्पाट, काठमाण्डौ, नेपाल

फोन ४४२३२२५, फ्याक्स ४४४४५२७

**ISBN 978-9937-2-4598-2**

सूचना साभारका लागिः शाह, करन बहादुर र बराल, हेमसागर (२0६९) नेपालमा हिउँ चितुवाको संरक्षण । हिमाली प्रकृति, काठमाण्डौ, नेपाल ।

Citation: Shah, K. B. and Baral, H. S. (2012). Nepalma Hiuenchituwako Sanrakshan ( i.e. Conservation of Snow Leopard in Nepal). Himalayan Nature, Kathmandu, Nepal.

# समर्पण

हामीलाई हिउँ चितुवा र अन्य वन्यजन्तुको अध्ययन
तथा अनुसन्धानमा अनवरत रुपमा लागिरहन र अति
जटिल परिस्थतिमा पनि प्रेरणा तथा उत्साह प्रदान
गर्नुहुने उषा शाह (श्रीमती-करन बहादुर शाह)
र कल्पना बराल (श्रीमती- हेमसागर बराल) लाई ।



# प्रस्तावना

जीउ कमाउँने चिसो हावा–हुण्डरीले कुँदेका हिमाली र भोटका समथर पठारहरु नै विश्वका अति विकट भूमिमा विचरण गर्ने र मानिसले विरलै देख्ने हिउँ चितुवाका घर मानिन्छन् । धेरै कम मानिसले मात्र यस्तो दुर्लभ जनावरलाई देख्ने सौभाग्य पाएका होलान् । हिउँ चितुवा यस्तो दुर्लभ छ कि कहिलेकाहीँ त यो पनि येती (हिम मानव) जत्तिकै दन्त्यकथामा मात्र सीमित हो कि जस्तो लाग्छ । पिटर मथिशनले सन् १९७३ मा लेखेको "स्नो लेपर्ड" नामक पुस्तक प्रकाशन पछि त यो जन्तु अझै बढी चर्चामा आयो । यो पनि उहिलेको कुरा जस्तो भइसक्यो, जब ७०को दशकतिर पिटर मथिशन विश्वविख्यात जीवशास्त्री डा. जर्ज श्यालरका साथ उत्तर पश्चिम नेपालको डोल्पा जिल्लाको अति विकट र दुर्गम ठाउँमा अति दुर्लभ मानिएको हिउँ चितुवाको खोजीमा पुगेका थिए ।

यस्तै निर्जन र विकट मुगु जिल्लाको लांगु उपत्यकामा केही वर्ष पछि ८०को दशकमा विश्वमा पहिलो चोटि वन्यजन्तु अनुसन्धान कार्यमा एक नयाँ आयाम थप्दै अर्का जीवशास्त्री डा. रोड्नी ज्याक्सनको टोलीले पाँचवटा हिउँ चितुवालाई समाती रेडियो कोलरिङ्ग पनि गर्‍यो । यो पर्वतको प्रेत सम्बन्धी अध्ययन, अनुसन्धान र अनुगमन गर्ने डा. ज्याक्सनको टोलीमा करन शाह पनि नेपाली समकक्षीको रूपमा सहभागी भएका प्रख्यात वैज्ञानिक थिए । डार्ला हिलार्डको चारवर्षे लामो नेपाली हिउँ चितुवासंगको आफ्नो व्यक्तिगत र जैविक–अनुसन्धानमूलक यात्रा–संस्मरण "भ्यानिशिङ ट्र्याक्स्"मा करन शाहको हिउँ चितुवा सम्बन्धी अन्वेषण कार्यलाई प्रष्टसंग वर्णन गरिएको छ । त्यस पछि पनि करन शाह सम्भव भएसम्म अनवरत रूपमा हिउँ चितुवाको अध्ययन–अनुसन्धानमा लागी नै रहे ।

अहिलेको यो प्रस्तुति, "नेपालमा हिउँ चितुवाको संरक्षण" मा अर्का उस्तै क्षमता भएका २५ वर्ष लामो वन्यजन्तु सम्बन्धी अध्ययन र अनुसन्धानको अनुभव संगालेका डा. हेमसागर बरालको पनि महत्वपूर्ण योगदान रहेको छ । सन् २००५ मा प्रख्यात अन्तर्राष्ट्रिय विट्ली पुरस्कारबाट सम्मानित भइसकेका डा. बरालको नेपालका चराहरुको संरक्षण, अनुसन्धान र शिक्षामा पुर्‍याएको योगदान अतुलनीय नै छ । नेपाल पंछी संरक्षण संघजस्तो संस्थामा रही त्यसको नेतृत्व प्रदान गरिसक्नु भएका डा. बरालसंग जैविक विविधता अनुगमनका साथै सहभागितामूलक जैविक विविधता संरक्षणको वर्षौं लामो अनुभव रहेको छ । यस्तो प्रखर शैक्षिक योग्यता भएका दुबैले सिर्जना गरेको यो कृति पक्कै पनि नयाँ पिंढीका अनुसन्धानकर्ताहरु, संरक्षणविद्हरु, विद्यार्थीहरुका साथै हिउँ चितुवाको उचित संरक्षण तथा व्यवस्थापन गर्नलाई पनि निकै फलदायीसिद्ध हुनेछ । यस पुस्तकमा हिउँ चितुवा सम्बन्धी विविध विषयहरु यिनको जीवन–शैली, आनी–बानी, बासस्थान, भौगोलिक फैलावट, संरक्षणको स्थिति, हिउँ चितुवा

अनुसन्धान गर्दा गरिने साधारण सर्वेक्षण विधि जस्ता कुराहरु सबैले सजिलै बुझ्ने गरी सरल भाषामा लेखिएको छ ।

करन शाह र हेमसागर बराल जन्मजातै प्रकृतिविद् हुन् । यस्ता प्रकृतिविद् र यिनका अमूल्य कार्यहरु विश्वबाटै पातलिंदै गएका बेला, अति सरल भाषामा हिउँ चितुवाको जीवन–शैलीमा आधारित यो कृति पाउँदा हामी गौरवान्वित भएका छौं । यस्ता कार्यको आफ्नै विषेश महत्व छ । ईस्वीको उन्नाइसौं शताब्दीका प्रख्यात प्रकृतिविद् लुई अगासीले पनि “किताबको हैन प्रकृतिको अध्ययनमा लाग” भन्ने सल्लाह दिएको पाइन्छ । यो किताब पढ्दा हामीलाई पनि साँच्चै प्रकृतिकै अध्ययनमा रूमल्लिएको भान हुन्छ । अहिले प्रचलनमा रहेको इकोलोजीको उत्पत्ति युरोपेली मुलुकहरुमा १९औं शताब्दीको औद्योगिक क्रान्तिपछि फैलिएको प्रकृति सम्बन्धी अध्ययन अनुसन्धानलाई नै मान्न सकिन्छ । त्यसताका युरोपेली मुलुकका विश्वभरि छरिएर रहेका उपनिवेशहरुमा यस्ता प्रकृतिविद्हरुको पहुँच बढे पछि जीवजन्तुका नमुनाहरुको संकलनका साथै यिनको लेख्न सक्ने क्षमतामा पनि वृद्धि भयो । फलस्वरूप ती मध्येका कोहीले विभिन्न प्रश्न उब्जाउँदै तिनको उत्तर पनि खोज्न थाले । कुनै प्रजाति विश्वभरि छरिएर रहेका पाइन्छन् भने केही प्रजाति किन एउटा सानो भू–भागमा मात्र सीमित भएर रहेका हुन्छन् ? किन हामीले दुर्लभ प्रजातिको संरक्षण गर्ने ? आदि इत्यादि । यस्ता कृतिबाट प्राप्त प्राकृतिक विज्ञानसंग सम्बन्धित यी सबै जानकारीहरु यसकारण ठूला–ठूला परिदृश्यलाई जोड्न मद्धत गर्छन् र मानिसले किन हिउँ चितुवाको संरक्षण गर्ने भन्ने कुरा बुझाउँछन् ।

विश्वमा ७००० को हाराहारीमा हिउँ चितुवा भएको अनुमान गरिए पनि नेपालको हिमाली भू–भाग जसका विकट एवं कहालीलाग्दा भिराला पहाडहरु, जुन लगभग आकाश छुन–छुन खोज्छन् र मानिसलाई प्रत्यक्ष चुनौती दिइरहेका हुन्छन्– त्यहाँ भने ५०० भन्दा कमको संख्यामा रहेको मानिन्छ । अतः यस्तो असहज परिस्थितिमा नेपालको उत्तरमा रहेको हिउँ चितुवाको प्रदेशमा सांस्कृतिक महत्वको जगेर्नाका साथै अरू थुप्रै कुराहरुले ठूलो फरक पार्छन् ।

यही भएर नै होला यहाँका सीधा गाउँलेहरुले भगवान बुद्धका उपदेशको पालना गर्दै प्रकृतिको महत्व राम्रोसंग बुझेको जस्तो पाइन्छ । प्राध्यापक शाह र डाक्टर बरालको यस पुस्तकले (जो आफैंमा नेपालका स्थापित लेखक तथा क्रमशः सरिश्रृप र चरा विषेशज्ञ पनि हुन्) यस्तै सांस्कृतिक कुराहरुलाई पनि समावेश गरेको छ ।

समग्रमा मलाई यो पुस्तक साह्रै मन पर्‍यो ।

डा. सोमबहादुर आले<br>७ जनवरी २०१२, शिकागो<br>संयुक्त राज्य अमेरिका

# प्राक्कथन

विश्वकै सबैभन्दा बढी उँचाई भएको पहाड नेपालमा छ भन्ने कुरा धेरैलाई थाहा भएतापनि सम्पूर्ण हिमाली भेकको ३००० मिटरभन्दा माथि भएको भिरालो भूमिमा विचरण गर्ने सितिमिति नदेखिने ठूलो प्रजातिको बिरालोको बारेमा थोरैलाई मात्र थाहा छ ।

ठूला बिरालाका प्रजातिमध्ये धेरै मानिसले सबैभन्दा सुन्दर मानेको हिउँ चितुवा पाटे बाघको बाजेको उच्च पहाडी भेकमा बस्ने सन्तान हो, जुन नेपालको चीनसँग सिमाना जोडिएको उत्तरी भेकको दुर्गम क्षेत्रमा पाइन्छ । हिउँ चितुवाकै बासस्थानमा बस्ने, विचरण गर्ने गोठालाहरुले समेत यसलाई विरलै देख्ने गरेका हुन्छन् । प्रथम पटक सन् १९७८ मा प्रकाशित भएको र अहिले पनि प्रकाशनमा आउँदै गरेको पिटर मथिशनको धेरै चर्चामा आएको र धेरै बिक्री भएको पुस्तक "स्नो लेपर्ड" ले यस अद्भुत बिरालोलाई संसारका सामु परिचित गराएको थियो । यस पुस्तकका माध्यमबाट मथिशनले डोल्पाको शे–गोम्पालाई पर्यटकका लागि एक आकर्षक गन्तव्य बनाउँन मदत गरे ।

हिउँ चितुवाहरु हिमालय पर्वत श्रृंखला र यस उत्तरका मंगोलियासाथै दक्षिण साइबेरियासम्मका १२ वटा देशहरुमा पाइन्छन् । नेपालले यस दुर्लभ बिरालोको धेरै राम्रो संख्यालाई आश्रय दिएको मानिन्छ । नेपाल हिउँ चितुवाको प्रथम पटक (१९८२ देखि १९८५ सम्म ) विस्तृत अध्ययन गरिएको थलो पनि हो, यस अध्ययन–अनुसन्धान कार्यमा प्राध्यापक शाहले भाग लिएका थिए । उनले त्यस बेला ठूलो क्षेत्रमा फैलिएको हिउँ चितुवाको प्रमुख आहारा प्रजाति नाउर प्रजातिको अध्ययन गरेका थिए ।

यस पुस्तकको लेखनमा प्राध्यापक शाह र डा.बरालले हिउँ चितुवाको आनी–बानी, परिस्थिति विज्ञान, बासस्थान, आहाराका प्रजाति जस्ता अति महत्वपूर्ण सूचनाहरु समावेश गर्नुका साथै संरक्षणकर्ताहरुले सामना गर्दै आएका चुनौतीहरुको पनि राम्रो व्याख्या गरेका छन् । हिउँ चितुवाको प्राकृतिक आहारा नाउर र झारलको संख्यामा अत्यधिक चोरी शिकारले गर्दा धेरै ठूलो कमी आएको कारण यस परभक्षी जन्तुले घरपालुवा जन्तुहरुलाई मारेर खाने गरेको हुन्छ । फलस्वरूप स्थानीय गोठालाहरुले यसलाई आफ्नो जीविकोपार्जनलाई नै खतरामा पार्ने किसिमको जन्तुको रूपमा हेर्ने गरेको पाइन्छ । स्वच्छ वातावरणको यो सूचक प्रजाति स्वच्छन्द रूपमा उच्च हिमाली भेकमा विचरण गर्दै रहोस् भन्ने कुरा स्थानीय वासिन्दाहरुमा नै पूर्णरूपमा निर्भर छ भन्ने कुरा प्राध्यापक शाह र डा.बरालले राम्रोसँग बुझेका छन् । विशेष गरिकन सम्बन्धित सरकारी तथा गैरसरकारी कर्मचारीहरु, विद्यालयका शिक्षकहरु साथै स्थानीय बासिन्दाका लागि लेखिएको यो पुस्तक, भविष्यको सन्ततिका लागि नेपालका पहाडमा पाइने जैविक विविधताको संरक्षणमा लागेका प्रत्येक नेपालीको किताब राख्ने आलमारीमा हुनु पर्ने वान्छनीय देखिन्छ ।

डा. रोड्नी ज्याक्सन, संस्थापक एवं निर्देशक
स्नो लेपर्ड कन्जर्भेन्सी
सोनोमा, क्यालिफोर्निया
संयुक्त राज्य अमेरिका
फरबरी, २०१२

# आभार

नेपालमा मेचीदेखि महाकालीसम्मका विभिन्न हिमाली क्षेत्रहरुमा हिउँ चितुवाहरु पाइन्छन् । यी हिउँ चितुवाहरु पाइने स्थानहरुको स्थलगत भ्रमण गरेर यिनका विभिन्न पक्षहरुको अध्ययन अनुसन्धान गर्ने अवसर हामीलाई प्रदान गर्ने, यो पुस्तक लेख्न प्रेरणा तथा मुद्रणका लागि आर्थिक सहयोग गर्ने अनिल मानन्धर, अम्बिका खतिवडा, अमीर पौडेल, अशोककुमार राम, आङफुरी शेर्पा, डा. ईशान गौतम, डा. उदयराज शर्मा, कमल थापा, कमलजंग कुँवर, केशब खनाल, डा. केशव श्रेष्ठ, कृष्णप्रसाद आचार्य, कृष्णा ताम्राकार, गणेश पन्त, गंगाजंग थापा, गंगाराम सिंह, गोपालप्रसाद उपाध्याय, गोपालप्रसाद भट्टराई, डा. घनश्याम गुरूङ, डा. चारूदत्त मिश्र, चिरन्जीवि पोखरेल, जनकराज खतिवडा, जितेन्द्रराज वन्त, जुद्धबहादुर गुरूङ, झमकबहादुर कार्की, टिकाराम अधिकारी, टोपबहादुर खत्री, डा. तीर्थबहादुर श्रेष्ठ, तुलसीप्रसाद शर्मा, डा. तेजबहादुर थापा, दिपक सिंह, नवराज चापागाई, डा. नरेन्द्रबाबु प्रधान, नरेश सुवेदी, नीलाम्बर मिश्रा, डा. पूर्णनाथ मिश्र, प्रेमबहादुर बुढा, फणिन्द्र खरेल, बाबुराम यादव,बिजेन्द्र बस्नेत, बुद्धिसागर पौडेल, बेदकुमार ढकाल, भगवानराज दाहाल, भेषराज घिमिरे, मेघबहादुर पाण्डे, मधु क्षेत्री, डा. महेश्वर ढकाल, यादब घिमिरे, युवराज रेग्मी, रबिन कडरिया, राखी करूम्बया, राजकुमार गुरूङ, राजमान महर्जन, राजु आचार्य, रामचन्द्र कँडेल, राना बेराक्सी, डा. रिन्जन श्रेष्ठ, डा. रोड्नी ज्याक्सन, रोशन शेरचन, लक्ष्मणप्रसाद पौडेल, लालप्रसाद गुरूङ, वर्णबहादुर थापा, विद्धुर पोखरेल, विश्वनाथ उप्रेती, विनोद बस्नेत, डा. वीरेन्द्रवीर बस्नेत, शलु अधिकारी, सत्यनारायण शाह, सन्तोषमणि नेपाल, सम्राट कटुवाल, डा. सरला खालिङ, सरिता ज्ञवाली, डा. सिद्धार्थ बज्राचार्य, डा. सोम आले, षोड्शी ओझा, श्याम वजिमय, डा. शान्तराज ज्ञवाली, शिवराज भट्ट, शेरसिंह ठगुन्ना, सूर्य बहादुर पाण्डे, हरिभद्र आचार्य, डा. हुम गुरूङ, डा.हेमन्तराज मिश्र, हेमन्त यादव र संस्थाहरुमा स्नो लेपर्ड नेटवर्क, स्नो लेपर्ड कन्जर्भेन्सी–नेपाल च्याप्टर, डब्ल्यु डब्ल्यु एफ–नेपाल, राष्ट्रिय प्रकृति संरक्षण कोष, त्रिभुवन विश्वविद्यालय, प्राकृतिक विज्ञान संग्रहालय तथा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागलाई हामी हृदयदेखि धन्यवाद दिन्छौं ।

यस पुस्तकको पाण्डुलिपि तयार गर्न र मुद्रण कार्यमा मद्धत गर्ने हिमाली प्रकृतिका शरद सिंह, प्रतिभा कसपाल, प्रभा पाण्डे र राजीव तिवारीलाई आभार व्यक्त गर्दछौं । भाषा शुद्धिमा अमूल्य योगदान दिनु भएका भेषराज घिमिरे र कम्प्यूटरमा विशेष योगदान दिनुहुने हिमाली प्रकृतिका शाश्वत शर्मालाई मुरी–मुरी धन्यवाद दिन्छौं । आवरण चित्र कोरेर यस पुस्तकको विशेषता बढाइदिनु भएकोमा चित्रकार राजमान महर्जनजीलाई धन्यवाद व्यक्त गर्दछौं । स्वयम्भू प्रेशका सुधिर, सुजित, अमिर र झरनालाई यस किताब प्रकाशनमा पुऱ्याएको सहयोगका लागि धेरै धन्यवाद ।

प्रा. करन बहादुर शाह
डा. हेमसागर बराल
काठमाण्डौ
२०६९ बैशाख २२ गते

# विषय-सूची


**नेपालमा हिउँ चितुवाको संरक्षण** १

**परिचय** १

**पर्वतको प्रेत अर्थात हिउँ चितुवा** ६

शारीरिक विशेषताहरु ७

विकट तथा प्रतिकूल हिमाली मौसम छल्नका लागि
शरीरमा भएका विशेषताहरु ८

**भौगोलिक फैलावट** ९

विश्वव्यापी भौगोलिक फैलावट ९

नेपालमा हिउँ चितुवाको भौगोलिक फैलावट १०

**हिउँ चितुवाको संख्या र घनत्व** ११

हिउँ चितुवाको विश्वव्यापी संख्या र घनत्व १२

नेपालमा हिउँ चितुवाको संख्या र घनत्व १३

**बासस्थानहरू** १३

विशेष बासस्थानहरु १३

नेपालमा संभावित बासस्थानहरु १४

**बानीबेहोरा/आनी बानी** १५

आहारा सम्बन्धी बानीबेहोरा १५

शिकार गर्ने तरीकाहरु १६

विचरण गतिविधि र वासस्थान क्षेत्रको दायरा १७

प्रजनन बानी ब्यहोरा १७

अन्य बानी ब्यहोराहरु १८

**हिउँ चितुवाको मृत्युका कारणहरू** १९

**कुनै क्षेत्रमा हिउँ चितुवा भए नभएको  कसरी थाहा पाउने ?** १९

**हिउँ चितुवालाई चिन्ने तरीकाहरू** २०

**प्रमुख तथा संभाव्य आहाराका प्रजातिहरू** २१

**हिउँ चितुवा संरक्षण गर्नुको महत्व** २२

हिउँ चितुवालाई किन जोगाउने ? २३

सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्व २३

प्रकृतिमा खाद्यचक्र सन्तुलन राख्ने भूमिका २४

पर्या–पर्यटनमा हिउँ चितुवाको महत्व २५

जीविकोपार्जनमा टेवा २६

**हिउँ चितुवाको संरक्षणका लागि नेपालमा लागू गरिएका नीतिहरु** २६

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ २६

साइटिस र आइ.यु.सी.एन.मा राखेका प्रावधानहरु २७
हिउँ चितुवा संरक्षण कार्य योजना २००५ २७
पुरस्कार र दण्डको व्यवस्था २७
राहत दिने योजना २८
बिमा योजना २९
**बिमा र राहत योजना लागू गरिएका दुईवटा संरक्षित क्षेत्रहरू २९**
अन्नपूर्ण संरक्षण क्षेत्र २९
कञ्चनजंङ्घा संरक्षण क्षेत्र ३१
बिमा र राहत योजनाको सफलता र असफलता ३२
**नेपालमा हिउँ चितुवाको संरक्षणमा देखिएका प्रमुख खतराहरू ३३**
विभिन्न अङ्गहरुको लागि चोरी शिकार ३४
प्रतिशोधले मारिनु ३६
प्राकृतिक आहाराको कमी ३६
वासस्थानको कमी, विनाश र विखण्डन ३७
सिनोमा विष हाल्ने प्रचलन ३८
हिउँ चितुवाले मारेको जनावरको मासु खाने चलन ३९
यार्सागुम्बा र अन्य गैरकाष्ठ वनसम्पदाको संकलन ४०
अध्ययन–अनुसन्धानको कमी ४०
संरक्षण चेतनाको कमी ४०
अन्यखतराहरु ४१
**नेपालमा हिउँ चितुवा र मानिस बीचको द्वन्द्व ४२**
हिउँ चितुवाले घरपालुवा जनावरहरुलाई घाइते पार्नु वा मार्नु ४३
प्रतिशोधात्मक हत्या ४३
आर्थिक लाभको लागि चोरी शिकारी ४४
**हिउँ चितुवा र मानिस बीच हुने द्वन्द्व न्यूनीकरणका उपायहरू ४५**
परभक्षीरोधक गोठ बनाउंने ४६
घरपालुवा जनावरको दिउँसो पनि राम्रो हेरचाह गर्नु ४७
हिउँ चितुवाको उपस्थिति भएको क्षेत्रमा वस्तुभाउलाई नचराउँने ४७
अन्य उपायहरु ४८
**नेपालमा हिउँ चितुवा सम्बन्धी अवैध व्यापार ४८**
नेपालमा हिउँ चितुवा सम्बन्धी अवैध व्यापार किन हुन्छ ? ४९
हिउँ चितुवाका अङ्गहरु कसले र किन किन्छ ? ५०
अवैध व्यापारको बजार क्षेत्र ५१

हिउँ चितुवाका अङ्गहरुको अवैध व्यापार गर्नु अन्य
वन्यजन्तुको ढाँजोमा किन सजिलो छ ? ५२

**आफ्नो क्षेत्रमा हिउँ चितुवाको संरक्षण गरेमा स्थानीय**
**बासिन्दालाई कसरी फाइदा हुन सक्छ ? ५२**

**नेपालका संरक्षित क्षेत्रहरूमा हिउँ चितुवा र यसका आहारका**
**प्रजातिहरूको विविधता र अवस्था ५३**

अपिनाम्पा संरक्षण क्षेत्र ५५

शे-फोक्सुण्डो रा. नि. ५५

ढोरपाटन शिकार आरक्ष ५८

अन्नपूर्ण संरक्षण क्षेत्र ५८

मनास्लु संरक्षण क्षेत्र ६०

लाङ्गटाङ्ग रा. नि. ६२

गौरीशंकर संरक्षण क्षेत्र ६४

सगरमाथा रा. नि. ६५

मकालु-बरुण रा. नि. ६६

कञ्चनजङ्घा संरक्षण क्षेत्र ६७

**हिउँ चितुवाको संरक्षणका लागि महत्वपूर्ण सुझावहरू ६९**

नेपालमा हिउँ चितुवाको अध्ययन अनुसन्धान र
संरक्षणमा लागेका निकायहरु ७१

**उपसंहार ७३**

**सन्दर्भ-सूची ७५**

**परिशिष्टहरू ८१**

परिशिष्ट-१ : पश्चिम नेपालमा हिउँ चितुवाको जोडीले
शिकार गर्दै गरेको बारे टिप्पणी ८१

परिशिष्ट-२ : हिउँ चितुवाको असामान्य व्यवहार बारे टिप्पणी ८४

परिशिष्ट-३ : कञ्चनजङ्घाको लोनाक क्षेत्रमा हिउँ चितुवाको अवलोकन ८६

परिशिष्ट-४ : हिउँ चितुवाको अध्ययन-अनुसन्धानमा पाइएका कमीहरु ८८

परिशिष्ट-५ : हिउँ चितुवाका स्काउटहरुः हिउँ चितुवा
संरक्षणमा एक नयाँ आयाम ९२

परिशिष्ट-६ : एउटा साब्बुको मानसरोवर यात्रा ९३



# नेपालमा हिउँ चितुवाको संरक्षण

## परिचय

नेपालमा हिउँ चितुवालाई संरक्षण चाहिएको छ भन्ने कुरा २०२९ सालमा (सन् १९७३) तयार पारिएको वन्यजन्तु संरक्षण ऐनमा यसलाई समाबेश गरिएको तथ्यबाट नै प्रष्ट हुन्छ । तर पाटेबाघ, गैंडा, जंगली हात्ती इत्यादि जस्ता वन्यजन्तुहरु सम्बन्धी अध्ययन, अनुसन्धान तराईका विभिन्न क्षेत्रहरुमा खास गरिकन चितवन राष्ट्रिय निकुञ्जमा त्यसताका विदेशी र नेपाली वन्यजन्तु विशेषज्ञहरुले गर्ने गरेको पाइएतापनि हिमाली क्षेत्रमा पाइने अति नै दुर्लभ मानिएको हिउँ चितुवा सम्बन्धी अध्ययन, अनुसन्धान कसैले पनि गरेको पाइँदैन ।

नेपालमा हिउँ चितुवालाई नेपाली र नेपालका विभिन्न नेपाली सञ्चार माध्यमलाई परिचित गराउने श्रेय डा. रोड्नी ज्याक्सनलाई जान्छ । उनले सन् १९७१ तिर डा.जर्ज श्यालरले डोल्पा क्षेत्रको भ्रमणमा फेला पारेका हिउँ चितुवाका चिन्हहरु र सो क्षेत्रमा हिउँ चितुवाको मुख्य आहारा नाउर प्रशस्त भएको कुरा थाहा पाएका थिए । डा. जर्ज श्यालरसंगै उनका लेखक साथी पिटर मेथेसनले पनि डोल्पा क्षेत्रको पैदल यात्रा गरेका थिए । त्यसबखत उनले देखेका र भोगेका कुरा ''स्नो लेपर्ड'' अर्थात हिउँ चितुवा शिर्षक भएको पुस्तकमा उल्लेख गरेका थिए । सो पुस्तकमा बौद्ध धर्म, डोल्पावासीहरु खास गरिकन तिब्बती मूलका बासिन्दाहरुको रहनसहन, सामाजिक रीतिथितिका अलावा त्यसक्षेत्रका उच्च हिमाली भेकमा पाइँने हिउँ चितुवा लगायत अन्य वन्यजन्तुहरुका बारेमा पनि चाखलाग्दा कुराहरु उल्लेख गरेका थिए । अङ्ग्रेजी भाषामा लेखिएको विज्ञान र सांस्कृतिक कुराहरुमा आधारित उक्त पुस्तक धेरैले मन पराएका थिए । सो पुस्तक त्यसबेलाको बेस्टसेलर नै भएको थियो । डा. रोड्नी ज्याक्सनले सो पुस्तक तथा डा. जर्ज श्यालरले न्यासनल ज्योग्राफिक पत्रिकामा लेखेको लेख पढेपछि नेपालमा आएर हिउँ चितुवाको अध्ययन, अनुसन्धान गर्ने विचार गरेका थिए । डा. जर्ज श्यालरले सन् १९७१ को नोभेम्बर महिनामा पाकिस्तानमा उनले गरेको अनुसन्धान कार्य सम्बन्धित हिउँ

चितुवाको आकर्षक तस्विर सहितको लेख न्यासनल ज्योग्राफिक पत्रिकामा छापेका थिए ।

सन् १९७४ तिर डा. ज्याक्सनले नेपाल आएर डोल्पा क्षेत्रमा गएर हिउँ चितुवाको अध्ययन गर्ने मनसाय नेपाल सरकारको वन्यजन्तु संरक्षण विभागमा ब्यक्त गरे । त्यसताका विदेशीहरुका लागि डोल्पा क्षेत्र निषेधित थियो । त्यसकारण डा. हेमन्त मिश्रले उनलाई मुगु जिल्लाको लांगु उपत्यकामा गएर उनले गर्न खोजेको हिउँ चितुवा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने सल्लाह दिए । काठमाडौंबाट केही शेर्पाहरुलाई साथमा लिएर जुम्ला हुँदै उनी लांगु उपत्यकाको अन्तिम गाउँ डोल्फुमा पुगे । डोल्फु गाउँ र त्यहाँबाट दुई–तीन दिन हिँडेर पुगिने लांगु उपत्यका क्षेत्रको उनले भ्रमण गरे । त्यहाँ स्थानीय बासिन्दाहरुको वन्यजन्तु सम्बन्धी क्रियाकलाप देखेरे उनी निक्कै छक्क परे । त्यहाँ खुल्ला रुपमा हिउँ चितुवा, झारल, नाउर, कस्तूरी र अन्य वन्यजन्तुहरुको शिकार भइरहेको कहाली लाग्दो दृश्य उनले आफ्नो आँखाले देखे । सो क्षेत्रमा उनले आएर हिउँ चितुवाको विस्तृत अध्ययन, अनुसन्धानका साथै त्यसको सरंक्षणमा गर्नुपर्ने उचित कार्यहरुको शुरूवात गर्ने मनसायले अमेरिकामा पैसा खोज्न थाले । उनले कतैबाट पनि सहयोग पाएनन् । उनले सो कार्य गर्न सक्छन् भन्ने कुरामा दातृ निकायहरुलाई अलिकति पनि विश्वास नहुनु एउटा प्रमुख कारण थियो । तर पनि उनले आफ्नो प्रयासलाई यथावत जारी राखे र अन्त्यमा सफल पनि भए । त्यो थियो उनले १९८१ मा रोलेक्स अवार्ड फोर इन्टरप्राइजेज् पाउँनु ।

त्यसपछिको कथा नेपालमा हिउँ चितुवाको अध्ययन, अनुसन्धानको परिणाम स्वर्णिम अक्षरले लेखिएको छभन्दा पनि हुन्छ । उनले ४–५ वर्ष १९८१ देखि १९८५ सम्म मुगु जिल्लाको डोल्फु गा.वि.स.मा पर्ने लांगु उपत्यकामा विस्तृत रूपमा हिउँ चितुवाको सकिने जति जम्मै अध्ययन, अनुसन्धान गरे । उनलाई यस कार्यमा नेपाल सरकारका तर्फबाट प्राध्यापक करन बहादुर शाहले काँधमा काँध मिलाएर सक्दो सहयोग गरेका थिए । प्रा. शाह नेपाल सरकारको तर्फबाट सो परियोजनाका लागि नेपाली समकक्षी अनुसन्धानकर्ता भएर खटिएका थिए । ती दुई मुख्य अनुसन्धानकर्ताका

अतिरिक्त सो परियोजनाको विभिन्न समयमा डार्ला हिलार्ड, ग्यारी अलवर्न, शेर्पाहरु, स्थानीय बासिन्दाहरु र नेपाल सरकारको वन्यजन्तु संरक्षण विभागमा कार्यरत श्री विश्वनाथ उप्रेती, डा. हेमन्तराज मिश्र र अन्य सम्बन्धित महानुभावहरुले खुल्ला हृदयले सहयोग गरेका थिए ।

'हिमाली हिउँ चितुवा आयोजना' नाम गरिएको हिउँ चितुवाको बानी व्यहोरा, बासस्थान, आहारा र संरक्षणमा केन्द्रित सो परियोजना सोचिएको भन्दा धेरै सफल भएको मानिन्छ । लांगु उपत्यकाको कठिन बसाई (जहाँ हिउँदमा तापक्रम –३२° से. सम्म झरेको रेकर्ड गरिएको थियो), बाटोघाटो नभएकोले छिनछिनमा खतरा मोल्नु पर्ने अवस्था आइपर्थ्यो । डोल्फु गाउँमा व्याप्त गरिबी (जहाँ हिउँदमा यहाँका बासिन्दाहरुलाई आफ्नो बारीको उब्जनीले मुश्किलले ६ महिना खान पुग्छ), उचित खानपानको समस्या (धेरै जसो खानेकुराहरु काठमाडौंबाट नै लग्नुपर्ने) र वर्षमा ५–६ महिना धेरै हिउँ पर्ने (कुनै कुनै बेला चार–पाँच फिट सम्म परेको रेकर्ड गरिएको) जस्ता कुराहरु अध्ययन अनुसन्धानका लागि प्रमुख बाधा थिए । तर यी सबै बाधा अड्चनलाई धैर्यका साथ सामना गर्दै सो अध्ययन टोलीले पाँचवटा हिउँ चितुवालाई खुट्टा अड्किने पासोमा पारेर रेडियो कलरिङ्ग गरी पुन उनीहरुकै प्राकृतिक बासस्थानमा छोडेको थियो । कुनै वन्यजन्तुको आनी–बानी अध्ययन गर्नका लागि सो जनावरको घाँटीमा रेडियो ट्रान्समीटर जडान गर्नुलाई रेडियो कलरिङ्ग गर्नु भनिन्छ ।

हिउँ चितुवालाई तिनकै बासस्थानमा रेडियो कलरिङ्ग गरेर अध्ययन गरेको लांगु उपत्यकाको सो सफलताको कथा विश्वमानै प्रथम पटक देखिएको थियो । रेडियो कलरिङ्ग गरेका पाँचवटा हिउँ चितुवाहरु मध्ये दुईवटा भाले र तीनवटा पोथी थिए । यिनीहरुलाई रेडियो कलरिङ्ग गरेर साबिककै बासस्थानमा छोडिसकेपछि रात–दिन नभनीकन रेडियो सिग्नल रिसिभरको माध्यमबाट उनीहरुका विभिन्न क्रियाकलापको अनुगमन गर्ने कार्य गरिन्थ्यो । यस प्रकारको अनुगमन कार्यबाट ती चितुवाहरुको बानी व्यहोरा बारे महत्वपूर्ण कुराहरु प्राप्त गरिन्थे । ती चितुवाहरुको लामो समयसम्म अनुगमन गर्नु बाहेक, हिउँ चितुवा सम्बन्धी अन्य जानकारी हासिल गर्न थप विस्तृत अध्ययन र अनुसन्धान पनि गरिएको

थियो । त्यस सफल अध्ययन र अनुसन्धान कार्यबाट प्राप्त भएका जानकारीहरु नेपालका लागि मात्र नभएर सम्पूर्ण विश्वकै लागि पनि हिउँ चितुवा संरक्षणका लागि निक्कै महत्वपूर्ण मानिएका थिए । सो परियोजनाले हिउँ चितुवा र नेपाललाई विश्वभरि नै चिनाएको थियो । हिउँ चितुवा सम्बन्धी जे जति पनि जानकारी आज भोलि प्राप्त भएका छन् तिनीहरु मध्ये धेरै जसोको श्रेय हिमाली हिउँ चितुवा आयोजना र त्यसमा कार्यरत विभिन्न व्यक्तिहरुलाई नै जान्छ । हिमाली हिउँ चितुवा आयोजनाले लांगु उपत्यकामा आफ्नो उद्धेश्य अनुसारको कार्य पूरा गर्नै लाग्दा नेपाल सरकारको वन्यजन्तु संरक्षण विभागले लांगु उपत्यकाको डोल्फु गाउँसम्मको क्षेत्रलाई शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा गाभेर हिउँ चितुवाको संरक्षणप्रति आफ्नो प्रतिबद्धता देखायो । लांगु उपत्यकामा आफूले देखेका र भोगेका कुराहरुका आधारमा डार्ला हिलार्डले “ भ्यानिशिङ ट्र्याक्स्” नाम गरेको पुस्तक लेखिन्, जसलाई पाठकहरुले धेरै रूचाएका छन् ।

लांगु उपत्यकामा सफलतापूर्वक गरिएको हिउँ चितुवाको अनुसन्धान कार्यले हिउँ चितुवा लगायत अन्य ढुर्लभ वन्यजन्तुमा लगाव भएका व्यक्ति र संस्थाहरुको आँखा खोल्ने कार्य गरेको थियो । सन् १९८६ पछिका दिनहरुमा नेपाललाई हिउँ चितुवाको देश भनेर पनि चिन्न थालियो । स्वदेशी र विदेशी अनुसन्धानकर्ताहरुले नेपालमा हिउँ चितुवा सम्बन्धी कार्य गर्न खोजेको खण्डमा चाहेको जस्तो रकम र अन्य सहयोग पाउँन थाले । यसैको परिणाम स्वरूप विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुदेखि लिएर स्वतन्त्र रूपमा अनुसन्धान कार्य गर्न खोज्ने स्वदेश र विदेशका वैज्ञानिकहरुले नेपालका विभिन्न हिमाली क्षेत्रमा गएर हिउँ चितुवा सम्बन्धी अध्ययन, अनुसन्धान गर्न थाले । नेपालमा जैविक विविधताको संरक्षणमा लागेको विभिन्न सरकारी र गैरसरकारी संस्थाहरुले पनि हिउँ चितुवाको संरक्षण कार्यमा प्राथमिकता दिन थाले ।

नेपालमा हिउँ चितुवा पाइने नयाँ स्थानहरु पत्ता लगाइए । यिनै कुरालाई मध्यनजर राखेर हिउँ चितुवाको राम्रो घनत्व भएका संरक्षित क्षेत्र आसपासका बासस्थानलाई संरक्षित क्षेत्रभित्र गाभिने कार्य भयो । हिउँ चितुवाको संरक्षणलाई महत्व दिंदै नयाँ संरक्षित क्षेत्रहरुको स्थापना

गरियो । हिउँ चितुवा संरक्षण सम्बन्धी तालिमहरु सञ्चालन गरिए र हिउँ चितुवा संरक्षण कार्ययोजना बनाइयो । कमसेकम एक दर्जन जति स्नातकोत्तर तहमा विभिन्न विज्ञान सम्बन्धी विषयमा अध्ययनरत विद्यार्थीहरुले हिउँ चितुवा, यसको आहारा, हिउँचितुवालाई हुने खतराहरु र बासस्थान सम्बन्धी अनुसन्धान कार्य गरेर सोधपत्र बुझाए । दुईजना नेपाली (डा. सोम आले र डा. मदन ओली) र एक जना विदेशी (डा. रोडनी ज्याक्सन) ले नेपालका हिउँ चितुवा सम्बन्धी विषयमा विद्यावारिधि गरे । नेपालका हिउँ चितुवा सम्बन्धी ज्ञानबर्धक पुस्तक र तिनको अनुगमन बारे पुस्तिकाहरु प्रकाशित भए । हिउँ चितुवा सम्बन्धी गहन अध्ययन, अनुसन्धान गरिएका प्रतिवेदनहरु सम्बन्धित निकायहरुलाई बुझाइए र अन्तर्राष्ट्रिय स्तरका वैज्ञानिक जर्नलहरुमा लेखहरु प्रकाशित भए ।

नेपालमा हिउँ चितुवा सम्बन्धी अध्ययन र अनुसन्धानको श्री गणेश गराउँनुदेखि हालसम्मको अवस्थामा आइपुग्दा यस कार्यमा प्रत्यक्ष रूपमा आफ्नो अमूल्य सहयोग प्रदान गर्ने स्वदेश र विदेशका सरकारी तथा गैर-सरकारी संस्थाहरुको उल्लेख नगर्दा यो भनाइ अपूर्ण नै मानिने कुरामा कुनै शंका छैन । राष्ट्रिय प्रकृति संरक्षण कोष तथा डब्ल्यु डब्ल्यु एफ नेपालले माथि उल्लेख गरिएका सरकारी निकायसंग मिलेर प्रमुख नेतृत्व र दाताको भूमिका सफलता पूर्वक निभाएका छन् । इन्टरनेशनल स्नो लेपर्ड ट्रस्ट तथा स्नो लेपर्ड कन्जर्वेन्शीको उल्लेखनीय सहयोग बिना यो सफलताको कथा हाल हामीले देखेको जस्तो हुँदैन थियो होला ।

यस सफलताको कथाका निर्माणिकर्ता डा. रोड्नी ज्याक्सन अझै पनि आफ्नो बुढ्यौलीलाई बिर्सेर समय-समयमा नेपाल धाइरहेकै देखिन्छन् । उनी नै नेपाली हिउँ चितुवाका वास्तविक संरक्षक र हामी जस्ता हिउँ चितुवाको कल्याणमा लागेका नेपालीहरुका गुरू हुन् । उनको एउटै मात्र उद्धेश्य नेपालमा हिउँ चितुवाको संरक्षण तथा यहाँका जनताले यो जनावरको संरक्षण गरे वापत यसबाट हुने पर्यापर्यटनका माध्यमबाट आयआर्जन गर्न पाउने कुराहरुको प्रत्याभूति गराउनु नै हो । उनको उद्धेश्य सफल भएको खण्डमा त्यसको फाइदा हामी र हाम्रो भविष्यमा आउने सन्ततिहरुले नै लिने हो । अतः उनको यस उद्धेश्यलाई  सफल पारेको खण्डमा हामी

नेपालीको तर्फबाट उनलाई मीठो र सन्तोषजनक “गुरू दक्षिणा” हुनेछ भन्ने विश्वास गरेका छौं ।

“जुन वन्यजन्तुको बारेमा जानकारी हुँदैन, त्यसको संरक्षण गर्न सकिदैन” भन्ने भनाइलाई नै मनन गरेर यो पुस्तक लेखिएको छ । साधारण लेखपढ गर्न जान्ने, विशेष गरिकन हिउँ चितुवा पाइने क्षेत्रका व्यक्तिहरु र अन्य सम्बन्धित सरोकारवालाहरुले समेत नेपालको परिप्रेक्ष्यमा हिउँ चितुवाको विभिन्न पक्षका बारेमा जानकारी हाँसिल गरुन् भन्ने उद्धेश्यले यो पुस्तक लेखिएको हो । यस पुस्तकबाट पाठकहरुले हिउँ चितुवा सम्बन्धी धैरै जानकारी पाउँनेछन् र यस प्रजातिको संरक्षणमा लाग्ने छन् भन्ने विश्वास गरिन्छ ।

## पर्वतको प्रेत अर्थात हिउँ चितुवा

नेपालमा जंगली बिरालोको ठूलो शरीर भएका प्रजातिलाई “बाघ” भन्ने गरिन्छ । मध्य पहाडी क्षेत्रमा जहाँ पाटे बाघ पाइदैन थोप्ले चितुवालाई “बाघ” भन्ने गरेको पाइन्छ भने उच्च हिमाली भेकमा स्थानीय नाउँ बेग्लै भएको भएतापनि तल्लो भेकमा वसोबास गर्ने नेपालीहरुले हिउँ चितुवालाई समेत “सेतो बाघ” वा “हिउँको बाघ” भन्ने गर्छन् । प्रेत जस्तै हिउँ चितुवा पनि आफ्नो बासस्थानमा कहिले देखिने, कहिले विलीन हुने भएकोले यो “पर्वतको प्रेत” उपनामले पनि चिनिन्छ । हिउँ चितुवा (हिम चितुवा पनि भनिन्छ) पाइने उच्च हिमाली भेगका कम से कम ४५०० मिटर सम्मको उचाईमा थोप्ले चितुवा पनि पाइन्छ । स्थानीय वासिन्दाहरुले ढुवै प्रजातिका चितुवाहरुलाई राम्ररी चिनेका हन्छन् र उनीहरुको विचारमा घरपालुवा गाईवस्तु, भेडा–बाख्रा र कुकुरको शिकार गर्ने कार्यमा हिउँ चितुवाभन्दा थोप्ले चितुवाले बढी नोक्सान पुर्‍याउँने गरेको हुन्छ । जम्का भेट भएको खण्डमा मानिसहरु हिउँ चितुवाभन्दा थोप्ले चितुवासंग बढी डराउँछन् जुन सही पनि हो, कारण हिउँ चितुवाले मानिसलाई आक्रमण गरेका घटनाहरु नगन्य नै छन् ।

मुगु जिल्लाको करान भेगतिर जहाँ हिउँ चितुवा राम्रो संख्यामा पाइन्छ, स्थानीय तिब्बती मूलका भोटे बासिन्दाहरु भालेलाई साबु र पोथीलाई सामु

भन्दछन् । हुम्लातिर पनि हिउँ चितुवा यही नामबाट परिचित छ । लाङ्गटाङ्ग भेकतिरका तामाङहरु (आफूलाई शेर्पा भन्न रूचाउँने) र सगरमाथातिरका शेर्पाहरुले "सारकेन" नामाकरण गरेका छन् भने मनास्लु क्षेत्रतिर सामचेन र पांजेको नाउँबाट हिउँ चितुवा चिनिन्छ । हिउँ चितुवा मनाङ र मुस्ताङतिर का नेपालीहरुका लागि "पाङ्चे" नामले चिनिन्छ । मनाङ जिल्लामा हिउँ चितुवाको अनुसन्धानकार्य गरिरहँदा, हाम्रा साथी डा. सोम आलेलाई स्थानीयबासिन्दाहरुले "पाङ्चे" उपनाम नै दिएका थिए ।

नेपालमा पाइने जंगली बिरालाका प्रजातिहरु मध्ये हिउँ चितुवा सबैभन्दा सुन्दर र आकर्षक मानिन्छ । अन्य जंगली बिरालाका प्रजातिहरु मध्ये यो विश्वकै सबैभन्दा अग्लो भू–भागमा विचरण गर्ने वन्यजन्तु पनि हो । हिमाली क्षेत्रमा यसको उपस्थितिले त्यहाँको वातावरण स्वस्थ छ भन्ने कुराको संकेत गर्दछ । कारण यो भए पछि त्यहाँ यसका खाने कुराहरु (नाउर, झारल, घोरल, कस्तूरी मृग इत्यादि) हुनु पर्‍यो । यसले खाने गरेका वन्यजन्तुहरुका प्रजातिहरु छन् भने तिनीहरुले बाँच्नका लागि खाने गरेका विभिन्न बिरूवा, घाँस पात पनि त्यहाँ हुनु आवश्यक छ । यसको मतलब जैविक विविधताले भरिभराउ क्षेत्रमा मात्र हिउँ चितुवाको उपस्थिति सम्भव छ । यस अर्थमा हिउँ चितुवालाई वातावरणीय दूत पनि भन्ने गरेको पाइन्छ । कारण यसले वातावरण जोगाउँने कुरामा मानिसहरुलाई प्रोत्साहित गर्छ । यसको संरक्षण गर्न मानिसहरुले संरक्षण क्षेत्रहरुको स्थापना गर्छन् । यो संरक्षित क्षेत्रभन्दा बाहिर बसोवास गरेको छ भने यसलाई जोगाउँन त्यहाँको सम्पूर्ण जैविक विविधताको संरक्षण गरेर मात्र सफलता प्राप्त हुन्छ ।

## शारीरिक विशेषताहरू

थोप्ले चितुवा र पाटे बाघको दाँजोमा हिउँ चितुवाको टाउको छोटो, फराकिलो र निधार उठेको हुन्छ । समग्रमा भन्नु पर्दा शरीरभन्दा टाउको तुलनात्मक रूपमा सानो हुन्छ । अगाडिका खुट्टाहरु पछाडिकाभन्दा छोटा हुन्छन् भने, खुट्टाहरुको लम्बाई र मोटाईको दाँजोमा पञ्जाहरु ठूला हुन्छन् । थोप्ले चितुवाकोभन्दा हिउँ चितुवाका पञ्जाहरु बढी गोलाकार हुन्छन् ।

वयस्कका पञ्जाहरु ९–११ से.मी लामा र ७–९ से.मी चौडा हुन्छन् । शरीर लामो खैरो वा हल्का रङ्गको भुवाले ढाकिएको हुन्छ जसमा गाढा खैरो रङ्गका ठूला गोलाकार, आयताकार र अनियमित आकार भएका बुट्टाहरु हुन्छन् । यसको खुट्टा र अनुहारमा स्पष्ट काला गोलाकार धर्काहरु हुन्छन्, जसको मोटाई पुच्छरको टुप्पोतिर बढदै गइरहेको हुन्छ । साधारणतया पुच्छरको टुप्पो माथितिर फर्किएको हुन्छ जहाँ तलतिरको सेतो भाग बढी देखिने गर्छ । गर्दनदेखि पुच्छरसम्म यसको मेरूढण्डतिर बाक्ला काला धर्का हुन्छन् ।

धेरै जसो प्राकृतिक बासस्थानमा हिउँ चितुवाको शरीरको रङ्ग त्यहाँको वातावरणसंग ठ्याम्मै मिलेको हुन्छ । अतः भन्ने गरिन्छ कि उसको बासस्थानमा मानिसले उसलाई देख्नेभन्दा उसले मानिसलाई बढी देख्ने गरेको हुन्छ ।


## विकट तथा प्रतिकूल हिमाली मौसम छल्नका लागि शरीरमा भएका विशेषताहरू

विकट पहाडी भेकको जीवन र चिसोबाट बच्नका लागि अपनाइने अनुकूलता उच्च हिमाली भेकको प्रतिकूल मौसम र विकटताबाट सजिलैसँग झेल्न हिउँ चितुवाको शरीर विकसित भएको हुन्छ । उसको छाती अन्य जन्तुहरुको दाँजोमा निकै विकसित र ठूलो हुन्छ । अघिल्तिरका खुट्टाहरु छोटा तथा पछिल्तिरका लामा हुन्छन्, तुलनात्मक रूपमा पञ्जाहरु ठूला हुन्छन् । पुच्छर मोटो र लामो र झन्डै शरीर जतिकै लामो हुन्छ । लामो पुच्छरले शरीरलाई राम्रोसँग सन्तुलन गर्न मदत गर्छ । शरीरमा भएका यी गुणहरुले गर्दा अति भिरालो जमिनमा पनि हिउँ चितुवा सजिलै हिड्न सक्छ ।

चिसो मौसम र कम अक्सिजन भएको वातावरणलाई झेल्न उसका नाकका पोरा ठूला हुन्छन् किनभने अत्याधिक हावा लिन सकियोस् । सम्पूर्ण शरीर बाक्लो र लामा रौं (झण्डै १२ से.मी.) हरुले ढाकिएको हुन्छ । यी बाक्ला र लामा रौंहरु पुच्छरमा समेत हुन्छन्, जसबाट चाहिएको बखतमा मुख र शरीर छोप्न मिलोस् । यसको शरीरमा भएका बाक्ला तथा लामा रौंहरुले यसलाई —४० डिग्री सेल्सियस सम्मको तापक्रम भएका उच्च हिमाली क्षेत्रहरुमा रहन मदत गर्ने विश्वास गरिन्छ ।

## भौगोलिक फैलावट

हिउँ चितुवा प्राकृतिक रूपमा एशिया महाद्धीपका क्षेत्रहरुमा मात्र पाइन्छ ।




## विश्वव्यापी भौगोलिक फैलावट

हिउँ चितुवा मध्य एशियाका १२ राष्ट्रहरुको हिमाली र पहाडी क्षेत्रहरुमा बसोबास गर्छन् । यिनको बासस्थान करिब १८,३५,००० वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । नेपाल, भारत, भुटान, पाकिस्तान, चीन, अफ्गानिस्तान, ताजिकिस्तान, उज्बेकिस्तान, काजकिस्तान, किरगिज्स्तान, रूस र मंगोलिया हिउँ चितुवा पाइने राष्ट्रहरु हुन् । यसको सबैभन्दा बढी फैलावट चीनमा भेटिएको छ । हिमाली भेकमा २७००–५६०० मिटर तथा मंगोलिया र रूसमा ९००–३००० मिटर सम्मको उचाईमा पाइन्छ (तालिका २) ।

## नेपालमा हिउँ चितुवाको भौगोलिक फैलावट

यो जन्तु नेपालमा प्रायः चीनको स्वशासित क्षेत्र तिब्बतसंग जोडिएको उत्तरी भागतिर पाइन्छ । नेपालमा यसको संभावित बासस्थान करिब २७,४३२ वर्ग कि.मी. क्षेत्रफल भएको विश्वास गरिन्छ । हालसम्म गौरीशंकर, अन्नपूर्ण, मनास्लु, अपिनाम्पा र कञ्चनजङ्घा संरक्षण क्षेत्रहरु, ढोरपाटन शिकार आरक्ष, सगरमाथा, लाङ्गटाङ्ग, मकालुबरूण र शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जहरुमा भेट्टाइएको छ । संरक्षित क्षेत्रबाहिर हुम्ला, जुम्ला, मुगु तथा मनाङजिल्लाका विभिन्न भेकतिर पाइन्छ भने अझै पनि केही अन्य स्थानहरुमा पाइने संभावना रहेको छ । समग्रमा भन्नु पर्दा नेपालमा यसको संभावित बासस्थानको अधिकांश भू-भाग संरक्षित क्षेत्र बाहिर छ र करिब ३०% मात्र संरक्षित क्षेत्र भित्र पर्ने अनुमान गरिएको छ । नेपालमा २७०० मिटरदेखि ५६०० मिटरको उँचाईमा पाइने भनिएको भएतापनि झन्डै ६००० मिटर उँचाई भएका भञ्ज्याङ्गहरु भएर यसले ओहोर-दोहोर गर्ने गरेको प्रमाण भेट्टाइएको छ ।



**तालिका १: हालसम्म थाहा भए अनुसार नेपालमा हिउँ चितुवाको राम्रो बासस्थान, उसको उपस्थिति र आहारा प्रजातिहरू भएका जिल्ला तथा तिनका क्षेत्रहरू -**

| जिल्लाहरू | क्षेत्रहरू |
|---|---|
| मुगु | लांगु उपत्यका |
| जुम्ला | खानी (चौधबिसे खोलाको शिरानतिर) |
| हुम्ला | हिल्सा |
| डोल्पा | शे-गोम्पा, भिजेर, सालदाङ |
| मुस्ताङ | सोमजोङ र दामोदरकुण्ड |
| मनाङ | भीमटाङ, याकखर्क, खांगसार, नार र फू |
| गोर्खा | साम्दो र छेकम्पार |
| रसुवा | लाङ्गटाङ्ग उपत्यका |
| दोलखा | लप्चीगाउँ |
| सोलुखुम्बु | खुम्बु उपत्यका |
| ताप्लेजुङ्ग | याङ्मा, खांबाचेन र लोनाक |

यसबाहेक बाजुरा जिल्लामा पर्ने अमरमनिको लेक, संखुवासभा जिल्लाको पाहा खोलाको लेक, मकालु-बरूण राष्ट्रिय निकुञ्ज, अपीनाम्पा संरक्षण क्षेत्र र ढोरपाटन शिकार आरक्षमा पनि हिउँ चितुवा भएको पुष्टि भएको छ । जुम्ला जिल्लाको रिनमोच्छे लेक, रसुवा जिल्लाको दूधकुण्ड क्षेत्र तथा रामेछाप जिल्लाको पाँचपोखरी र जटापोखरी क्षेत्रमा हिउँ चितुवा पहिले पाइने भएतापनि हाल स्थानीय रूपमा बिलोप भइसकेको छ ।

## हिउँ चितुवाको संख्या र घनत्व

विश्वव्यापी रूपमा हेर्दा हिउँ चितुवाको वास्तविक संख्या र घनत्व लगभग थाहा नै छैन भने पनि हुन्छ । जे जति तथ्याङ्कहरु प्राप्त भएका छन् धेरैजसो ती अनुमान मात्र हुन् । आजभन्दा झण्डै ८० वर्ष अगाडि पनि हिमालीभेकमा हिउँ चितुवाको घनत्व थोरै भएको कुरा शिकारीहरुका अभिलेखहरुबाट थाहा भएको छ ।

## हिउँ चितुवाको विश्वव्यापी संख्या र घनत्व

हिउँ चितुवा पाइएका १२ राष्ट्रहरुका प्राकृतिक बासस्थानमा ४५०० देखि ७५०० को हाराहारीमा यिनको संख्या रहेको अनुमान गरिएको छ । सबै भन्दा बढी चीनमा (२०००–२५००) र सबैभन्दा कम उज्बेकिस्तानमा (५० मात्र) भएको अनुमान गरिन्छ (तालिका २) । सन् १९७५ को इन्टरनेशनल जू इयर बुकका अनुसार संसार भरिका चिडियाखानामा ५७ वटा भाले तथा ७० वटा हिउँ चितुवाका पोथीहरु थिए । तर सन् २००५ मा प्रकाशित विवरणका अनुसार संसार भरिका चिडियाखानामा ६०० देखि ७०० वटा सम्म हिउँ चितुवा छन् ।

**तालिका-२ः हिउँ चितुवाको बासस्थान र संख्याको विवरण**

| क्र. सं. | देश | संभावित बासस्थान (वर्ग कि.मी.) | अनुमानित संख्या |
|---|---|---|---|
| १ | नेपाल | २७,४३२ | ३५०–५०० |
| २ | चीन | १,८२४,३१६ | २,०००–२५०० |
| ३ | भारत | ८९,२७१ | २००–६०० |
| ४ | भुटान | ७,३४९ | १००–२०० |
| ५ | मंगोलिया | २,७७,८८६ | ५००–१००० |
| ६ | रसिया | ३०२,५४६ | १५०–२०० |
| ७ | अफगानिस्तान | ८०,००० | १००–२०० |
| ८ | पाकिस्तान | ८१,०१६ | २००–४२० |
| ९ | काजकिस्तान | ७१,०७९ | १८०–२०० |
| १० | किरगिजस्तान | १२६,१६२ | १५०–५०० |
| ११ | ताजिकिस्तान | ७८,४४० | १८०–२२० |
| १२ | उज्बेकिस्तान | १३,८३४ | २०–५० |

श्रोतः ज्याक्सन् र अरूहरु २००८

## नेपालमा हिउँ चितुवाको संख्या र घनत्व

नेपालमा यसको संख्या ३५० देखि ५०० सम्म भएको अनुमान गरिएको छ (तालिका २)। नेपालमा भएका विभिन्न क्षेत्रहरुका बासस्थानहरुमा यसको घनत्व बेग्लाबेग्लै भेटिएको छ । यसको घनत्वको कुरा गर्दा शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको लांगु उपत्यकामा सबैभन्दा बढी (१०० वर्ग कि.मी.मा १०-१२ हिउँ चितुवा) पाइएको छ भने सगरमाथा राष्ट्रिय निकुञ्जमा सबै भन्दा कम (१०० वर्ग कि.मी. मा १-३ हिउँ चितुवा) भेटिएको छ (तालिका ३)।

**तालिका ३: नेपालका विभिन्न संरक्षित क्षेत्रमा हिउँ चितुवाको घनत्व**

| क्र.सं. | क्षेत्र | घनत्व (प्रति १०० वर्ग कि.मी.) |
|---|---|---|
| १ | शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, मुगु क्षेत्र | १०-१२ |
| २ | शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, डोल्पा क्षेत्र | ५-७ |
| ३ | अन्नपूर्ण संरक्षण क्षेत्र, मनाङ क्षेत्र | ४.८-६.७ |
| ४ | अन्नपूर्ण संरक्षण क्षेत्र, फू क्षेत्र | ४-५ |
| ५ | सगरमाथा राष्ट्रिय निकुञ्ज | १-३ |
| ६ | कञ्चनजङ्घा संरक्षण क्षेत्र | ३-५ |

श्रोतः डब्लु डब्लु एफ नेपाल २००७, र अन्य अनुसन्धानहरू

### बासस्थानहरू


हिउँ चितुवाले खुल्ला ठाउँहरु मन पराउँछन् कहिलेकाहीं बाक्लो, घना जंगल भित्र जाने गरेको पाइए तापनि लामो समयसम्म त्यस्ता ठाउँहरु मन पराउँदैनन् ।

### विशेष बासस्थानहरू

हिउँ चितुवा विशेष गरिकन खुल्ला भीर, चट्टाने पहाड र खोंचहरुमा बस्ने

गर्छ । नाङ्गो भिरालो क्षेत्र यसको विशेष बासस्थान हो । भिराला चट्टानहरु, खोलाछेउ, घाँसेमैदानका छेउछाउ, पहाडका धारहरु यसले विचरण गर्ने ठाउँहरु हुन् । पानी नजिकै भएका ठाउँहरु यसले बढी रूचाउने गरेको पाइएको छ । उच्च  हिमाली भेकमा मानिस र याक, चौरीहरुले हिड्ने गरेका बाटाहरु पनि यिनले प्रयोग गर्छन् । यसले प्रायः भीर देखि ५०–७५ मिटरको वरपर विचरण गर्ने गरेको पाइएको छ ।

## नेपालमा संभावित बासस्थानहरू




नेपालमा यसको बासस्थान २७,४३२ वर्ग कि.मी. क्षेत्रमा फैलिएको अनुमान गरिएको छ, जसअनुसार धेरै जसो हिमाली क्षेत्रहरु जहाँ यसको मुख्य आहारा नाउर र झारल पाइन्छन् त्यहाँ हिउँ चितुवाको उपस्थिति हुने विश्वास गरिन्छ । साधारणतया नेपालभरि नै यसका बासस्थानहरुको प्रकृति लगभग एउटै नासको हुने भए तापनि हिमाल पारिका मुस्ताङ र मनाङ जिल्लाका क्षेत्रहरुमा भने यसका बासस्थानहरु केही फरक छन् । यी क्षेत्रहरुमा भिरालो जमिन वा स–साना चट्टानका अलावा समतल

परेको तिब्बती पठार जस्तो देखिने भू–भागमा पनि यो बस्ने गरेको पाइन्छ । यसको आहारा झारल र कस्तूरी मृग, सल्लो, धुपिसल्लो र भोजपत्रका जंगलभित्र पनि विचरण गर्ने भएकोले तिनको शिकार गर्न हिउँ चितुवा त्यस्ता जंगलभित्र पनि जाने गरेको पाइन्छ ।

## बानीबेहोरा/आनीबानी

थोप्ले चितुवा र पाटे बाघ इत्यादि जस्ता जंगली बिरालाका ठूला प्रजाति झैं यो पनि आफ्नो क्षेत्र निर्धारिण गरेर एक्लै बस्ने गर्छ । दुई वा दुईभन्दा बढी ठूला हिउँ चितुवाहरु भेटिएको खण्डमा वयस्क भाले–पोथी वा युवा अवस्थाका बच्चाहरु हुने सम्भावना हुन्छ । भाले–पोथी समागमका बेलामा संगै रहने तथा युवा अवस्थाका बच्चाहरु आफ्नी आमाबाट छुट्टिनुभन्दा अगाडिसम्म संगै बस्ने गर्छन् । हालसम्म पाँचवटासम्म हिउँ चितुवाहरु संगै रहेका भेटिएका छन् । संसर्गका लागि भाले हिउँ चितुवा पोथीको क्षेत्रमा आएर केही समय संगै बस्ने गर्छ । भाले पोथीको संसर्ग हुने समयमा आफ्नो उपस्थिति जनाउनका लागि बिरालोको जस्तो लामो आवाज निकाल्ने गर्छ । आफूले बसोबास गरेको बासस्थानको क्षेत्र निर्धारिणका लागि भाले पोथी दुबैले खुट्टाले खोस्रेर, दिसा र पिशाब गरेर ढुंगा तथा चट्टानहरुमा आफ्नो उपस्थितिको चिन्ह छोड्ने गरेका हुन्छन् । यो हिउँ चितुवाहरु बीचको आपसी टकरावलाई कम गर्ने प्राकृतिक तरिका पनि हो । संसर्गको बेलामा यिनीहरुले यस्ता चिन्हहरु बढी छोड्ने गरेको पाइएको छ ।

## आहारा सम्बन्धी बानीबेहोरा

आफूभन्दा झण्डै तीन गुणा ठूलो (याक, चौरी, घोडा, गाई इत्यादि) घर पालुवा वा जंगली जनावरलाई यसले सजिलैसंग मारेर खान सक्छ । यसले वयस्क याक, चौरी र घोडालाई मार्न नसक्ने विश्वास गरिएतापनि नेपालका धेरै ठाउँहरुमा यस्ता घरपालुवा वस्तुहरुलाई मारेको पुष्टि भएको छ । महिनामा दुईपटक (१०–१५ दिनको फरकमा) यसले ठूलो जनावरको शिकार गर्ने गरेको हुन्छ । आफूले मारेको शिकारसित औसत २–७ दिनसम्म बस्ने गरेको भेटिएको छ । यसले आफ्नो शिकारलाई बिस्तारै खान्छ तर मानिस वा अन्य कुनैबाट धेरै बाधा आएको खण्डमा सो शिकारलाई छोड्न

पनि सक्छ । यसले परिस्थिति र अवसर हेरेर शिकार गर्ने गरेको पाइन्छ त्यसकारण यसलाई अवसरवादी परभक्षी प्राणी पनि भनिन्छ ।

प्रायः मार्न सजिलो हुने भएकोले यसले प्राकृतिक आहाराको सट्टा घरपालुवा भेडा–बाख्रा, कुकुर र गाईवस्तुहरुलाई पनि मारेर खाने गरेको पाइन्छ । आफूलाई भोक नलागेर होला नाउर र झारल चर्दै वा आराम गरिरहेको झुण्डको २०–२५ मिटर नजिक पुगेर पनि तिनलाई मार्ने प्रयास नगरेका घटनाहरु लांगु उपत्यकामा देखिएको छ ।

## शिकार गर्ने तरीकाहरू

हिउँ चितुवा आफ्नो आहारा, विशेषात ठूलो शरीर भएका जन्तुहरुलाई, लुकीछिपी मार्ने गर्दछ । नाउर, झारल वा अन्य जन्तुहरु झुण्डमा वा एक्लै टाढाबाट देखेको खण्डमा हिउँ चितुवा चाल नपाउँने गरी बिस्तारै उनीहरुको नजिक पुग्ने कोसिश गर्दछ । उसले चारवटै खुट्टाहरु जमिनमा यसरी टेकेको हुन्छ कि उसको छातीले समेत जमिनलाई छोएको हुन्छ । पुच्छरलाई अलिकति मात्र ठाडो पारेर बिस्तारै हल्लाउँदै गरेको हुन्छ । यसले ४५ मिनेटसम्म चालमारेर हिंडेर शिकार गरेको घटना पनि देखिएको छ । आफूले मार्न खोजेको जन्तुको धेरै नजिक पुगेपछि मात्र एक्कासी झम्टेर समात्न पुग्छ । यसले सो जन्तुको घाँटीमा तीखा दाँतहरु गाड्छ फलस्वरूप सास फेर्न नपाएर सो जन्तु मर्छ । हिउँ चितुवाको आक्रमणको शिकार भएको जन्तुको गर्दनको हड्डी पनि भाँच्चिएको भेटिएको छ । हिउँ चितुवाले यसरी आफ्नो आहारलाई मार्छ । कहिलेकाँही यस्तो पनि देखिएको छ, हिउँ चितुवा आफ्नो आहाराको जन्तुहरु नजिक पुगेर कुरेर बस्छ र जब जन्तुहरु चर्दै उसको धेरै नजिक आई पुग्छन् उसले एक्कासी झम्टेर आक्रमण गर्छ । लांगु उपत्यकामा पोथी र भाले मिलेर झारलको शिकार गरेको पनि देखिएको थियो । यस घटनामा एउटाले अगाडि गएर झारललाई कुरेर बस्ने र अर्कोले पछिल्तिरबाट झुण्डलाई लखेट्दै उसकहाँ पठाउँने गरेको देखियो । तर शिकारको यो प्रयासमा एउटा पनि झारल भने मार्न सकेको थिएन । जोडीमा मिलेर शिकार गरेको तथा मारिएको वन्यजन्तुलाई मिलेर खाएको अन्यत्र पनि देखिएको छ ।

साधारणतया आफूले मारेको जन्तुको छातीनिर, पेटको तल्लोभाग वा तिघ्राबाट खान शुरू गरेको पाइएको छ । आन्द्रा–भुँडीलाई खाने गरेको पाईंदैन । साधारणतया सिनोको नजिकै आराम गर्ने गरेको पाइएको छ, ता कि गिद्ध, काग, लाम्पुच्छे चरा तथा अन्य सिनो खाने जन्तुहरुले त्यसलाई खान नपाउन् । कहिलेकाहीँ यी जन्तुहरु सिनो खान आएका बेला हिउँ चितुवाले उनीहरुलाई लखेट्ने गरेको पनि भेटिएको छ ।

## विचरण गतिविधि र बासस्थान क्षेत्रको दायरा

हिउँ चितुवाहरु राति हिंडडुल गर्ने जन्तु भए तापनि आवश्यकता परेको खण्डमा वा कुनै शान्त ठाउँमा दिउँसोतिर पनि सक्रिय भएको पाइएको छ । यिनीहरुले दिउँसो पनि शिकार गर्दै गरेको धेरैले देखेका छन् । नेपालमा पनि लांगु उपत्यका, लाङ्गटाङ्ग उपत्यका र कञ्चनजङ्गाको लोनाक क्षेत्रमा यस्ता घटनाहरु देखिएका छन् (हेर्नुहोस् परिशिष्ट १, २, ३) । यिनीहरु सूर्योदय अघि र सूर्यास्त पछि बढी सक्रिय हुन्छन् । प्रायः सानो लगभग एक वर्ग कि.मी. वा त्यो भन्दा पनि कम क्षेत्रफल भएको क्षेत्रमा लामो समयसम्म रहने गर्छन् । यिनीहरु एक दिनमा ९ कि.मी. सम्म हिंड्ने गरेको भेटिएको छ भने अति विकट भू–भाग भएको क्षेत्रमा सोभन्दा कम एक कि.मी. मात्र हिंडेको पनि पाइएको छ ।

हिउँ चितुवाको बासस्थान क्षेत्रको दायरा उसको आहारको प्रचुरता र बासस्थानको प्रकृतिमा निर्भर भएको पाइन्छ । अतः यसको बासस्थान क्षेत्रको दायरा १२ देखि ३९ वर्ग कि.मी. सम्म फैलिएको पाइएको छ । लांगु उपत्यकामा अध्ययन गरिएका पाँचवटा हिउँ चितुवाहरु १.९ देखि ३.५ कि.मी. सम्मका दूरीमा रहने गरेका भेट्टाइएका थिए ।

## प्रजनन बानी ब्यहोरा

पुसदेखि चैत महिनाको अन्त्यसम्म हिउँ चितुवाको भाले–पोथीले समागम गर्छन् । अरू बेला भन्दा समागमको समयमा यिनीहरुले बढी चर्को आवाज निकालेर कराउँने गर्छन् । यस्तो अवस्थामा यिनीहरु जमिन खोस्रिनुका साथै मलमूत्रले आफ्नो क्षेत्र निर्धारण गर्ने कार्य बढी गर्छन् । पोथीले २–१२

दिनसम्म समागममा इच्छा देखाएको पाइएको छ । डा. श्यालरले न्युयोर्क जुलोजी पार्कमा साढेदुईघण्टामा हिउँ चितुवाको भाले पोथीले २२ पटक घर बिरालोको जस्तै गरेर समागम गरेको र यस क्रममा पोथीले पाँच पटक जमीनमा लडीबुडी खेलेको बताएका छन् । गर्भावस्थाको समय ९०–१०३ दिनसम्मको हुन्छ । वसन्त ऋतुको अन्त्यतिर वा ग्रीष्मकालको शुरुतिर बच्चाहरु जन्मिन्छन् । साधारणतयाः एक पल्टमा २ देखि ३ वटासम्म बच्चाहरु जन्मन्छन्, तर ७ वटासम्म बच्चाहरु जन्माएको उदाहरण पनि भेटिएको छ ।

जन्मिएको बेला ५०० देखि ६५० ग्रामसम्म वजन भएका बच्चाहरुको आँखा खुलेको हुँदैन । चिडियाखानामा बच्चाहरुको सातआठ दिनमा आँखा खुलेको भेट्टाइएको छ । जन्मेको तीन दिनमा बामेसर्ने तथा एघारौं दिनमा बस्न र उभिन सक्ने हुन्छन् । पहिलो दाँत जन्मेको १७ देखि २३ दिनभित्र आउँछ । जन्मेको पाँच–छ हप्तामा हिंडडुल गर्न सक्ने हुन्छन् । शुरूको ४ देखि ६ हप्ता– सम्म बच्चाहरुलाई अरू प्राणीको पहुँचभन्दा बाहिर भएको स्थानहरु वा सजिलै नदेखिने गुफाहरुमा राख्ने गर्छन् । शुरूका १० दिन आहाराको खोजीमा जाँदा पनि बच्चालाई दूध खुवाउन तिनकी आमा समय–समयमा बच्चाहरु कहाँ आउने गर्छे । बच्चाहरु लगभग २ वर्षको उमेरसम्म आमासँगै रहन्छन् र त्यसपछि आमालाई छोडेर आफैं स्वतन्त्र जीवन बिताउँन थाल्छन् । यिनीहरुमा यौन परिपक्वता २ देखि ३ वर्षमा आउँछ । प्राकृतिक अवस्थामा हिउँ चितुवा १२ वर्ष– सम्म बाँच्ने अनुमान गरिएको छ । चिडियाखानामा १७ देखि १९ वर्षसम्म बाँचेका उदाहरण पाइन्छन् ।

## अन्य बानी ब्यहोराहरू

हिउँ चितुवाहरु लडाई गर्दा अगाडिका पञ्जाहरुको प्रयोग गर्छन् भने जमिनलाई खोस्रिंदा पछाडिको पञ्जाहरुको प्रयोग गर्छन् । कहिलेकाँही एउटा हिउँ चितुवा धेरै भेडा बाख्री भएको गोठभित्र रातिको समयमा पस्छ र धेरै संख्यामा (५० भन्दा बढी पनि मारेको भेटिएको छ) भेडा बाख्रीहरु मारेर छोडेर जान्छ तर तिनीहरुको मासु भने खाएको हुँदैन ।

यसलाई मल्टिपल वा सरप्लस किलिङ भनिन्छ । यसको खास कारण थाहा नभएको भए तापनि भ्रममा परेर वा अलमल्ल परेपछि यस्तो गरेको हुन सक्ने अनुमान गरिएको छ । हिउँ चितुवाले मानिसलाई मारेर खाने गरेको अहिलेसम्म भेटिएको छैन, तर बाध्यतावश आक्रमण गरेका घटनाहरु भने धेरै पाइएका छन् ।

## हिउँ चितुवाको मृत्युका कारणहरू

हिउँ चितुवाहरुको मृत्यु प्राकृतिकभन्दा पनि अप्राकृतिक तरिकाबाट बढी हुने पाइएको छ । विभिन्न कारणवस मानिसद्धारा मारिनु नै यसको मृत्युको प्रमुख कारण मानिएको छ । रोग, कुपोषण र धेरै बूढो भएका कारण पनि यिनको मृत्यु हुन्छ । बच्चालाई मानिसले लिएर जाँदा वा माउबाट कुनै कारणवस त्यागिएको वा अलपत्र परेको अवस्थामा बच्चाहरुको मृत्यु हुने गर्छ । प्राकृतिक अवस्थामा हिउँ चितुवाका बच्चाहरुको बाँच्ने दर कम भएको पाइएको छ । भाले–भाले बीचको वा भालेपोथी बीचको वा पोथी–पोथी बीचको विभिन्न कारणवस हुने लडाईका कारणले पनि मृत्यु भएका घटनाहरु भेटिएका छन् । प्रकृतिमा ब्वाँसोले मात्र यसको शिकार गर्ने गरेको पाइएको भए तापनि चितुवा र हिउँ चितुवा एउटै क्षेत्रमा भएको खण्डमा चितुवाले यसलाई मार्न सक्छ । चितुवाले हिउँ चितुवालाई मारेको शंका गरिएको एउटा घटना आजभन्दा १०–१२ वर्ष अघि मनास्लु क्षेत्रमा घटेको थियो ।

## कुनै क्षेत्रमा हिउँ चितुवा भए नभएको  कसरी थाहा पाउने ?

कुनै हिमाली क्षेत्रमा हिउँ चितुवा भएको थाहा पाउँनलाई सर्वप्रथम हिउँ चितुवा सम्बन्धी राम्रो जानकारी भएको विशेषज्ञसंग सोधेर निक्यौंल गर्नु बेस हुन्छ । उसले सम्भावना देखायो भने त्यसपछि सो स्थान नजिकका गाउँहरुमा जानु पर्छ र स्थानीय गाउँलेहरुलाई सोध्नुपर्छ । यदि उनीहरुले पनि हिउँ चितुवा भएको पुस्टि गर्छन् भने सो हिउँ चितुवा पाइने भनिएका क्षेत्रको भ्रमण गर्नुपर्छ र तल उल्लेखित यी कुराहरुलाई खोज्नु पर्छ ।

(क) हिउँ चितुवाको प्रमुख आहारा मानिएको नाउर वा झारलको उपस्थिति

छ वा छैन ।

(ख) हिउँ चितुवाको पाइलाहरु, दिसा, नंग्राले खोस्रेको ठाउँ, पिसाब र गन्ध छर्केको जस्ता चिन्हरु भीरको पिंध, पहाडका धुरा, वन्यजन्तु हिड्ने बाटो, नदीको दोभान वा नदीसंगै गइरहेको बाटो, ठूला-ठूला ढुङ्गाका पींध र उसले हिड्डुल गर्ने सम्भावना भएका स्थानहरुमा हेर्नुपर्छ ।

(ग) गाउँलेहरुले यदि हालसालै हिउँ चितुवाले मारेको घरपालुवा वा वन्यजन्तुको जानकारी दिन्छन् भने तिनका अवशेषहरु हेरी पहिचानका लागि अध्ययन गर्नु पर्छ ।

## हिउँ चितुवालाई चिन्ने तरिकाहरु

आजभन्दा २० वर्ष अगाडिसम्म पनि पदचिन्हहरुका माध्यमबाट कुनै क्षेत्रमा विचरण गर्ने प्रत्येक हिउँ चितुवालाई चिन्ने कार्य गरिन्थ्यो । पदचिन्हहरुको नाप लिएर, र पदचिन्हमा देखिएको कुनै विशेष चिन्हलाई ध्यानमा राखेर सो क्षेत्रमा कतिवटा हिउँ चितुवाहरु छन् भन्ने कुरा पत्ता लगाइन्थ्यो । धेरैजसो स्थानहरुमा पदचिन्हहरु नभेटिने भएकाले यो कार्य निक्कै कठिन हुन्थ्यो । हिउँ चितुवाका पदचिन्ह र उसले खोस्रेको पिसाब गरेको, घस्रेर रौंहरु छोडेको इत्यादि जस्ता संकेतहरुको माध्यमबाट सो क्षेत्रमा हिउँ चितुवाको प्रचुरता अर्थात् उनीहरु सो क्षेत्रमा कति छन् भन्ने कुराको मात्र संकेत पाउँन सकिन्छ ।

आजभोलि कुनै क्षेत्रमा हिउँ चितुवाको संख्या पहिचान गर्नका लागि दुईवटा विधिहरु अपनाउने गरिन्छ, ती हुन् उसको विष्ठा संकलन गरेर र त्यसपछि त्यसको विश्लेषण गरेर तथा स्वचालित क्यामेराहरुको मद्धतबाट तिनीहरुको तस्बिर लिएर ।

कुनै क्षेत्रका विभिन्न स्थानहरुबाट हिउँ चितुवाको विष्ठाको संकलन गरिन्छ । ती विष्ठामा पाइएका सेलहरुको क्रोमोजोममा भएको डीएनएको अध्ययन प्रयोगशालामा गरिन्छ । ती सेलहरु एउटै हिउँ चितुवाका हुन् वा बेग्ला-बेग्लै जनावरका हुन् त्यो पत्ता लगाइन्छ । यसरी बेग्ला-

बेग्लै भेटिएका हिउँ चितुवाको गन्ती गर्दा सो क्षेत्रमा जम्मा कतिवटा हिउँ चितुवाहरु छन् भन्ने कुरा थाहा हुन्छ ।

हिउँ चितुवाको बासस्थानका विभिन्न क्षेत्रहरुमा स्वचालित क्यामेराहरु राखिन्छ । ती क्यामेराहरुले फोटो लिने परिधिभित्र आएका हिउँ चितुवाहरुको फोटो लिन्छन् । यसरी विभिन्न स्थानहरुमा राखिएका क्यामेराहरुले लिएका हिउँ चितुवाहरुको तस्बिरको तुलनात्मक अध्ययन गरिन्छ । यसबाट ती तस्बिरहरु एउटै हिउँ चितुवाका हुन् वा बेग्ला-बेग्लै भन्ने कुरा पत्ता लगाइन्छ । बेग्ला-बेग्लै हिउँ चितुवाका हुन् भने तिनको गन्तीबाट सो क्षेत्रमा बसोबास गर्ने हिउँ चितुवाको सम्पूर्ण संख्या पत्ता लाग्छ । प्रत्येक हिउँ चितुवाको निधार, खुट्टाहरुको तल्लो भाग तथा पुच्छरमा भएका गाढा रङ्गका बुट्टाहरु फरक-फरक हुने भएकाले, एउटालाई अर्कोबाट छुट्याउँन तस्बिरमा देखिएका यी बुट्टाहरुको तुलनात्मक अध्ययनबाट सकिन्छ ।

## प्रमुख तथा संभाव्य आहारा प्रजातिहरु

भारतको लद्धाखमा हिउँ चितुवा “भुरलहे” अर्थात भारल (नाउर) मार्ने जन्तुको नामबाट पनि परिचित छ । नेपालमा नाउर र झारल हिउँ चितुवाका प्रमुख आहारा प्रजातिहरु हुन् । वास्तवमा भन्ने हो भने यी दुईवटै खुर भएका घाँस खाने स्तनधारीहरु जहाँ पाइन्छन् हिउँ चितुवाको फैलावट पनि त्यही क्षेत्रमा भएको पाइन्छ । अर्को शब्दमा भन्ने हो भने नाउर र झारल पाइने हिमाली भेगहरुमा हिउँ चितुवा पाइने सम्भावना धेरै बढी हुन्छ ।

नेपालका नाउर पाइने क्षेत्रमा यसको आहारामा ५०% नाउर नै भेटिएको छ । यसले पोथीभन्दा भाले नाउरलाई बढी मार्ने गरेको पाइन्छ र यसो हुनुमा भालेहरु बढी लापरवाह हुने र पोथीको दाँजोमा कम दगुर्न सक्ने हुनसक्छ । यसले वर्ष भरिमा २० देखि ३० वटासम्म नाउर खाने गरेको अनुमान गरिन्छ । अतः एउटा हिउँ चितुवालाई जीवनभरि १५० देखि २३० सम्म नाउरहरु चाहिने विश्वास गरिन्छ । सगरमाथा राष्ट्रिय निकुञ्जमा यसले झारलका वयस्कभन्दा बच्चाहरुलाई बढी खाएको भेटिएको छ । यसले स्तनधारी वन्यजन्तुमा घोरल, नायन, कियांग, कस्तूरी मृग, बँदेल,

फ्याउमुसा, खरायो, ठुटेखरायो र मुसाहरु खाने गरेको हुन्छ भने पन्छीहरुमा डाँफे, मुनाल, तिब्बती र हिमाली हिउँकुखुरा, चिलिमे र च्याखुरा यसका आहारा हुन् । याक, चौरीगाई, घोडा, खच्चर, गधा, गाइगोरु, भेडाबाख्रा, र कुकुर जस्ता घरपालुवा जनावर पनि यसका आहारा हुन् । वयस्क हिउँ चितुवाले २०० कि.ग्रा. भएको याक र १५० कि.ग्रा. वजन भएको गोरुमारेको पुष्टि भएको छ । भारतको हेमिज राष्ट्रिय निकुन्जमा एउटा हिउँ चितुवाले वर्ष भरिमा ५ वटा नाउर, ९ वटा खरायो, २५ वटा फ्याउमुसा, ५ वटा बाख्री, एउटा भेडो र १५वटा चराहरु मारेर खाएको पाइएको छ ।

यसले वयस्क कियांग, टाकिन र जंगली याकलाई मात्र मार्न सक्दैन भनिन्छ । अवसर पाएको खण्डमा अन्य वन्यजन्तुले मारेको वा आफैं मरेको जन्तुको सिनो पनि खाने गरेको पाइन्छ । ढोलखा जिल्लाको लप्चीगाउँमा आफैं मरेको याकको मासु हिउँ चितुवाले खाएको डा. श्यालरले उल्लेख गरेका छन् । एउटा अध्ययनले यसलाई एक दिनमा डेढ कि.ग्रा.का दरले वर्षभरिमा ५४८ कि.ग्रा. मासु चाहिने देखाएको छ । कारण थाहा नपाइए तापनि भालेपोथीले संसर्ग गर्ने प्रमुख महिनाहरु माघ र फागुनमा, यसले घाँस पनि खाने गरेको पाइन्छ ।

## हिउँ चितुवा संरक्षण गर्नुको महत्व

नेपालमा हिउँ चितुवा उच्च पहाडी भेकको स्वस्थ वातावरणको सूचक हो । यदि कुनै उच्च हिमाली क्षेत्रमा हिउँ चितुवाहरुको राम्रो उपस्थिति छ भने त्यहाँ उसले मारेर खाने गरेको नाउर, झारल, घोरल, कस्तूरी मृग, डाँफे, च्याखुरा इत्यादि जस्ता वन्यजन्तुहरुको पनि राम्रो उपस्थिति छ भन्ने कुरा जनाउँछ । यी हिउँ चितुवाका आहारा हुने वन्यजन्तुहरु पनि वनस्पति खाने भएकोले त्यहाँ उनीहरुका लागि विभिन्न प्रकारका वनस्पतिहरु प्रसस्त भएको पनि पुष्टि हुन्छ । अर्को शब्दमा भन्ने हो भने हिउँ चितुवा कुनै क्षेत्रमा हुनुको मतलब त्यहाँ प्रसस्त वन्यजन्तु र वनस्पतिहरु छन् भन्ने कुरा प्रष्ट हुन्छ । अतः यदि हिउँ चितुवाको मात्र संरक्षण गरियो भने स्वतः अन्य वन्यजन्तु र वनस्पति सम्पूर्ण जैविक विविधताको संरक्षण हुने

भएकोले यस सुन्दर वन्यजन्तुको संरक्षणको धेरै ठूलो महत्व छ ।

## हिउँ चितुवालाई किन जोगाउँने ?

विभिन्न कारणबस नेपालमा हिउँ चितुवाको संख्या घट्दै गइरहेको थियो । यदि त्यो घट्ने क्रम यथावत रहेको खण्डमा केही वर्षभित्र हिउँ चितुवा नेपालबाट नै लोप हुन सक्दथ्यो । नेपालका उच्च भू-भागमा हिउँ चितुवा पाइने भए तापनि कुनै पनि एउटा क्षेत्रमा यसको न्यूनतम संभाव्य संख्या अर्थात् १०० भन्दा बढी पाइएको छैन । न्यूनतम संभाव्य संख्या अर्थात् १०० भन्दा कम कुनै एक क्षेत्रमा भएको वन्यजन्तुको राम्रो संग हेरचाह गरेर संरक्षण गरिएन भने केही वर्षमा त्यो प्रजातिको उक्त ठाउँबाट लोप हुने धेरै सम्भावना हुन्छ । त्यसकारण नेपालमा हिउँ चितुवालाई जोगाएर तिनको संख्या वृद्धि गर्नु नितान्त आवश्यक छ । यसबाहेक यिनको संरक्षण गर्नुमा ऐतिहासिक, सांस्कृतिक, धार्मिक, आर्थिक र पारिस्थितिकीय प्रणाली र वातावरणसंग सम्बन्धित कारणहरु पनि छन् ।

## सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्व

हिउँ चितुवाको आखेटोपहारको प्रयोगमा कानूनले बन्देज लगाउनुभन्दा अघि स्थानीय बासिन्दाहरुको गाउँको गोम्पामा हिउँ चितुवाको खप्पर, छाला, नंग्रा जस्ता अङ्गहरु विभिन्न अन्धविश्वासका कारण राख्ने गरेको पाइन्छ । माथिल्लो मुस्ताङमा हिउँ चितुवाको छाला वा अन्य कुनै अङ्गलाई घर भित्र राखेको खण्डमा अपशकुन मानिने हुँदा यस्ता वस्तुहरु गोम्पामा मात्र राख्ने गरेको पाइन्छ ।

### संरक्षणको संस्कृति

हिमाली भेकको समाज परापूर्वकालदेखि प्रकृतिसंग मिलेर बसेको पाइन्छ । प्रकृतिलाई जोगाउँने किसिमका धेरै रणनीतिहरु यहाँका वासिन्दाहरुले सधैं प्रयोगमा ल्याएका हुन्छन्, जसमध्ये धर्म र संस्कृतिको माध्यमबाट प्राकृतिक श्रोतहरुको संरक्षण गर्ने परिपाटी पनि प्रचलित भएको पाइन्छ । यस परिप्रेक्ष्यमा कञ्चनजङ्घा संरक्षण क्षेत्र अन्तर्गत

पर्ने याङ्मा गाँउका बासिन्दाहरुमा व्याप्त विश्वासलाई लिन सकिन्छ, जुन सुन्दा विश्वास नलाग्ने भएको भएतापनि यसले वन्यजन्तुको संरक्षणमा धेरै ठूलो मद्धत पुऱ्याएको छ जुन कुरा आधुनिक विज्ञानको प्रयोग गरेर पनि गर्न सकिएको हुँदैन ।

याङ्माका स्थानीय वासिन्दाहरुको भनाई अनुसार हिउँ चितुवा तिनीहरुको देवता लाप्चे गोम्बुको कुकुर हो । त्यसकारण हिउँ चितुवालाई मार्नु भनेको लाप्चे गोम्बुलाई क्रोधित बनाउँनु हो र यसले अन्त्यमा सो गाउँमा प्राकृतिक प्रकोप ल्याउँछ । यहाँ हिउँ चितुवालाई मार्ने र अन्य नोक्सानी पुऱ्याउँने कार्य गरिंदैन, फलस्वरूप यस क्षेत्रमा सम्पूर्ण कञ्चनजङ्घा क्षेत्रका अन्य स्थानहरुको दाँजामो हिउँ चितुवा र त्यसको प्रमुख आहारा मानिएको नाउरको संख्या तथा घनत्व धेरै बढी भेट्टाइएको छ ।

सगरमाथा क्षेत्रतिर हिउँ चितुवालाई पहाडको देवताका रूपमा हेरिन्छ । गाउँलेहरुले कुनै ठूलो गल्ती गरेका कारण यो पहाडको देवता रिसाउँछ र घरपालुवा पशुहरुलाई खाने गर्छ भन्ने विश्वास गरिन्छ ।

कुनै बेला मनाङतिर कसैले हिउँ चितुवा मारेको खण्डमा त्यसलाई बोकेर टाढा–टाढाका गाउँसम्ममा लगेर घर–घर घुमाइन्थ्यो र घरका व्यक्तिले मार्नेलाई पैसा वा अन्य उपहार दिएर पठाउँने चलन थियो । यसो गर्नुको कारण हिउँ चितुवालाई मारेर उसले गाउँका याक, चौरीगाई जस्ता वस्तुहरुलाई जोगाएको मानिन्थ्यो । मुगु जिल्लाको लांगु उपत्यकामा लामाहरुले कुनै पनि जीव जन्तुलाई मार्नु ठूलो पाप ठान्छन् र मार्दैनन् । तर हिउँ चितुवालाई मार्न पाएको खण्डमा धर्म हुने विश्वास गरेका हुन्छन् । एउटा चितुवालाई मार्‍यो भने उसले आफ्नो आहाराको लागि मार्ने गरेका कैयौं वन्यजन्तुहरुको जीवन बाँच्दछ भनेर विश्वास गरेर नै यस्तो कार्यलाई धर्म हुने मानिएको हो ।

## प्रकृतिमा खाद्यचक्र सन्तुलन राख्ने भूमिका

हिउँ चितुवाले आफ्नो आहारा बनाएर नाउर, झारल, घोरल, ठुटेखरायो,

फ्याउमुसा जस्ता वन्यजन्तुहरुको संख्यालाई प्राकृतिक रूपमा नियन्त्रण र सन्तुलन गरेर राखेको हुन्छ । यी हिउँ चितुवाको आहारा हुने वन्यजन्तुहरुको संख्या चाहिनेभन्दा बढी भएको खण्डमा तिनले स्थानीय वनस्पति र खेतमा लगाएको अन्नलाई खाएर ठूलो हानि नोक्सानी गर्न सक्छन् । यस बाहेक स्थानको अभाव भएर आपसमै जुधेर, सरूवा रोग लागेर, खाद्य पदार्थको कमी भएर पनि मर्छन् । बाँचेकाहरु पनि खाद्यान्नको कमी जस्ता समस्याले ग्रसित भएर कमजोर हुन जान्छन् । अतः हिउँ चितुवाले यस्ता वन्यजन्तुहरुको संख्यालाई चाहिनेभन्दा बढ्न नदिएर तन्दुरूस्त, स्वस्थ राख्ने कार्य पनि गरेको हुन्छ ।

लांगु उपत्यकामा आजभन्दा २०–२५ वर्ष पहिले नाउरले अन्नबालीलाई नोक्सानी पुऱ्याएको कहिले पनि सुनिएको थिएन । तर चोरी शिकारीका कारण गाउँ नजिक बसोबास गर्ने हिउँ चितुवाहरु मारिएकोले आज भोलि नाउरको संख्या धेरै बढेको र तिनले गाउँ नजिकका बारीमा आएर ठूलो नोक्सान गर्ने कुरा गाउँलेहरुबाट सुनिएको छ ।

## पर्या-पर्यटनमा हिउँ चितुवाको महत्व

हिउँ चितुवालाई जोगाउँन उसको बासस्थान, आहारा इत्यादि पनि जोगाउँनु पर्ने भएकोले हिउँ चितुवा भएका स्थानहरु जैविक विविधताले भरिपूर्ण हुन्छन् । नेपालको उच्च हिमाली भेगको जैविक विविधताको अवलोकन गर्न पनि साधारणदेखि जैविक विविधताको विभिन्न विधासँग सम्बन्धित पर्यटकहरु यस्ता स्थानहरुको भ्रमण गर्ने गरेका हुन्छन् । हिउँ चितुवा, नाउर, झारल इत्यादि जस्ता वन्यजन्तुहरुलाई हेर्न पाएमा पर्यटकहरु अत्यन्तै रमाउँने गर्छन् । यसरी खुशी भएर फर्केका पर्यटकहरु नेपालमा पर्यटकको संख्या बढाउँनमा पर्यटनका राजदूतझैं भूमिका खेल्न सक्छन् । यिनीहरु सम्बन्धी अध्ययन अनुसन्धान गर्न स्वदेशी र विदेशी विद्यार्थी र वैज्ञानिकहरु पनि पर्यटकको रूपमा छोटो वा लामो समयका लागि हिउँ चितुवा पाइने स्थानमा आउँछन् । पर्यटकहरुको आगमनले गर्दा स्थानीय वासिन्दाहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अन्य फाइदा पनि लिन पाउने गरेका हुन्छन् ।

## जीविकोपार्जनमा टेवा

स्थानीय बासिन्दाहरुको जीविकोपार्जनलाई मध्य नजर गरेर हेर्ने हो भने हिउँ चितुवा भएको संरक्षित क्षेत्रभित्रको हुने गरेको आम्दानीबाट स्थानीयले विभिन्न प्रकारका फाइदा लिन सकेका छन् । यस्ता संरक्षित क्षेत्रबाट हुने गरेको आम्दानीको ३५ देखि ५0% स्थानीयवासीहरुको विकासका लागि खर्च गर्ने गरिएको छ । यस बाहेक सो हिउँ चितुवा पाइने क्षेत्रमा पर्या–पर्यटन बढ्ने भएकोले स्थानीवासीहरुले पथप्रदर्शक, भरिया, होमस्टे, होटेल, स्थानीय खेतीजन्य तथा हस्तकला सम्बन्धित उत्पादनको बिक्री गरेर आय आर्जन गर्न सक्छन् । त्यस ठाउँमा पर्या–पर्यटन विकासका लगि सम्बन्धित निकायहरुले सडक, पुल, अस्पताल, विद्यालय, खानेपानी इत्यादि जस्ता अत्यावश्यक भौतिक पूर्वाधारहरुको निर्माण गर्छन् ।

विदेशी पर्यटक मात्र नभएर स्वदेशका विद्यार्थी, वैज्ञानिकहरु पनि विभिन्न अध्ययन अनुसन्धान गर्न हिउँ चितुवा भएको स्थानको भ्रमण गर्छन् र तिनीहरुबाट पनि स्थानीय जीविकोपार्जनमा टेवा पुग्दछ ।

## हिउँ चितुवाको संरक्षणका लागि नेपालमा लागू गरिएका नीतिहरु

हिउँ चितुवा पाइने उच्च पहाडी भेगमा १0 वटा संरक्षित क्षेत्रहरु (जसमध्ये ४ वटा राष्ट्रिय निकुञ्ज, ५ वटा संरक्षण क्षेत्र र एउटा शिकार आरक्ष) को स्थापना गरेर नेपाल सरकारले यस दुर्लभ वन्यजन्तुको संरक्षणमा विशेष पहल गरेको प्रष्ट देखिन्छ ।

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ (१९७३) ले हिउँ चितुवालाई अनुसूची–१ म राखेर संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ । यसको शिकार गर्न निशेधित गरिएको छ । गैरकानूनी तरिकाले यसलाई मार्ने, घाइते बनाउँने, यसको आखेटोपहारको बेचबिखन गर्ने वा आखेटोपहार राख्ने, खरिद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई रू. ५0,000/ देखि रू. १00,000/ सम्मको जरिवाना वा ५ वर्षदेखि १५ वर्षसम्मको जेल सजाय वा दुबै प्रकारको सजायको भागिदार हुनुपर्ने हुन्छ । यस ऐनमा

समाबेश गरिएका कुनै पनि प्रजातिहरु र तिनको आखेटोपहारको बिक्री बितरण पनि गर्न पाईदैन ।

## साइटिस र आइ.यु.सी.एन.मा राखेका प्रावधानहरू

दुर्लभ वन्यजन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (साइटिस) ले यसलाई आफ्नो अनुसूची १ मा राखेर यसको आखेटोपहार र जीवित वा मृत अवस्थामा व्यापार गर्न पूर्ण प्रतिबन्ध लगाएको छ । त्यस्तै आइ.यु.सी.एन. को रेड डाटा बुकमा यसलाई संकटापन्न वर्गमा परेको भनी सूचीकृत गरिएको छ ।

## हिउँ चितुवा संरक्षण कार्य योजना २००५

नेपाल सरकारको वन तथा भू–संरक्षण मंत्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, डब्ल्यु डब्ल्यु एफको आर्थिक सहयोग र रेसोर्स हिमालय फाउण्डेशन तथा राष्ट्रिय प्रकृति संरक्षण कोषाको सहयोगमा हिउँ चितुवा संरक्षण कार्य योजना २००५ तयार गरेर प्रकाशित गरेको छ । यस कार्य योजनामा हिउँ चितुवाका विभिन्न पक्षहरुलाई समेटेर संक्षिप्त परिचय दिनुका साथै नेपालमा हिउँ चितुवाको संरक्षणका लागि कार्यान्वयन गर्नुपर्ने आठ वटा महत्वपूर्ण उद्धेश्यहरु र ती उद्धेश्यहरुसँग सम्बन्धित ४४ वटा विभिन्न कार्यक्रमहरु समाबेश गरिएका छन् ।

हिउँ चितुवा संरक्षण कार्य योजनामा मुख्यतः हिउँ चितुवाका विभिन्न पक्षहरुको विस्तृत रूपमा अध्ययन गर्न लगाउँने, बासस्थानको अवस्था पत्ता लगाउने, तिनीहरुलाई सुधार्ने, हिउँ चितुवा र मानिसका बीचमा हुने द्धन्द्धलाई हटाउने र हिउँ चितुवा संरक्षण सम्बन्धी जनचेतना जगाउँने जस्ता उद्धेश्यहरु समेटिएका छन् ।

## पुरस्कार र दण्डको व्यवस्था

नेपाल सरकारको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले हिउँ चितुवालाई हानि पुर्‍याउँने, मार्ने वा आखेटोपहारको अवैध व्यापार गर्ने व्यक्तिलाई रू. ५०,०००/ देखि रू. १००,०००/ सम्म जरिवाना वा

५ देखि १५ वर्षसम्म कैद वा दुबै सजाय हुन सक्ने प्रावधान छ । यस ऐनका अनुसार हिउँ चितुवालाई मार्ने वा घाईते पार्ने व्यक्तिको सुराक लगाई पक्राउ गराई दिने ब्यक्तिलाई ५०,०००/ रूपैयासम्म पुरस्कार दिन सकिने प्रावधान छ ।

हिउँ चितुवाको आखेटोपहार गैर कानुनी रूपमा राख्ने व्यक्तिको सुराकी लगाई पक्राउ गराई दिने वा पक्रने ब्यक्तिलाई १०,०००/ रूपियाँ सम्म पुरस्कार दिन सक्ने प्रावधान पनि यस ऐनमा विद्यमान छ । त्यसैगरी हिउँ चितुवा सम्बन्धी अपराधमा कसुरदारलाई जानी–जानी मद्धत गर्ने मतियारलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुने महत्वपूर्ण व्यवस्था पनि यस ऐनले गरेको छ ।

## राहत दिने योजना

वन्यजन्तुको आक्रमणबाट मानव शरीरलाई पुगेको क्षति वा मृत्यु नै भएको खण्डमा सम्बन्धितलाई राहत स्वरूप केही रकम उपलब्ध गराउने चलन नेपालका केही संरक्षित क्षेत्रहरुमा कार्यान्वयन गरिंदै आएको छ । यद्यपि वन्यजन्तुले गरेको नोक्सानीको दाँजोमा राहत स्वरूप पाइने पैसासंग दाँज्न नमिल्ने भए तापनि यस कार्यले वन्यजन्तु संरक्षणमा केही सहयोग पुग्न गएको कुरालाई नकार्न मिल्दैन । चितवन, बर्दिया राष्ट्रिय निकुञ्ज तथा अन्य संरक्षण क्षेत्रहरुमा जंगली हात्ती, गैंडा, पाटेबाघ जस्ता जनावरबाट भएको मानवक्षति बापत सम्बन्धितले राहत स्वरूप केही रकम पाउने गरेको पाइएको छ । हिउँ चितुवाको आक्रमणबाट मानव क्षति नहुने भए तापनि उसले मारेर खाने गरेका विभिन्न घरपालुवा चौपायाहरुको मृत्युबाट सम्बन्धित चौपायाको धनीले ठूलो क्षति बेहोर्नु परेको हुन्छ । यदि उसले राहत स्वरूप केही रकम पाउँछ भने त्यस कार्यले उसको बदला लिने भावनालाई परिवर्तन गर्न सक्छ भन्ने उद्धेश्यका साथ यो रकम उपलब्ध गराउँने कायक्रमको थालनी अन्नपूर्ण संरक्षण क्षेत्रको मनाङबाट शुरू गरिएको हो ।

## बिमा योजना

हिउँ चितुवाले घरपालुवा गाई वस्तुहरुलाई गर्ने गरेको क्षतिवापत बिमाद्धारा रकम उपलब्ध गराइने भारतको लद्धाखको प्रचलनले हिउँ चितुवाको संरक्षणमा सहयोग पुगेको कुरा धेरै अघि नै सुनिएको थियो । यस प्रकारको बिमा व्यवस्था पाकिस्तान, अफगानिस्तान जस्ता राष्ट्रहरुमा पनि प्रचलनमा ल्याइएको कुरा थाहा भएको छ । नेपालमा हिउँ चितुवा मार्नुको एउटा प्रमुख कारण उसले घरपालुवा गाईवस्तु मारेबापत बदला लिनु र भविष्यमा यस्ता घटनाहरु फेरि नदोहोरिउन् भन्ने नै हो । त्यसर्थ यदि बिमाको व्यवस्था गरेर गाउँलेहरुले राहत स्वरूप केही रकम पाउँछन् भने पक्कै पनि तिनीहरुले हिउँ चितुवाप्रति प्रतिशोधात्मक कार्य गर्दैनन् भन्ने विश्वास गर्न सकिन्छ ।

हिउँ चितुवा पाइने उच्च पहाडी भेकमा ढोले (वन कुकुर / फारा), स्याल, रातो फ्याउरो, ब्वाँसो र चितुवा जस्ता अन्य मांसाहारी जन्तुले पनि घरपालुवा जीव–जन्तुहरुलाई मारेर खाने गरेको हुँदा यिनले मारेको खण्डमा समेत बिमाको व्यवस्थाबाट राहत स्वरूप रकम उपलब्ध गराउँन सक्नु उपयुक्त हुन्छ । समग्रमा हिउँ चितुवा मात्र नभनीकन कुनै पनि वन्यजन्तुले घरका जीवजन्तुलाई गरेको क्षति वापत रकम उपलब्ध गराउँने बिमाको व्यवस्था भएमा हिउँ चितुवाले मारेको देखाएर बिमाको झूटा दावी गर्ने सम्भावना हुँदैन । यस व्यवस्थाबाट एउटा त अन्य मांसाहारी वन्यजन्तुले मारेको खण्डमा पनि गाउँलेले बिमा रकम पाउँने भए भने अर्को कारण घरपालुवा पशुलाई कुन वन्यजन्तुले मारेको भन्ने कुरा ठम्याउँने झन्झट पनि हुँदैन । यस्तो व्यवस्थाबाट हिउँ चितुवा बाहेक अन्य मांसाहारी जन्तुको पनि संरक्षणमा मद्धत पुग्छ किनभने यिनले पनि प्रकृतिमा ठूलो भूमिका खेलेको हुन्छन् ।

## बिमा र राहत योजना लागू गरिएका दुईवटा संरक्षित क्षेत्रहरु

### अन्नपूर्ण संरक्षण क्षेत्र

अन्नपूर्ण संरक्षण आयोजनाले मनाङ जिल्लाका ९ वटा गाविसहरुमा

पशु क्षतिपूर्ति राहत कोषका लागि अक्षय कोष नै राखिदिएको छ । प्रत्येक गाविसलाई शुरूमा १२५,000/ रूपियाँ राहत कोषका लागि सो आयोजनाले अनुदान दिएको थियो र त्यस पछि वर्षौपिच्छे ५0,000/ रूपियाँ त्यसमा थप गर्ने गरेको छ । हिउँ चितुवाले गाउँलेका याक-चौरीका बाछा-बाछीहरु (एक देखि तीन वर्षसम्मका), भेडा-बाख्री, खच्चर र घोडा मारेको खण्डमा सो अक्षय कोषबाट राहत स्वरूप पैसा पाउँछन् ।

यस कार्यक्रममा सहभागी हुनको लागि सम्बन्धित गाउँलेहरुले आफ्ना पशुहरुलाई तोकेको निकायमा दर्ता गराउँनु पर्ने हुन्छ । घरपालुवा पशुहरु दर्ता गराउँदा प्रत्येक याक-चौरीको बच्चाको रू. ५0/, घोडा र खच्चरको रू. १00/, भेडा-बाख्रीको रू. १0/ दस्तुर लिइने गरिन्छ । यस पछि दर्ता गरेको प्रत्येक पशुको गाउँ घरमा चलन-चल्तीको दर अनुसारको मूल्य कायम गरिन्छ । यसरी दर्ता गरिएका पशुलाई हिउँ चितुवाले मारेको खण्डमा राहत स्वरूप सो पशुको कायम गरिएको मूल्यको तालिका-४ अनुसारको पैसा दिने व्यवस्था गरिएको छ ।

**तालिका-४: हिउँ चितुवाले मारेका पशुको मूल्यको कायम गरिएको पाउने रकम**

| विवरण | पाउने रकम |
|---|---|
| याक-चौरीका बच्चाको | १0 देखि ४0% सम्म |
| भेडा-बाख्रीको | ४0% |
| घोडा र खच्चरको | १0% |

मनाङ जिल्लाका ती क्षेत्रहरुमा साधारणतया हिउँ चितुवाले वयस्क याक-चौरीलाई नमार्ने भएकाले तिनीहरुलाई यस राहत कार्यक्रमका अन्तर्गत समावेश गराएको छैन । दर्ता गरेको पशुलाई बिक्री गरेको खण्डमा किन्ने व्यक्तिले फेरि दर्ता गराउँन पर्ने प्रावधान राखिएको छ भने नयाँ जन्मिएका पशुहरुलाई पनि समय-समयमा दर्ता गराउँनु पर्ने हुन्छ । दर्ता नगरेका पशुहरुलाई हिउँ चितुवाले मारेको खण्डमा राहत स्वरूप रकम दिने गरेको छैन ।

स्थानीय गाउँलेहरुको घरपालुवा पशुहरुलाई हिउँ चितुवाले मारेको खण्डमा यस प्रकारको राहत उपलब्ध गराउँदा प्रतिशोधको भावनाले हिउँ चितुवालाई नोक्सानी पुर्‍याउँने परिपाटी निकै कम भएको भेट्टाइएको भए तापनि अन्धविश्वासका कारण सम्पूर्ण स्थानीय गाउँलेहरुलाई यस कार्यक्रममा सरिक गराउँन सकिएको छैन । अझ पनि केही गाउँलेहरुले आफ्ना पशुहरुलाई दर्ता गराउँन मानेका छैनन्, उनीहरुलाई आफ्ना पशुहरुलाई यो योजनामा सरिक गराएको खण्डमा अलच्छिन लाग्छ र मर्छन् भन्ने भ्रमको सिर्जना एक दुई वटा घटित भएका घटनाहरुबाट भएको पाइएको छ ।

## कञ्चनजङ्घा संरक्षण क्षेत्र

सन् २००५ देखि नै कञ्चनजङ्घा संरक्षण क्षेत्रमा डब्ल्यु डब्ल्यु एफ नेपालले स्थानीय समुदायमा आधारित घरपालुवा गाईवस्तुहरुको बिमा योजना शुरू गरेको छ । यसको मुख्य उद्धेश्य बदला लिने भावनाले हिउँ चितुवालाई मार्ने परिपाटीलाई नियन्त्रण गर्नु थियो । हिउँ चितुवा र ढोलेले (वन कुकुर) याक-चौरीलाई मारेको खण्डमा स्थानीय गोठालाहरुले तिनको सिनोमा विष मिसाउँने गरेकाले उपरोक्त मांसाहारीका साथै अन्य साना स्तनधारी मांसाहारी र सिनो खाने चराहरु समेत मर्ने गरेको पाइएको थियो । यसरी विषद्धारा मांसाहारी जन्तुलाई मार्ने प्रक्रिया स्वरूप लेलेप र ओलाङ्चुङ्गोला गाविसबाट ढोले लोप भइसकेको विश्वास गरिन्छ ।

डब्ल्यु डब्ल्यु एफ नेपालले, युनिवर्सिटी अफ ज्युरिच स्विट्जरल्याण्डबाट प्राप्त भएको ने.रू. १२,००,०००/ बाट यो पशु बिमा योजना शुरू गरेको थियो । योजनामा भाग लिनको लागि गाउँलेले प्रत्येक याक-चौरीको रू. ५५/ प्रतिवर्षाको हिसाबले रकम जम्मा गर्नुपर्छ । यदि यसरी बिमा गरिएको पशुलाई हिउँ चितुवाले मारेको अवस्थामा सो पशुको मालिकले रू. २५,००/ पाउँने प्रावधान राखिएको छ । सो पशु हिउँ चितुवाद्धारा नै मारिएको हो भन्ने कुरा स्थानीय रूपमा गठन भएको हिउँ चितुवा संरक्षण उपसमितिबाट प्रमाणीकरण गरिएको हुनुपर्छ । कञ्चनजङ्घा संरक्षण क्षेत्रका ४ वटा गाविसहरु मध्ये तीनवटा लेलेप, ओलाङ्चुङगोला र

याम्फुदिनमा यस प्रकारको पशु बिमा योजना लागू गरिएको छ । सो क्षेत्रमा गरिएको अध्ययन अनुसार यो बिमा योजना लागू भएपछि ४७% बिमाकर्ताले हिउँ चितुवाबाट र २२% बिमाकर्ताले ढोलेबाट तिनीहरुको याक–चौंरी (गाईवस्तु) हरु मारेको घटना बेहोरी सकेका छन् ।

यी तिनवटा गाविसमा कमसेकम ८०% गाउँलेहरुले आफ्ना घरपालुवा वस्तुहरुको बिमा गरेका छन् तर ६०% भन्दा कमले मात्र हिउँ चितुवा र ढोलेबाट भएको नोक्सानी वापत बिमा रकम पाएका छन् । यसको कारण के हो भने बिमा नगरिएका पशुहरुलाई पनि हिउँ चितुवा र ढोलेले यो अवधिमा मारेको थियो । समग्रमा भन्नु पर्दा त्यहाँ हिउँ चितुवाले मारेका ५५% पशुहरुको क्षतिपूर्ति वापत बिमा रकम उपलब्ध गराएको थियो । बाँकी ४५% हिउँ चितुवाले मारेका पशुहरुको बिमा नगरेको पाइयो । ढोले बाट याम्फुदिन क्षेत्रमा मात्र पशुहरुको नोक्सानी हुने गरेको पाइएको छ र हिउँ चितुवाले मारेको मात्र क्षतिपूर्ति दिने भनिएको भए तापनि ढोलेबाट मारिएका पशुहरुको पनि क्षतिपूर्ति दिइएको छ ।

## बिमा र राहत योजनाको सफलता र असफलता

केही साना तिना अपवाद बाहेक यी दुबै योजनालाई सफल भएको मान्नु पर्छ । मनाङमा राहतको रकम अन्नपूर्ण संरक्षण आयोजनाले बेहोर्ने भएकोले यदि समयमा नै अरू विकल्पको बारेमा सोचिएन भने केही समय पछि पैसाको समस्या पनि आउँन सक्छ । मनाङमा राहत योजनाको प्रमुख समस्या भनेको घरपालुवा गाईवस्तुलाई हिउँ चितुवाले मारेको हो भन्ने प्रमाणीकरण गर्नु नै हो भनिन्छ । कतिपय घटनाहरुमा आफ्नो कालगति वा हिउँ चितुवा बाहेक अन्य जंगली जनावर र अन्य दुर्घटनाबाट मरेका पशुहरुको पनि हिउँ चितुवाले नै मारेको हो भनेर पनि राहत रकम दिन बाध्य गराउँने गरेको सुनिन्छ ।

कञ्चनजङ्घामा बिमाको रकम थोरै रू. २५००/ मात्र भएको गुनासो सुनिएको छ । त्यहाँ बिमा गरिएका घरपालुवा वस्तुहरुको मूल्य रू. ४०००/ देखि रू. २५०००/ सम्म हुने भएको भए तापनि जुनसुकैलाई मारे पनि रू. २५००/ मात्र पाउनु अलि नमिल्ने कुरा भएको जनगुनासो छ । चरन

क्षेत्रहरु गाउँभन्दा टाढा–टाढा भएकाले हिउँ चितुवाले मारेका गाईवस्तुहरुको प्रमाणीकरण गर्नु, त्यो पनि स्थानीय हिउँ चितुवा संरक्षण उपसमितिका सदस्यहरुबाट मात्र गराउँनु पर्ने भएकोले विभिन्न व्यवहारिक समस्याहरु देखिन थालेका छन् । स्थानीयहरुको भनाई अनुसार यसका लागि छुट्टै समितिको व्यवस्था हुनुपर्ने देखिन्छ ।

समग्रमा भन्नुपर्दा राहत योजना र बिमाको व्यवस्थाले हिउँ चितुवाको संरक्षणमा मद्धत पुगेको र खास गरिकन बदला लिने प्रबृत्तिले हुने हिउँ चितुवाको अवैध शिकार कम भएको महशुश गरिएको छ । बिमा योजना अहिले जुन रूपमा कञ्चनजङ्घा संरक्षण क्षेत्रमा लागू गरिएको छ, यसले हिउँ चितुवाको संरक्षणमा टेवा पुर्‍याएको भए तापनि केही सुधार गर्नुपर्ने विशेषज्ञहरुको राय छ । यदि यस्तै अवस्थामा यस कार्यक्रमलाई क्रियाशील गर्ने हो भने कमै मानिसहरुले मात्र यसलाई मन पराउँने देखिन्छ र यसको उपलब्धि पनि चाहे अनुसार प्राप्त हुनेछ भन्न सकिदैन ।

हिउँ चितुवाका कारण मारिएका पशुहरुको राहत मनाङको जस्तो सोझै उपलब्ध गराउँने र कञ्चनजङ्घाको जस्तो बिमा गर्न लगाई उपलब्ध गराउँने मध्ये बिमाको योजना बढी दिगो रहने देखिन्छ । अतः हिउँ चितुवा भएको नेपालका सम्पूर्ण क्षेत्रमा कञ्चनजङ्घा संरक्षण क्षेत्रमा लागू गरिएको बिमा योजनालाई केही परिमार्जित गरेर लागू गरिएको खण्डमा हिउँ चितुवाको संरक्षणमा ठूलो मद्धत पुग्ने कुरामा कुनै शंका छैन ।

## नेपालमा हिउँ चितुवाको संरक्षणमा देखिएका प्रमुख खतराहरू

नेपालमा हिउँ चितुवाको संरक्षणमा धेरै चुनौतीहरु देखिएका छन् । यी चुनौतीहरुको यदि डटेर सामना गरिएन भने केही वर्षपछि देशबाट यो हिमाली क्षेत्रको पर्यावरणको सूचक जन्तु लोप नै भएर नजाला भन्न सकिने अवस्था छैन । यसको उचित संरक्षणका लागि सम्बन्धित क्षेत्र तथा व्यक्तिहरुको अथक प्रयासका बावजुद पनि दिन प्रतिदिन नयाँ चुनौतीहरु थपिदै गएका छन् । संरक्षित क्षेत्रभन्दा बाहिरको बासस्थानमा भएका हिउँ चितुवाहरु अझ बढी खतरामा परेका छन् । कतिपय हिउँ चितुवा भएका क्षेत्रहरु संरक्षित क्षेत्रभन्दा बाहिर भएकाले तिनीहरुको उचित

अभिलेखन गरिएको पाइदैन । समग्रमा भन्नुपर्दा हिउँ चितुवालाई नेपालमा निम्नलिखित मुख्य खतराहरु भएको देखिन्छ ।

### विभिन्न अङ्गहरूको लागि चोरी शिकार

पाटेबाघ र चितुवाका अङ्गहरु प्रयोग गरेझैं नेपालमा मानिसहरुले व्याप्त अन्धविश्वासका कारण हिउँ चितुवाका विभिन्न अङ्गहरु छाला, हड्डी, खप्पर, नंग्रा, जुँगा र बोसो जस्ता अङ्गहरुको प्रयोग गर्ने गरेको पाइन्छ, यसकारण यी अङ्गहरुको अवैध व्यापार पनि हुने गरेको पाइएको छ । केही वर्ष अघिसम्म वन्यजन्तु सम्बन्धी अवैध व्यापारमा लागेका व्यक्तिहरुले हिउँ चितुवाको छाला बिक्री गरेर पैसा कमाउँथे भने आजभोलि छालाभन्दा हड्डीहरुबाट बढी पैसा कमाउँने गरेको बुझिन्छ । छालाको प्रयोगमा अन्तर्राष्ट्रिय स्तरमा नै बन्देज लागेको कारणले गर्दा, यसबाट बनाइएका सामानहरु मानिसहरुले खुलेआम लगाएर हिंड्नु सम्भव छैन । तर हड्डीबाट बनेका औषधिहरु मानिसहरुले खाने गरेकाले यो कार्य गोप्य रूपमा भइरहेको पाइन्छ, त्यसैले हड्डीबाट बनाइएका औषधिको व्यापार रोक्न त्यतिको सजिलो छैन ।

हड्डीको प्रयोगबाट औषधि बनाउने कार्य नेपालमा भने हुँदैन तर हाम्रो छिमेकी मुलुक चीनमा परम्परागत औषधि उत्पादनमा बाघको हड्डीको प्रयोग भएको पाइन्छ । त्यस औषधिको प्रयोग चीन लगायत विश्वका थुप्रै धनी राष्ट्रका मानिसहरुले गर्दै आएको बुझिएको छ ।

हालका दिनहरुमा चितुवा र हिउँ चितुवाका हड्डीबाट बनाइएका औषधीले पाटेबाघको हड्डीबाट बनेका औषधिको जस्तै फाइदा दिन्छ भन्ने कुरामा विश्वास गरिए पछि हिउँ चितुवाको हड्डीको प्रयोग बढेको पाइन्छ । व्यापारीहरु हिउँ चितुवाको हड्डीको अवैध व्यापार गर्दा ती हड्डीहरु हिउँ चितुवाकै हुन् भनेर साबित गर्न हिउँ चितुवाको छाला पनि संगै लिएर हिड्छन् । यसकारण पनि आजभोलि हिउँ चितुवाको छाला र हड्डीको व्यापार बढी हुने गरेको पाइन्छ । पाटेबाघका हड्डीहरुको बढी महत्व हुने भएकोले, बाघको बच्चाको हड्डी भनेर पनि हिउँ चितुवाको हड्डीको अवैध व्यापार भएको पाइन्छ । कहिलेकाँही पाटेबाघका हड्डीहरुको वजन

बढाउँनका लागि हिउँ चितुवाका हड्डीहरु पनि मिसाइने गरेको पाइन्छ ।

हिउँ चितुवाको खप्पर मात्रै पनि मुगु जिल्लाबाट तिब्बतमा लगेर बिक्री गरिने गरिन्छ । तिब्बतमा कतिमा बिक्री गरिन्छ भन्ने कुरा थाहा नभएतापनि मुगु जिल्लाका शिकारीहरुले एउटा खप्परबाट ५,००० रूपैयाँसम्म कमाउँने गरेको बुझिएको छ । नंग्राहरु पाटेबाघको नंग्राहरुसंग मिसाएर बेच्ने गरिन्छ । हिउँ चितुवाको जुंगाका रौंहरुको प्रयोग स्थानीय स्तरमा गरिन्छ । रौंहरु खल्तीमा राखेर जुवा खेलेको खण्डमा जुवा जितिन्छ भन्ने अन्धविश्वास गरिन्छ भने अर्कोतिर जादु टोनामा पनि यिनको प्रयोग गर्ने गरेको पाइन्छ ।

हिउँ चितुवाको बोसो औषधिका रूपमा स्थानीय स्तरमा नै प्रयोग गरिन्छ । यसलाई पगालेर मालिस गरेको खण्डमा बाथ वा अन्य कारणले दुखेका शरीरका जोर्नीहरु वा अन्य भागहरु निको हुन्छन् भन्ने विश्वास गरिन्छ ।

हिउँ चितुवाको अङ्गहरुको अवैध व्यापार काठमाडौंमा वा अन्य शहरमा गर्नुको सट्टा धेरै जसो सोझै मारिएको ठाउँबाट तिब्बत (चीन) तिर लाने गरेको पाइन्छ । नेपालबाट अवैध रूपमा संकलन गरेर लगिएका हिउँ चितुवाका यस्ता अङ्गहरुको सट्टा ऊन, याक-चौंरी, भेडा, च्याङ्ग्रा वा अन्य कुनै सामानसँग साटासाट गर्ने गरेको पाइन्छ । कतिपय चीनियाँ व्यापारीहरु नेपालमा नै आएर यस्ता अवैध सामानहरु किनेर लाने गरेका पनि हुन्छन् । अति विकटताले गर्दा पूर्व मेची देखि पश्चिम महाकालीसम्म नेपाल चीन सीमामा मानिसहरुले आवतजावत गर्ने नाकाहरुमा कानूनी व्यवस्था निक्कै कमजोर भएको पाइन्छ र यसको फाइदा वन्यजन्तु सम्बन्धी तस्करी गर्ने व्यक्तिहरुले लिइरहेका हुन्छन् । कतिपय क्षेत्रमा खुल्ला गरिएका नाकाको प्रयोग नगरिकन पनि अवैध बाटोको प्रयोग गरेर उक्त कार्यहरु गर्ने गरेका हुन्छन् । अङ्गहरुको अवैध व्यापार गरेर पैसा कमाउँनको लागि हिउँ चितुवालाई मार्ने गरिन्छ । कालगतिले आफैं मरेको वा प्रतिशोधको भावनाले मारेको हिउँ चितुवाको अङ्गहरुको पनि अवैध व्यापार गरिन्छ ।

## प्रतिशोधले मारिनु

घरपालुवा पशुहरुलाई मारेको खण्डमा पशुधनीले प्रतिशोधको भावनाले हिउँ चितुवालाई मार्ने गरेको पाइन्छ । यो प्रतिशोधको पनि एउटा कारण ''तैले मेरो मंहगो चौरी मारिस् त्यसकारण मैले तँलाई मारें'' भन्नु हो भने अर्को कारण भविष्यमा अन्य महत्वपूर्ण पशुहरुलाई पनि त्यस हिउँ चितुवाले मार्न नपाओस् भन्ने सोचाई बढी हो । अर्को कारणमा यदि हिउँ चितुवाले कुनै क्षेत्रमा एउटा पशुलाई मार्छ भने स्थानीय शिकारीहरुलाई हिउँ चितुवा सो क्षेत्रमा भएको थाहा हुन्छ र प्रतिशोधको भावनाका संगसंगै अवैध आयआर्जनका लागि पनि हिउँ चितुवालाई मार्ने गरेको पाइन्छ ।

हिउँ चितुवाले कहिलेकाँही गोठभित्र पसेर एकै पटकमा ५०–६० वटा भेडा–बाख्रीहरु मार्ने गरेको घटनाहरु सुन्नमा आएका छन् । यसरी मारिएका भेडा–बाख्रीहरुको रगत मात्र हिउँ चितुवाले पिउने गरेको हुन्छ भन्ने गाउँलेहरुको भनाइ भएतापनि यो सत्य कुरा होइन । उसले मार्छ मात्र तर रगत पिउँने वा मासु खाने गरेको हुँदैन । उसले यसो किन गर्छ भन्ने कुराको सही कारण थाहा नभएतापनि, गोठभित्र पसेर बाहिर निस्कने ढोका/बाटो नपाएर वा अन्य कुनै भ्रमवश गरेको हुन सक्छ । यसरी ५०–६० वटा भेडा–च्याङ्ग्राहरु एक पटक गुमाउनु पर्दा गाउँलेहरुले हिउँ चितुवाले फेरि त्यस्तो नोक्सानी नगरोस् भनेर पनि मार्ने गरेका हुन्छन् । हिउँ चितुवालाई शिकारीहरुले प्राय गोली हानेर मार्ने गरेका हुँदैनन् किनभने गोली हानेर मार्नका लागि यो जन्तु देखिनु पर्ने हुन्छ जुन कुरा सजिलो छैन । हिउँ चितुवालाई पासो, सोला थापेर वा सिनोमा विष राखेर मार्ने गरेको पाइन्छ ।

## प्राकृतिक आहाराको कमी

नाउर र झारललाई नेपालमा हिउँ चितुवाको मुख्य प्राकृतिक आहारा मानिन्छ । विभिन्न कारणवश यी दुवै प्रजातिको संख्या नेपालका विभिन्न ठाउँहरुबाट घटदै गइरहेको छ । आजभन्दा ३०–३५ वर्ष पहिले प्रशस्त नाउर पाइने केही क्षेत्रमा अहिले एउटा पनि नाउर पाइन मुश्किल छ । गौरीशंकर संरक्षण क्षेत्रमा पर्ने ना–गाउँ क्षेत्रलाई उदाहरणको रूपमा लिन सकिन्छ । शेर्पा भाषामा "ना" भन्नाले नाउर बुझिन्छ । रोल्वालिङ उपत्यकामा पर्ने उक्त क्षेत्रको गाउँको नाम ना भनेर राख्नुको कारण त्यहाँ

धेरै नाउर पाइने भएकोले नै हो भन्ने विश्वास गरिन्छ । आजभन्दा ३०–३५ वर्ष अघिसम्म पनि त्यहाँ नाउर राम्रो संख्यामा पाइने स्थानीयवासीहरुको भनाइ छ । तर आजभोलि कुन कारणवस हो एउटा पनि नाउर सो क्षेत्रमा पाइदैन अर्थात् नाउर सो क्षेत्रबाट स्थानीय रूपमा लोप भइसकेको छ । यसको परिणाम के भयो भने हिउँ चितुवा कुनै बेला त्यहाँको स्थायी जन्तु थियो तर आजभोली आहाराको कमीले गर्दा हिउँ चितुवा कहिलेकाहीँ मात्र त्यहाँ आउँछ र आएको बेलामा पनि घरपालुवा जन्तुलाई बढी मार्ने गर्दछ । ठूला शरीर भएका वन्यजन्तुहरुको संरक्षणमा कमी आएको खण्डमा हिउँ चितुवाको आहारा चरा, मुसा, खरायोजस्ता साना जीवजन्तुले मात्र पूर्ति हुनसक्दैन, फलस्वरूप हिउँ चितुवा घरपालुवा जन्तुमा बढी आश्रित हुनपुग्छ वा आफ्नो साविकको बासस्थानलाई छोडेर अर्को बासस्थानमा जान खोज्छ वा आफ्नो बासस्थानको क्षेत्रलाई बढल्न खोज्छ । यस्तो अवस्था उसको लागि खतरापूर्ण हुन्छ कारण ऊ प्रतिशोधको भावनाले मारिने वा अन्य हिउँ चितुवासंगको झगडामा मर्ने वा घाइते हुन सक्छ ।

चोरी शिकार, आहाराको कमी, मानिसहरुका विभिन्न क्रियाकलापबाट हुने अवरोध, बाधा, प्रतिकूल मौसम जस्ता कारणहरुले गरेर हिउँ चितुवाको प्राकृतिक आहारामा कमी आउँन सक्छ । यस्तो अवस्थामा पनि हिउँ चितुवा घरपालुवा जन्तुहरुमा बढी आश्रित हुन पुग्छ । त्यसैले नेपालको सन्दर्भमा संरक्षित क्षेत्रभित्र समेत यसको आहाराको १५ देखि २५ प्रतिशत अंश घरपालुवा जनावर भएको पाइएको छ ।

## बासस्थानको कमी, विनाश र विखण्डन

नेपालमा एकै ठाउँ विशेषामा १०० भन्दा बढी हिउँ चितुवाको संख्या हुर्काउँनलाई चाहिने बासस्थान निकै कम छन् । हिउँ चितुवाका बासस्थानहरु विभिन्न कारणवस यसरी विखण्डित भएका छन् कि ७६२९ वर्ग कि.मी. क्षेत्रफल भएको अन्नपूर्ण संरक्षण क्षेत्र र ३५५५ वर्ग कि.मी. क्षेत्रफल भएको शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्ज बाहेक अरू कुनै पनि संरक्षित क्षेत्रहरु हिउँ चितुवाको न्यूनतम संभाव्य संख्या (अर्थात् १०० भन्दा बढी) लाई वहन गर्नसक्ने क्षमता भएका छैनन् । न्यूनतम संभाव्य संख्या अर्थात्

१०० भन्दा कम जनसंख्या भएको जन्तुलाई प्रकृतिमा जोगाउँन धेरै ठूलो चुनौति मानिन्छ । अर्को शब्दमा भन्ने हो भने कुनै क्षेत्रमा १०० भन्दा कम संख्या भएको वन्यजन्तु छ भने केही वर्ष–भित्र त्यसको लोप हुने सम्भावना धेरै हुन्छ ।

स्थानीय मानिसहरुले कतिपय हिउँ चितुवाको मुख्य बासस्थान मानिने क्षेत्रमा याक–चौरीका गोठ राख्ने, होटेल राख्ने र खेतीका लागि जमिन प्रयोग गर्ने गरेका कारणले पनि यिनको बासस्थानमा कमी हुँदै गएको देखिन्छ । बासस्थान विखण्डन र विनाश भएर कमी आएका कारण हिउँ चितुवाले नयाँ क्षेत्रलाई आफ्नो बासस्थानको रूपमा गाभ्न खोज्छ र यदि त्यस्ता क्षेत्रमा प्राकृतिक आहाराको कमी छ भने उसले घरपालुवा जन्तुको शिकार गर्न शुरू गर्छ । अन्त्यमा परिणाम के हुन्छ भने प्रतिशोधको भावनाले उसको मृत्यु ! त्यस्तै बासस्थानको विखण्डन, विनाश र ह्रासका कारण हुर्किंदै गरेका डमरूहरुले जब आफ्नी आमाको साथ छोड्ने बेला आउँछ त्यसबेला वयस्क हुन लागेका ती बच्चाहरुले त्यही आफ्नो क्षेत्र निर्धारण गर्न पाउँदैनन् र उनीहरु आफ्नो नयाँ क्षेत्र खोज्न अर्को स्थानमा जानुपर्ने हुन्छ । यसरी अर्को ठाउँमा जान लाग्दा पनि आपसमा जुधेर वा मानिसको फेला परेर उनको मृत्यु हुन सक्छ ।

## सिनोमा विष हाल्ने प्रचलन

नेपालमा पाटेबाघ, चितुवा र हिउँ चितुवाले गाई वस्तुलाई मारेर दुःख दिन लाग्यो भने छुट्कारा पाउँनका लागि सिनोमा विष हालेर मार्ने गरेका घटना प्रशस्त भेटिन्छन् । मांसाहारी वन्यजन्तुसंग प्रतिशोध लिने गाउँ घरमा यो सबभन्दा प्रचलित तरिका हो । उच्च हिमाली भेगमा जहाँ हिउँ चितुवा पाइन्छ, स्थानीय गाउँलेहरुले बालीनालीमा लाग्ने कीराहरुको नियन्त्रण गर्न प्रयोग गरिने रासायनिक विषलाई हिउँ चितुवालाई मार्न प्रयोग गर्ने गरेका घटनाहरु धेरै सुनिएका छन् । स्थानीय बासिन्दाहरुले यस प्रकारको विष घरमा भएका उपियाँ, उडुस मार्न वा हिउँ चितुवा, ब्वाँसो र चितुवा मार्नलाई बजारबाट किनेर लगेका हुन्छन् । कीराहरुले उनीहरुको खेतमा धेरै कम नोक्सानी गरेका हुन्छन् त्यसर्थ बालीनालीमा यस प्रकारको

विष प्रयोग भएको पाईंदैन ।

सिनोमा विष हालेर हिउँ चितुवा वा अन्य मांसाहारी जन्तुलाई मार्नु सजिलो भएतापनि प्रकृतिमा यसले धेरै ठूलो नोक्सान गरेको पाइन्छ । मुगु जिल्लाको डोल्फु गाउँमा आजभन्दा २०–२५ वर्ष पहिले एउटा गाउँलेको चौंरीको बाच्छीलाई गाउँको मुन्तिर हिउँ चितुवाले मारेको थियो । बाच्छीको मालिकले उपियाँ मार्नलाई भनेर ल्याएको तेल जस्तो देखिने विष सो बाच्छीको सिनोमा हिउँ चितुवालाई मार्न मिसाएछ । अर्को दिन सो ठाउँमा जाँदा हिउँ चितुवा मात्र नभएर सो बाच्छीको मासु खान आएका दुईवटा रातो फ्याउराहरु, पाँचवटा गिद्धहरु र तीनवटा काग पनि मरेको भेट्टाइएछ । संयोगवस त्यसबेला आफूले घरमा धेरै माया गरेर पालेको कुकुर पनि सिनो नजिकै गएको रहेछ । भनिन्छ सो कुकुरले सिनो खाएको कुरा उसलाई त्यसबेला थाहा भयो जब त्यो कुकुर पनि त्यहीनेर ढल्यो । त्यसपछि उसले कहिले पनि सिनोमा विष नहाल्ने कुराको कसम नै खाएको रहेछ ।

यो सम्बन्धित हिंस्रक मांसाहारी जन्तुबाट प्रतिशोध लिने सबैभन्दा प्रचलित उपाय र विषालाई जहाँ पनि किन्न सकिने र सजिलैसँग मार्न सकिने भएकोले हिउँ चितुवाको संरक्षणमा यस प्रकारको चलन धेरै ठूलो समस्या देखिएको छ ।

## हिउँ चितुवाले मारेको जनावरको मासु खाने चलन

हिउँ चितुवाले भोक लागेको बेलामा वन्यजन्तु र घरपालुवा गाई वस्तुको शिकार गर्ने गरेको हुन्छ । हिउँ चितुवाले मारेर मात्र छोडेको वा केही खाएर छोडेको वन्यजन्तु होस् वा घरपालुवा पशु नेपालमा स्थानीय गाउँलेहरुले भेट्टाएको खण्डमा यिनको मासु खाने गरेका हुन्छन् । अझ कतिपय बेला त हिउँ चितुवाले मारेको जन्तुको मासु बेचेर समेत पैसा कमाउँने गरेका हुन्छन् । डा. श्यालरका अनुसार पाकिस्तानमा हिउँ चितुवाले मारेका घरपालुवा जन्तुको सिनो गिद्धका लागि छोडिन्छ ।

हिउँ चितुवाले आफ्नो शिकार ३–४ दिन लगाएर खाने गरेको हुन्छ, तर

यदि उसले आफूले मारेको जन्तुको मासु धीत मरून्जेलसम्म खान पाएन भने उसले त्यसै क्षेत्रमा तत्कालै अर्को घरपालुवा पशु मार्न सक्छ, जसको परिणाम उसले आफ्नै मृत्युको रूपमा भोग्न पर्ने पनि हुन सक्छ ।

## यार्सागुम्बा र अन्य गैरकाष्ठ वनसम्पदाको संकलन

यार्सागुम्बाको संकलनका लागि कतिपय स्थानमा धेरै मानिसहरु हिउँ चितुवाको बासस्थानमा गएर लामो समयसम्म बसोबास गर्छन् । तिनीहरुले हिउँ चितुवालाई आफ्ना विभिन्न क्रियाकलापबाट बाधा सिर्जना गर्छन् भने कतिपयले हिउँ चितुवाको आहारा नाउर, झारल र कस्तूरी मृगको चोरी शिकार गरेर उसको आहारामा कमी ल्याउँछन् । फलत उसले घरपालुवा पशुको शिकार गर्न थाल्छ र आफ्नो मृत्युलाई निम्तो दिन्छ । यार्सागुम्बाको संकलन बाहेक अन्य गैरकाष्ठ वनसम्पदाको संकलनका दौरान पनि हिउँ चितुवाले उपरोक्त नियति भोग्नु पर्ने घटना धेरै पटक देखिएका छन् ।

## अध्ययन-अनुसन्धानको कमी

अन्नपूर्ण र कञ्चनजङ्घा संरक्षण क्षेत्रहरु तथा शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्जबाहेक अन्य कुनै संरक्षित क्षेत्र तथा संरक्षित क्षेत्रबाहिर हिउँ चितुवा सम्बन्धी विस्तृत अध्ययन अनुसन्धान भएको पाईदैन । यसकारण ती धेरैजसो क्षेत्रहरुमा हिउँ चितुवाको संरक्षण सम्बन्धी विशेष कार्यक्रमहरु लागू गरिएका छैनन् । अतः ती क्षेत्रहरुमा भएका हिउँ चितुवाहरु बढी खतरामा छन् ।

## संरक्षण चेतनाको कमी

अहिले पनि हिउँ चितुवा पाइने उच्च पहाडी क्षेत्रका कतिपय बासिन्दाले जैविक विविधताको संरक्षणबाट उनीहरुलाई कसरी फाइदा हुन्छ भन्ने कुरा प्रष्ट रूपमा बुझेका छैनन् । उनीहरुले हिउँ चितुवा जस्तो मांसाहारी वन्यजन्तुले घरपालुवा जन्तुहरुलाई मारेर खाई दिने गरेकाले, त्यसबाट नोक्सानी बाहेक अरू केही पनि फाईदा हुँदैन भन्ने कुरा मात्र बुझेका हुन्छन् । अतः जबसम्म गाउँलेहरुले हिउँ चितुवाबाट नोक्सानी मात्र व्यहोर्छन्, हिउँ चितुवाको संरक्षणबाट फाइदा देख्दैनन् उनीहरुमा हिउँ चितुवा सम्बन्धी संरक्षण

चेतना ल्याउँन निकै कठिन कार्य हुन जान्छ । वास्तवमा भन्ने हो भने पशुपालनमा जीविकोपार्जन गर्ने व्यक्तिहरुले हिउँ चितुवाको घरपालुवा जन्तु मार्ने क्रियाकलापले गर्दा उसको सह–अस्तित्वको फाइदा देखेका हुँदैनन् । अतः हिउँ चितुवाबाट हुने नोक्सानीभन्दा फाइदाहरु बढी छन् भन्ने कुरा देखाउँन तत्कालै राहत, क्षतिपूर्ति वा बिमा योजना लागू गर्नुका साथै अन्य तरिकाहरु अपनाएर हिउँ चितुवाको आक्रमणबाट हुने वस्तुभाउको क्षतिलाई न्यूनीकरण गर्नुपर्ने पनि बान्छनीय हुन जान्छ । मरेकोभन्दा जिउँदो हिउँ चितुवा धेरै मूल्यवान हुन्छ भन्ने कुरा स्थानीय गाउँलेहरुलाई बुझाउँन सक्नुपर्छ ।

हिउँ चितुवालाई जोगाउँन उसको बासस्थान र आहारामा प्रयोग गरिने वन्यजन्तुहरुको पनि संरक्षण हुनु त्यति नै जरूरी हुन्छ । यो अभिभारा स्थानीय गाउँलेका साथ–साथै सरकारी कर्मचारी तथा अन्य सम्बन्धित व्यक्तिहरुले समेत लिनुपर्ने हुन्छ । समग्रमा भन्नु पर्दा हिउँ चितुवा, उसको बासस्थान र आहारा प्रजातिको संरक्षण गर्ने कार्यमा व्यापक जनचेतना जगाउनु अति आवश्यक देखिएको छ ।

## अन्य खतराहरू

नेपालमा हिउँ चितुवाका संभावित बासस्थानको ३0% क्षेत्रफल मात्र संरक्षित क्षेत्रभित्र पर्नुले ७0 % बासस्थान ओगेटेको क्षेत्रको उचित व्यवस्थापन नहुनु ठूलो चुनौती देखिएको छ । कतिपय हिउँ चितुवाको बासस्थान भएका क्षेत्रमा अव्यवस्थित पर्यटनले गर्दा बासस्थानको विनास, आहारा प्रजातिको चोरी शिकार तथा अन्य व्यवधानहरु भइरहेका हुन्छन् । धेरैजसो क्षेत्रमा हिउँ चितुवाको आहारा प्रजातिको बारेमा उचित जानकारी भएको पाइदैन । तिनको आहारा प्रजातिका संख्या बढेको छ वा घटेको छ भन्ने कुरा थाहा नभएको देखिन्छ । आहारा प्रजातिहरुको संख्या घटेर हिउँ चितुवाले घरपालुवा जन्तुको शिकार बढी गर्न थालेको हो वा घरपालुवा जन्तुहरुलाई मार्न सजिलो भएर बढी मार्न थालेको हो भन्ने कुरा पनि अहिलेसम्म अनुत्तरित नै छ ।

नेपालमा हिउँ चितुवाले प्रयोग गर्ने जैविक मार्गको संरक्षणमा भएका कार्यहरु अपुग देखिन्छन् । कतिपय क्षेत्रमा जैविक मार्गको पहिचान नै

भएको छैन र उचित जैविक मार्गको अभावमा नेपालका हिउं चितुवाले दक्षिण वा दायाँ-बायाँ जानुको सट्टा उत्तर तिब्बततिर ओहोरदोहोर गर्ने सम्भावना बढी हुन्छ । तिब्बततिर गएको खण्डमा ऊ फर्किन्छ भन्ने कुरा पक्का नहुन पनि सक्छ । लांगु उपत्यकामा रोगका कारण हिउँ चितुवा मरेको भेटिएको छ, अन्य क्षेत्रमा पनि यसो नहोला भन्न सकिदैन । कतिपय क्षेत्रमा हिउं चितुवालाई प्रतिशोधको भावनाले मार्ने कार्य रोक्न स्थानीय समाजले विद्यमान सांस्कृतिक र सामाजिक मान्यताहरुको सदुपयोग गरेको भेटिदैन । कुनै क्षेत्रमा जस्तै-सगरमाथा, पालैपालो गरेर चरिचरन क्षेत्र फेर्दै खर्क राख्ने चलन नहुनु पनि यसका लागि हानिकारक हुन्छ । कारण त्यस्तो क्षेत्रमा घरपालुवा जन्तु र हिउं चितुवाका आहारा प्रजातिको बीचमा खानाका लागि द्वन्द्वको श्रृजना भएको हुन सक्छ । यस बाहेक स्थानीय बासिन्दामा अझै पनि हिउं चितुवा सम्बन्धी परम्परागत औषधिमूलो र अन्यमा हिउँ चितुवाका बोसो, जुंगा, नंग्रा, बाजु, बंगारा आदिको प्रयोग हुनु र अन्तर्राष्ट्रिय स्तरमा अझै पनि यसको आखेटोपहारहरुको माग हुनु पनि खतरा देखिन्छ ।

## नेपालमा हिउँ चितुवा र मानिस बीचको द्वन्द्व

हिउँ चितुवाको संरक्षण कार्यमा मानिस र उसका बीचमा विद्यमान द्वन्द्व नै हाल नेपालमा ठूलो चुनौतीका रूपमा देखा परेको छ । हिउँ चितुवाले मानिसका घरपालुवा वस्तुभाउलाई खाएर मानिसँगको द्वन्द्वलाई निम्ता दिएको छ भने मानिसले प्रतिशोधको भावना र आय-आर्जनका लागि उसलाई मारेर उप्रति ठूलो द्वन्द्वको श्रृजना गरेको छ । आजभोलि एकातिर हिउँ चितुवाले घरपालुवा जन्तुहरु मारेको गुनासोमा बृद्धि भइरहेको छ भने अर्कोतिर विभिन्न विधि प्रयोग गरेर हिउँ चितुवालाई मार्ने गरेका घटनाहरु बढी घट्न थालेका छन् । हिउँ चितुवाको बासस्थानमा विभिन्न प्रकारका बाधा, अड्चनहरु सिर्जना गरेर, बासस्थानमा खेती गरेर, घर बनाएर, चौरीका गोठहरु बनाएर विभिन्न प्रकारले अतिक्रमण गरेर पनि द्वन्द्वलाई बढाएको भेटिन्छ ।

## हिउँ चितुवाले घरपालुवा जनावरहरूलाई घाइते पार्नु वा मार्नु

मानिसले प्रतिशोधको भावनाले हिउँ चितुवालाई मार्ने गरेको मुख्य कारण हिउँ चितुवाले घरपालुवा जनावरहरुलाई घाइते पार्नु वा मार्नु नै हो । हिउँ चितुवाले घाइते मात्र बनाएको घरपालुवा जनावर कुनै पनि हालतमा बाँच्दैन भन्ने जनगुनासो सुनिन्छ । पशु चिकित्सकको अभाव भएको क्षेत्रमा यो भनाई शतप्रतिशत सही पनि हो, र कतिपय क्षेत्रमा कनिष्ठ पशुचिकित्सकको उपस्थिति भए तापनि राम्रो औषधिको अभावमा हिउँ चितुवाले घाइते पारेका वस्तुभाउलाई ठीक पार्न सकिंदैन । हिउँ चितुवाद्धारा तत्कालै नमारिएका तर घाइते पारिएका वस्तुभाउहरु लामो अवधिसम्म थला परेर मर्ने गरेका हुन्छन् ।

कतिपय गाउँलेहरुले अर्को व्यक्तिबाट वा बैंकबाट चर्को ब्याजमा पैसा सापटी लिएर याक, चौरी, घोडा, खच्चर जस्ता जनावरहरु किनेका हुन्छन् । तिनीहरुको प्रयोग गरेर वा तिनको शरीरबाट प्राप्त गरेको वस्तुबाट उपरोक्त लिएको कर्जा तिर्ने गरेका हुन्छन् तर हिउँ चितुवाले यसरी ऋण काढेर किनेका जनावरलाई मारिदिंदा गाउँलेहरुले ठूलो क्षति व्यहोर्नु परेको हुन्छ । तत्कालै मारिएको मात्र नभएर भविष्यमा पनि वस्तुभाउहरु मारिने सम्भावनाबाट गाउँलेहरु सधैं चिन्तित भएका देखिन्छन् । राहत कोष र बिमाको व्यवस्था भएको स्थानमा पनि अपर्याप्त रकमको मात्र व्यवस्था हुने हुँदा सम्बन्धित गाउँलेहरु पूर्ण रूपमा सन्तुष्ट भएका देखिदैनन् ।

हिउँ चितुवाले मारेका वा घाइते बनाएका घरपालुवा जन्तुको मासु बेचेर केही रकम प्राप्त गर्न सकिन्छ तर यो रकम पर्याप्त हुँदैन । घोडा, खच्चर जस्ता जन्तुको मासु बिक्री हुने कुरा पनि भएन । कतिपय अवस्थामा सो मारिएको घर पालुवा जनावरको सिनो फेला नपर्न पनि सक्छ । यसरी मरेका जन्तुहरुको फेला नपर्दा र अन्य दुर्घटना वा प्राकृतिक कारणले मरेका जन्तुहरुको दोष पनि हिउँ चितुवालाई दिने गरेको पाइन्छ ।

### प्रतिशोधात्मक हत्या

हिउँ चितुवाको मृत्युका कारणहरु मध्ये मानिसले गर्ने प्रतिशोधात्मक

हत्या यसको मृत्युको सबभन्दा ठूलो कारण हो । जब कुनै स्थानमा हिउँ चितुवाले घरपालुवा जनावरहरुलाई मार्न थाल्दछ, उसले आफूले पनि ज्यान गुमाउँने सम्भावना बढेर जान्छ । गाउँलेहरुले सो क्षेत्रमा उसको उपस्थिति भएको थाहा पाउँछन् र विभिन्न उपायहरु प्रयोग गरेर उसलाई मार्छन् ।

केही गाउँलेहरुको भनाइ अनुसार अन्य मांसाहारी वन्यजन्तुको दाँजोमा हिउँ चितुवालाई मार्न धेरै सजिलो हुन्छ । आफूले मारेको घरपालुवा जनावरको मासु खान त्यसको सिनो भएको स्थानमा ऊ बारम्बार आउने भएकोले सिनोमा विषाको प्रयोग गरेर, सिनो भएको स्थानमा जाने बाटोमा विष लेपन गरिएका निगालो (सोला) प्रयोग गरेर मार्ने गरिन्छ । सिनो खाँदै गरेका स्थानबाट ठूला-ठूला भोटे कुकुरबाट लखेट्न लगाएर त्यसपछि ढुंगा, मूढा, लठ्ठी र भालाको प्रयोग गरेर पनि मार्ने गरेको सुनिन्छ । यस्तो पनि सुन्नमा आएको छ कि हिउँ चितुवाले कहिलेकाँही आफूले मारेको मासु यति धेरै खान्छ कि ऊ राम्रो संग हिड्न नसक्ने भएकोले नजिकैको कुनै ओडार, ढुंगाको मुनि सुतेर आराम गर्न थाल्छ । गाउँलेहरु उसको पाइला पछ्याउँदै वा अन्य विधिबाट उसलाई फेला पार्छन् र चारैतिरबाट घेरेर ढुंगा, मूढा, लठ्ठी इत्यादि प्रयोग गरेर अन्धाधुन्ध हिर्काउँदै मार्छन् ।

## आर्थिक लाभको लागि चोरी शिकार

हिउँ चितुवाका छाला, हड्डीहरु, नंग्राहरु इत्यादिको बिक्रीबाट राम्रो आम्दानी हुने भएकोले यी माथि उल्लेखित अङ्गहरुको प्राप्तिका लागि पनि हिउँ चितुवालाई मार्ने गरिन्छ ।

कहिलेकाँही नाउर, झारल, कस्तूरी मृग जस्ता वन्यजन्तुहरु मार्नका लागि प्रयोग गरिएका पासोमा परेर वा सोला लागेर पनि हिउँ चितुवाहरु मरेका घटना घटेका छन् । केही वर्ष अघि ताप्लेजुंङ्ग जिल्लाको हालको कञ्चनजङ्घा संरक्षण क्षेत्रभित्र पर्ने याङ्मा गाउँ नजिक नाउर मार्न राखेको पासोमा हिउँ चितुवा परेर मृत अवस्थामा फेला परेको थियो ।

## हिउँ चितुवा र मानिस बीच हुने द्वन्द्व न्यूनीकरणका उपायहरू

हिउँ चितुवा र मानिसबीच हुने द्धन्द्ध न्यूनीकरणका उपायहरु छलफल गर्नु अगावै यो बुझ्नु जरूरी हुन्छ कि हिउँ चितुवाले किन घरपालुवा वस्तुभाउहरुलाई मारेर खाने गर्छ ? यस समस्यालाई नेपालमा हिउँ चितुवाको उपस्थिति भएका सम्पूर्ण क्षेत्रमा स्थानीय बासिन्दाहरुले वर्षौंदेखि झेल्दै आएका छन् र आजभोलि पनि यो समस्या यथावत नै भएको देखिन्छ । यस समस्याको कारक तत्व हिउँ चितुवाभन्दा मानिस आफै बढी भएको देखिन्छ, कारण कतिपय घटनामा हिउँ चितुवालाई घरपालुवा जन्तुहरु मारेर खाने जस्तो बाध्यताको सृजना मानिसले नै गराएको हुन्छ । निम्न लिखित कारणहरु यस समस्याका कारक तत्वहरु हुन् ।

- हिउँ चितुवाको प्रमुख बासस्थान भएको क्षेत्रमा घरपालुवा जनावरलाई चराउँने गर्नु ।
- यस्ता क्षेत्रमा चरिचरन गराउँदा वस्तुभाउलाई खुलेआम छोड्नु र गोठालाको त्यहाँ उपस्थिति नहुँनु ।
- वस्तुभाउहरुलाई राति पनि हिउँ चितुवाको बासस्थानमा खुल्ला छोड्नु र हिउँ चितुवा सजिलैसंग भित्र पस्न सक्ने गोठमा तिनीहरुलाई राख्नु ।
- घरपालुवा जनावरहरुको शारीरिक अवस्था, खानाको कमीले, बिमारीले, शरीरमा परजीवि भएकोले कमजोर हुनु ।
- घरपालुवा जनावरहरु प्राकृतिक आहारा प्रजातिको दाँजोमा मार्न सजिलो हुनु । किनभने घरपालुवाहरु धेरै चाँडो दगुर्न पनि सक्दैनन् र हिउँ चितुवा जस्तो आफ्नो शत्रु नजिक आएको कुरा पनि छिटो थाहा पाउँन सक्दैनन् ।
- कुनै–कुनै हिउँ चितुवाको बासस्थानमा उसको प्राकृतिक आहारा प्रजातिहरुको संख्या वा तिनबाट उपलब्ध हुने मासुको तौलभन्दा घरपालुवा जनावरहरुको संख्या वा तिनबाट उपलब्ध हुने मासुको तौल बढी हुनु । अतः हिउँ चितुवाले बढी भएकोलाई मार्नको लागि रोज्नु स्वभाविक हुन जान्छ ।
- विभिन्न कारणहरुले गरेर, विशेष गरिकन मानिसहरुले गर्दा हिउँ

चितुवाको प्राकृतिक आहारा प्रजातिको संख्यामा कमी आउनु ।

- हिउँ चितुवा अत्यन्तै बूढो, घाइते वा विरामी भएर प्राकृतिक आहारा प्रजातिको शिकार गर्न नसक्नु ।
- उच्च भेकमा बढी हिउँ परेका कारण हिउँ चितुवालाई तल्लो भेकमा अवस्थित मानवबस्तीतिर झर्न बाध्य हुनु ।
- पोथी हिउँ चितुवाले भर्खरै बच्चाहरु जन्माएको बखतमा टाढा–टाढा गएर वन्यजन्तुहरुको शिकार गर्न नसक्नु ।
- हिउँ चितुवाले आफू खानलाई मारेको वन्यजन्तु वा घरपालुवा जनावरको सिनो मानिसहरुले खाई दिनु ।

नेपालमा हाल विद्यमान देखिएको हिउँ चितुवा र मानिसको द्वन्द्वलाई निर्मूल पार्न न सकिए तापनि केही हदसम्म द्वन्द्वबाट हुने नोक्सानी र द्वन्द्वको दायरालाई निम्न उपायहरुले घटाउँन सकिन्छ ।

## परभक्षीरोधक गोठ बनाउने

उच्च पहाडी भेकमा वस्तुभाव, विशेष गरिकन भेडा, बाख्रीहरुलाई कच्चा पर्खालले घेरेर बनाएको गोठ, ओडार, गुफा र घरको मुनिको भागमा भएको गोठमा राख्ने गरिएको हुन्छ । यस्ता गोठहरुको कि त छाना हुँदैन छाना भएको भएतापनि प्रवेश–द्वार मजबुत हुँदैन । हिउँ चितुवा सजिलैसंग गोठभित्र प्रवेश गर्न सक्छ र भित्र रहेका जनावरहरुलाई मार्न सक्छ । कहिले काहीं उसले एकै पटकमा ५०–६० वटासम्म भेडा–बाख्रीहरु पनि मार्ने गरेको हुन्छ तर तिनको मासु भने खाएको हुँदैन । उसले गोठभित्र नै अथवा गोठबाट तानेर बाहिर लगेर मासु खाने गरेको हुन्छ । यस प्रकारका असुरक्षित गोठभित्र राखिएका वस्तुभाउहरु आफै पनि बाहिर निस्कने गरेका हुन्छन् र हिउँ चितुवाको शिकार बन्छन् ।

गोठभित्र राति आश्रय लिएर बसेका घरपालुवा जनावरहरुलाई कमसेकम हिउँ चितुवाले नमारोस् भनेर पूर्ण रूपमा हिउँ चितुवा रोधक अर्थात् कुनै पनि हालतमा गोठभित्र हिउँ चितुवा पस्न नसक्ने किसिमको व्यवस्था गर्नुपर्छ । उपल्लो मुस्ताङ्को सामजुङ गाउँ र केही अन्य स्थानहरुमा

अन्नपूर्ण संरक्षण आयोजनाले यसप्रकारका गोठहरुको निर्माण गरेको छ जसले राम्रो परिणाम दिएका छन् । स्थानीय सामान (ढुङ्गा, माटो, काठ) र मोटो तारको जाली प्रयोग गरेर २५ मी. लम्बाई, २५ मी. चौडाई र २ मी. उचाई भएका परभक्षीरोधक गोठहरु बनाइएका छन् । यस्ता गोठहरु अन्य स्थानहरुमा पनि बनाउँन सकिन्छ साथै त्यहाँ भएका पुराना गोठहरुमा तारको जाली प्रयोग गरी मजबुत प्रवेशद्धार बनाएर गोठभित्र जाने हिउँ चितुवाको बाटो बन्द गराउँन सकिन्छ । परभक्षीरोधक गोठहरु सामूहिक रूपमा वा एक्लै पनि बनाउँन र प्रयोग गर्न सकिन्छ ।

## घरपालुवा जनावरको दिउँसो पनि राम्रो हेरचाह गर्नु

जुनसुकै घरपालुवा जनावर किन नहोस् तिनीहरुलाई बिहान वन वा चरन क्षेत्रमा लगेर छोडी दिने र बेलुकी पख जम्मा गरेर घरमा ल्याएर गोठभित्र हुल्ने गरेको पाइन्छ । यस प्रकारको प्रचलनले हिउँ चितुवाबाट तिनीहरुलाई कुनै पनि अवस्थामा जोगाउँन सकिदैन । दिउँसो पनि गाईवस्तु माथि कडा निगरानी राख्नु पर्छ, यदि चरन क्षेत्रमा लगेर छोड्ने नै हो भने पनि हिउँ चितुवा जस्तो परभक्षीबाट आफ्नो रक्षा गर्न सक्ने ठूला–ठूला याक चौरीहरुलाई मात्र छोड्ने गर्नु पर्छ ।

चरनक्षेत्रमा भेडा, बाख्रीहरुलाई दिउँसो लिएर जाँदा गोठालाहरु पनि दिनभरि नै सँगै रहेर उनीहरुको कडा निगरानी गर्नु पर्छ । बढी संख्या भएको चौपायाका बथानहरुलाई वयस्क भोटे कुकुरका सहायताबाट निगरानी गर्ने चलन देखिन्छ । ती कुकुरहरुले हिउँ चितुवामाथि आक्रमण नगरून् र अन्य स्थानीय वन्यजन्तुलाई मारेर नखाउन् भन्नका लागि सतर्कता अपनाउँनु भने अत्यन्तै जरूरी हुन्छ ।

## हिउँ चितुवाको उपस्थिति भएको क्षेत्रमा वस्तुभाउलाई नचराउँने

हिउँ चितुवाको मुख्य बासस्थान भएको क्षेत्रमा गाईबस्तुहरुलाई चराउँनको लागि लग्नु हुँदैन । यसले तिनीहरुलाई हिउँ चितुवाको संभाव्य आक्रमणबाट जोगाउँछ । यसका साथै त्यहाँ नाउर र झारल जस्ता हिउँ चितुवाका प्राकृतिक आहारा हुने भएकोले घाँसपात खाने वन्यजन्तुको आहारामा पनि

कमी हुन पाउँदैन र घरपालुवा जनावरहरुबाट तिनीहरुमा सर्ने सरूवारोग पनि सर्दैन । अतः हिउँ चितुवाको बढी आवत–जावत हुने क्षेत्रहरुलाई चरिचरनकोलागि प्रयोग नगर्नु नै उचित हुन्छ ।

## अन्य उपायहरू

पुराना र कतिपय नयाँ तरीकाहरु पनि हिउँ चितुवासंगको द्वन्द्वलाई कम गर्न प्रयोग गर्न सकिन्छ । गोठको नजिक राति आगो बाल्नु, धुँवा पैदा गर्नु, बुख्र्याँचा (मुर्कट्टो/पुतला) बनाएर राख्नु, गोठको प्रबेशद्धारनिर घण्टी वा टिनका बक्साहरु झुन्ड्याउँनु, राति सुत्नुभन्दा अगावै गोठालाहरुले एक स्वरमा जोरले चिच्याउँनु जस्ता उपायहरु गर्न सकिन्छन् ।

## नेपालमा हिउँ चितुवा सम्बन्धी अवैध व्यापार

नेपालमा हिउँ चितुवाको स्थानीय र अन्तर्राष्ट्रिय तहमा अवैध व्यापार हुने गर्छ । शिकारीहरुले यसलाई एक्लै वा समूहमा विभिन्न तरिकाहरु प्रयोग गरेर मार्ने गर्छन् । यसका विभिन्न अङ्गहरुको अवैध व्यापारको सिलसिलामा गाउँका कुनै अवैध व्यापारमा लागेको व्यक्तिले ती शिकारीहरुबाट हिउँ चितुवाको आखेटोपहार किनेर आफै सीमापारि पुऱ्याउने गर्छन् । अवैध व्यापारमा संलग्न सीमापारबाट आएका व्यक्तिले पनि ती शिकारीहरुबाट हिउँ चितुवाको आखेटोपहार सोझै किन्ने गरेको पनि हुन सक्छ ।

कुनै समय हिउँ चितुवाको छालाको खुलेआम व्यापार हुने गर्दथ्यो । डा. जर्ज श्यालरले सन् १९६८ मा भारतमा श्रीनगरको एउटा पसलमा १४ वटा र सन् १९७२ मा पाकिस्तानमा लाहोरका विभिन्न पसलहरुमा १८ वटा छालाहरु विक्रिको लागि राखिएको भेट्टाएका थिए । एउटा अर्को समाचार अनुसार, विभिन्न राष्ट्रहरुबाट संकलन गरिएका २०० जति छालाहरु सन् १९७७ मा तिब्बतमा खरिद गरिएका  थिए । केहि वर्ष अघिसम्म जुनवेला वन्यजन्तुको आखेटोपहारको बिक्रीमा कडी कडाउ गरिएको थिएन, मुगु, हुम्ला जिल्लाका उच्चभेगका बासिन्दाहरुले हिउँ चितुवाको छालालाई भारतको नयाँ दिल्ली– सम्म पुऱ्याएर बेच्ने गरेको कुरा सुनिन्छ । तर आजभोलि भारत तर्फ लगेर बिक्री गर्ने कार्य धेरै कम भइसकेको छ र

हिउँ चितुवा सम्बन्धी जे जस्तो अवैध व्यापार नेपालमा हुन्छ, अन्त्यमा त्यसको गन्तव्य तिब्बतको बाटो हुँदै चीन नै हुन्छ । नेपाल – तिब्बत (चीन) सिमाना खुल्ला गरिएका हुम्लाको टिंकर, मुस्ताङ, रसुवागढी, तातोपानी (कोदारी), लामाबगर (दोलखा), ओलाङ्चुङ्गोला, किमाथांका र मुगु जस्ता नाकाहरु हिउँ चितुवाको आखेटोपहारका लागि अवैध व्यापारका लागि प्रयोग गरिने प्रमुख स्थानहरु हुन् । यसका अतिरिक्त त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट समेत विशेष गरिकन कूटनीतिक सुविधाको आडमा पनि अवैध व्यापारबाट आर्जन गरिएका हिउँ चितुवाका आखेटोपहारहरु नेपालबाट बाहिर पठाउँने गरेको हुनसक्छ । हालसालै मुस्ताङ जिल्लाको मार्फामा एउटा विदेशी पर्यटक पनि दुईवटा हिउँ चितुवाको छालाको अवैध व्यापारमा संलग्न भएको पाइएकोले माथि भनिएको कुरामा शंका गर्ने ठाउँ कमै छ । हुलाकको माध्यमबाट पनि अवैध व्यापारको हिउँ चितुवाको आखेटोपहारहरु देश बाहिर पठाउने गरेको हुनसक्छ ।

## नेपालमा हिउँ चितुवा सम्बन्धी अवैध व्यापार किन हुन्छ ?

नेपालको तराई क्षेत्रमा पाइने गैडा, बाघ र जंगली हात्तीका विभिन्न अङ्गहरुको अवैध व्यापार गर्नुको दाँजोमा हिमाली भेकमा पाइने हिउँ चितुवाका अङ्गहरुको व्यापार निम्न लिखित कारणहरुले गर्दा सजिलो भएकोले यो अवैध व्यापार फस्टाएको हो ।

१. हिउँ चितुवा पाइने कतिपय स्थानमा भौगोलिक विकटताले गर्दा कानूनी व्यवस्था पटक्कै नभएको वा अत्यन्तै फितलो भएको कारणले ।
२. चोरी शिकार प्रतिरोध गस्ती नभएकोले, भएका ठाउँमा भौगोलिक विकटताले गर्दा असरदार नभएकोले हिउँ चितुवाका अङ्गहरु सजिलैसँग उपलब्ध हुने भएकोले ।
३. नेपाल चीन सीमानामा कानूनी व्यवस्था अत्यन्तै कमजोर भएकोले र करिब–करिब जम्मै नाकाहरुमा दुवैतिरका स्थानीय बासिन्दाले बिना रोकटोक आवत जावत गर्न पाउँने भएकोले ।
४. हिउँ चितुवाको छाला र हाडहरुको अवैध व्यापारबाट निकै आम्दानी गर्ने मौका मिल्नुको कारणले ।

५. कर्मचारी, विशेषतः वन्यजन्तुको अवैध व्यापार सम्बन्धी (तस्करलाई समात्ने, मुद्धा चलाउने, फैसला गर्ने जस्ता व्यक्ति) विभिन्न तहमा कार्य गर्ने सरकारी, गैरसरकारी कर्मचारी र राजनीतिज्ञहरुमा व्याप्त उदासीनता र भ्रष्टाचारका कारणले ।

६. हिउँ चितुवाको छाला र हड्डीहरुसंग तिब्बतमा याक, चौरी, भेडा, च्याङ्ग्रा नुन, ऊन जस्ता जनावर र सामाग्रीहरु सजिलैसँग साटासाट गर्न सकिने भएकोले ।

७. हिउँ चितुवा पाइने कतिपय क्षेत्रमा गरिबी व्याप्त भएको, वन्यजन्तुहरुको अवैध शिकार गर्ने प्रथा अझै पनि कायम भएको र आय आर्जन गर्ने वैकल्पिक व्यवस्था उपलब्ध नभएकोले ।

समग्रमा भन्नुपर्दा जबसम्म देशमा कानूनी व्यवस्था फितलो र भ्रष्टाचार व्याप्त हुन्छ, गरिबी र अशिक्षा रहिरहन्छ, हिउँ चितुवा सम्बन्धी अवैध व्यापार कम हुने सम्भावना देखिँदैन । जब एउटा रंगे हात समातिएको वन्यजन्तु सम्बन्धी तस्कर सरकारबाढी मुद्धा जित्छ अथवा उसलाई सानो रकम जरिवाना तिराएर ढोष मुक्त गरिन्छ, हिउँ चितुवाका अङ्गहरुको अवैध व्यापार झन् मौलाएर जाने सम्भावना हुन्छ ।

## हिउँ चितुवाका अङ्गहरू कसले र किन किन्छ ?

नेपालभित्र हिउँ चितुवाको बोसो औषधि बनाउँनका लागि र खप्पर गोम्पामा राख्न वा तन्त्र मन्त्रमा प्रयोग गर्न स्थानीय स्तरमा नै किनबेच गरिन्छन् । छाला र हड्डीहरु अन्त्यमा तिब्बतमा (चीन) पुगेपछि प्रयोगमा ल्याइन्छन् । छालाको प्रयोग बख्खुमा सजावटका लागि, टोपी वा अन्य सामानहरु बनाउँनमा प्रयोग गरिने गरेको बुझिन्छ । विभिन्न प्रकारका औषधिहरु बनाउँनमा हड्डीहरुको प्रयोग गरिन्छ । तर हिउँ चितुवाको हड्डीबाट बनेको औषधि भनेर कम र पाटेबाघको भनेर बढी प्रयोग गरिने गरिन्छ । पाटेबाघको हड्डी र हिउँ चितुवाको हड्डीको प्रयोगबाट बनाइएका औषधिहरुले समान गुण र फाइढा दिने विश्वास गरिएकाले ढुवै प्रजातिको हड्डीहरुलाई मिसाएर पनि औषधि बनाउँने कुरा बुझिएको छ ।

## अवैध व्यापारको बजार क्षेत्र

हिउँ चितुवाको छालाबाट बनेका वस्तुहरुको प्रयोग अन्तर्राष्ट्रिय स्तरमा नै बन्देज लागेकोले यिनको खुलेआम प्रयोग गर्नु सम्भव छैन, तर चीनको तिब्बत क्षेत्रमा भने अझै पनि मानिसहरुले खुलेआम सार्वजानिक रूपमै लगाएर हिंड्ने गरेका देखिन्छन् । हिउँ चितुवाको नंग्राहरुको प्रयोग नेपालमा समेत केही मानिसहरुले घाँटीमा बुटीको रूपमा लगाउँने गरेको भेटिन्छ ।

एक भरपर्दो श्रोतका अनुसार हिउँ चितुवाका हड्डीहरुको ९५% प्रयोग बाघको हड्डीको विकल्पका रूपमा गर्ने गरेको पाइएको छ । चीनमा बाघको हड्डीको प्रयोग गरेर चक्की, जेल, तेल, रक्सी/वाइन, टनिक जस्ता विभिन्न रूपमा औषधि बनाइन्छ भने ती औषधिहरुको किनबेच र प्रयोग स्वदेश तथा विदेशमा गर्ने गरेको हुन्छ । ती औषधिहरु सन् १९९० पछि पनि कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, म्यानमार, उत्तर र दक्षिण कोरिया, थाइल्यान्ड, भियतनाम, अस्ट्रेलिया, बेल्जियम, क्यानाडा, फ्रान्स, जर्मनी, हङकङ, जापान, नेदरल्याण्ड, न्यूजिल्याण्ड, सिंगापुर, ताइवान, बेलायत, अमेरिका लगायत अन्य देशहरुमा चीनबाट निर्यात हुने कुरा एउटा भरपर्दो अध्ययनले देखाएको छ । अतः यी जम्मै देशहरुमा हिउँ चितुवाका हड्डीबाट बनाइएका औषधिहरु प्रयोग गरिन्छ भन्ने कुरा पूरा विश्वासका साथ भन्न सकिन्छ किनभने बाघको हड्डीमा हिउँ चितुवाका हड्डीहरु पनि मिसाइएका हुन्छन् । चीनमा भाले बाघको लिङ्गबाट एलर्जीलाई ठीक पार्न उपयोगी हुने तथा कामोत्तोजक औषधि बनाइने गरेको पाइएको छ । त्यसर्थ भाले हिउँ चितुवाको लिङ्गलाई पनि यस प्रकारका औषधि बनाउँन प्रयोग गरिंदैन भन्न सकिंदैन । वन्यजन्तु सम्बन्धी अवैध व्यापारको मूलजरो कुनै बेला यस प्रकारको व्यापार खुल्ला रहेकोलाई मान्न सकिन्छ ।

नेपालबाट जुन हिउँ चितुवाका अङ्गहरु तिब्बतको बाटोहुँदै चीन पुग्ने गरेका छन् ती मध्ये केही छिमेकी राष्ट्र भारत, पाकिस्तान, अफगानिस्तान आदिबाट नेपालमा ल्याएर त्यसपछि चीनमा पठाएको पनि हुन सक्छ ।

वन्यजन्तुका अङ्गहरुको ओसारपसार चोरी निकाशी तथा अवैध व्यापारका लागि नेपाली भूमि पारवाहन मार्गका रूपमा अर्थात् “ट्रान्जिट वे” को रूपमा पनि प्रयोग भइरहेको मानिन्छ ।

## हिउँ चितुवाको अङ्गहरूको अवैध व्यापार गर्नु अन्य वन्यजन्तुको दाँजोमा किन सजिलो छ ?

यसको मुख्य कारण बेच्ने र किन्ने अपराधीहरुको बसोबास गर्ने स्थानहरु धेरै नजिक हुनु नै हो । अन्य कारणहरुमा हिउँ चितुवा पाइने स्थानहरुको विकटताले गर्दा विद्यमान कानूनहरु कडाईका साथ पालना गर्न लगाउँन नसक्नु, सजिलैसंग नेपाल चीन सीमामा आवतजावत गर्न पाउँनु, दुबैतिरका बासिन्दाहरुको (विशेष गरिकन हिउँ चितुवाको अवैध ब्यापारमा संलग्न हुनेहरुको) करिव–करिव एउटै भाषा र भेषभूषा हुनु, केही स्थानहरुमा सीमा खुल्ला हुनु इत्यादि हुन् ।

## आफ्नो क्षेत्रमा हिउँ चितुवाको संरक्षण गरेमा स्थानीय बासिन्दालाई कसरी फाइदा हुन सक्छ ?

हिमाली क्षेत्रमा पाइने जंगली बिरालो प्रजातिको मांशाहारी जन्तुहरुमा हिउँ चितुवा सबैभन्दा ठूलो वन्यजन्तु हो । यसको मुख्य आहारा नाउर र झारल भएकोले यिनीहरुलाई खाएर त्यस स्थानमा तिनको संख्यालई चाहिनेभन्दा बढी बढ्न दिएको हुँदैन । कतिपय स्थानहरुमा नाउर, झारल र घोरलले स्थानीय गाउँलेहरुको बारीमा गएर लगाएको अन्नलाई खाने गरेको पाइन्छ । त्यस्ता स्थानहरुमा यदि यिनको संख्या वर्षेनी बढ्दै गयो भने बालीनालीलाई झन् बढी नोक्सान पुग्न जान्छ । अतः हिउँ चितुवाले अप्रत्यक्ष रूपमा स्थानीय बासिन्दाको बालिनालीलाई सुरक्षा प्रदान गरेको हुन्छ भन्न सकिन्छ ।

हिउँ चितुवा पाइने स्थानहरुमा स्वदेशी र विदेशी पर्यटक, अनुसन्धानकर्ता, वृतचित्र र चलचित्र निर्माणकर्ताहरुले भ्रमण गर्ने प्रबल सम्भावना हुन्छ । उनीहरुले उपरोक्त कार्य गर्ने समयमा स्थानीय बासिन्दालाई पथप्रदर्शक, सहयोगी वा भरियाको रूपमा काम दिन्छन् । यसरी बाहिरबाट त्यहाँ पुगेका



१. नेपालमा प्रथम पटक हिउँ चितुवाको विस्तृत अध्ययन गरिएको लांगु उपत्यका ।



२. पासोमा परेको हिउँ चितुवालाई बेहोश पार्ने कार्य गरिँदै ।



३. हिउँ चितुवालाई रेडियो-कलर लगाएर छोडिएको ।



४. हिउँ चितुवा आफ्नो प्राकृतिक बासस्थानमा, शे–फोक्सुण्डो रा.नि. ।



५. हिउँ चितुवा आफ्नो प्राकृतिक बासस्थानमा, कंचनजङ्घा सं.क्षे. ।



६. हिउँ चितुवा आफ्नो प्राकृतिक बासस्थानमा, सगरमाथा रा.नि. ।

७. हिउँ चितुवाको स्वचालित क्यामराबाट लिइएको तस्विर ।





८. बेहोश पारिएको हिउँ चितुवा जसको रंग वातावरणसंग ठयाम्मै मिलेको छ ।

९. हिउँ चितुवाको जोडी जर्मनीको चिडियाखानामा ।






१०

११





१२

१०, ११, १२. नेपालमा हिउँ चितुवा सम्बन्धी गरिएका अध्ययन अनुसन्धानका झलकहरु ।




१३, १४. हिउँ चितुवाका पाइलाहरु ।




१५, १६. हिउँ चितुवाले जमिनमा खोस्रेर आफ्नो उपस्थिति जनाएको ।





१७, १८, १९. हिउँ चितुवाका विष्टा, विष्टामा घाँस खाएको पनि देखिन्छ ।



२०. लाङ्गटाङ्गको एउटा गुम्बामा राखिएको हिउँ चितुवा र अन्य जन्तुका छालाहरु ।

२१. मुस्ताङको एउटा छोर्तेनमा राखिएका विभिन्न वन्यजन्तुहरुका सिङहरु ।





२२. मुस्ताङको चराङमा एउटा गुम्बामा हिउँ चितुवा मानेर स्टफ गरेर राखिएको चितुवाको छाला ।



२३. सामजुङ, उपल्लो मुस्ताङमा हिउँ चितुवाको बासस्थान ।



२४. हिउँ चितुवाको बासस्थान, मुस्ताङ ।



२५. हिउँ चितुवाको बासस्थान, मुस्ताङ ।



२६. दामोदरकुण्ड क्षेत्रमा हिउँ चितुवाको बासस्थान ।



२७. हिउँ चितुवाको बासस्थानः भप्राश र निलगिरी हिमाल क्षेत्र, मुस्ताङ ।



२८. हिउँ चितुवाको बासस्थानः लाङटाङको लांगशिशा क्षेत्र ।



२९. कंचनजङ्घा सं.क्षे.मा हिउँ चितुवाको मुख्य आहारा मानिएका नाउरहरु ।



३०. लांगु उपत्यका (मुगु जिल्ला) मा नाउरहरु ।



३१. खेतबारीमा चर्दै नाउरहरु, मुस्ताङ ।



३२. हिउँ चितुवाको आहारा मानिएका झारलहरु लाङ्गटाङ्ग रा.नि.मा ।



३३. हिउँ चितुवाको आहारा प्रजाति नायन भेडा दामोदरकुण्ड क्षेत्रमा ।



३४. हिउँ चितुवाको आहारा प्रजाति कियांग (जंगली गधा) सामजुङ मुस्ताङ क्षेत्रमा ।



३५. सामजुङ गाँउ (मुस्ताङ) को एउटा गुम्बामा राखिएका हिउँ चितुवाको छाला ।

३६. हिउँ चितुवाले मारेको झारलको टाउको देखाउँदै लाङटाङ उपत्यकाको स्थानीय बासिन्दा ।





३७. दामोदर कुण्ड क्षेत्रमा हिउँ चितुवाले मारेको शंका गरिएको नाउर र नायन भेडाका खप्परहरु देखाउँदै स्थानीय गोठालो ।

३८. हिउँ चितुवाको बासस्थानमा पदयात्रा गर्दै पर्यटकहरु, लाङ्गटाङ्ग रा. नि. ।





३९. हिउँ चितुवाको बासस्थानमा डेरा जमाएका पर्यटकहरु, कंचनजङ्घा आधार शिविर ।

४०. पर्यटकहरुको लागि गरिएका विभिन्न कार्यहरुले हिउँ चितुवालाई केही बाधा त अवश्य पुऱ्याउँछ, मुस्ताङ ।





४१. उच्च हिमाली भेकमा वस्तुभाउहरु आय–आर्जनका लागि निकै महत्वपूर्ण मानिन्छन्। उपल्लो मुस्ताङमा एउटा फिरन्ते क्याम्प ।



४२. कंचनजङ्घा सं क्षे.मा गोठालाको घरभित्र सुकाउँदै गरिएको छुर्पी ।



४३. चौरीमा कस्सिदै गरिएको अन्नको भारी, डोल्फु, मुगु ।




४४. हिउँ चितुवाको मुख्य बासस्थानमा चरिचरन गराउँदा उसलाई नकारात्मक असर पर्छ ।



४५. चौरी र नाउरहरुले एउटै बासस्थान प्रयोग गर्दा, नाउरलाई खानाको कमी र रोग सर्ने सम्भावना हुन्छ ।



४६. चौरी र झारलहरुले एउटै बासस्थान प्रयोग गर्दा झारललाई रोग सर्ने सम्भावना हुन्छ ।



४७. राति असुर–क्षित तरिकाले गोठमा भेडा बाख्री राख्दा हिउँ चितुवाले आक्रमण गर्ने सम्भावना हुन्छ ।

४८. जंगलमा भेडा बाख्रीहरु यसरी छोडेर चराउँदा पनि हिउँ चितुवाले मार्ने सम्भावना हुन्छ ।





४९. हिउँ चितुवाले मारेको खसी र उसको घाँटीमा पारेको प्वाल ।

५०. हिउँ चितुवाले घाउ पारेर घाइते बनाएको याक ।





५१. फु गाँउमा एकै पटक हिउँ चितुवाले मारेका पचासौ भेडाहरु ।

५२. कंचनजङ्घा सं.क्षे.मा हिउँ चितुवाको शिकारलाई आफ्नो शिकार बनाउँदै स्थानीय बासिन्दाहरु।






५३. यस्तो पनि हुन्छः लाङ्गटाङ्ग उपत्यकामा चौरी बढी प्लास्टिक खाएर मरेको थियो तर गाँउलेहरुले हिउँ चितुवालाई ढोष ढिएका थिए ।

५४. भोटे कुकुर गोठमा राखेर हिउँ चितुवाबाट सुरक्षा त हुन्छ तर तिनले अन्य वन्यजन्तुलाई मारेर खान पनि सक्छन ।





५५. चितुवा मारेर घरघर डुल्याए झैं कुनै समय मनाङतिर हिउँ चितुवालाई पनि मारेर यस्तै गरिन्थ्यो ।



५६. वन्यजन्तुहरुको अवैध शिकार अझै पनि रोकिएको छैन ।



५७. यो अर्ध–वयस्क हिउँ चितुवा सायद विष राखेर मारिएको थियो ।









५८, ५९, ६०. ६१ हड्डी, नंग्रा र छालाको लागि हिउँ चितुवाको अवैध शिकार गरिन्छ ।




६२. हिउँ चितुवाको महत्व स्थानीयहरुलाई बुझाएर मात्र यसको संरक्षण गर्न सकिन्छ ।



६३. हिउँ चितुवाको संरक्षणमा स्थानीय धर्म गुरूहरुले धेरै ठूलो भूमिका खेल्न सक्छन् ।



६४. आफ्नो वरपरको वातावरण स्वच्छ र सन्तुलित भएपछि मात्र अनुहारमा खुशी आउँछ ।



६५. नेपालमा हिउँ चितुवाका आहारा प्रजातिहरु ।

व्यक्तिहरु स्थानीय होटेलमा बास बस्छन् । स्थानीय उत्पादनका खाद्य र अन्य सामाग्रीहरु किन्छन् र यसरी प्रत्यक्ष आम्दानीको स्रोत हुन पुग्दछ । त्यस्तै पर्यापर्यटनका लागि पर्यटकहरु आउँछन् र माथि उल्लेख गरिए झैं आम्दानी हुने सम्भावना धेरै हुन्छ । ती पर्यटक आफ्नो देशमा फर्किए पछि पनि तिनले त्यस स्थानको बेलीविस्तार लगाउने हुँदा अरू नयाँ पर्यटकहरुले त्यहाँ भ्रमण गर्ने प्रबल सम्भावना हुन्छ ।

कुनै स्थानमा पर्यापर्यटनको विकास गर्न बाटो, पानी, पुल र अन्य भौतिक पूर्वाधारका कुराहरु आवश्यक हुन्छन् । तसर्थ हिउँ चितुवाले पर्यटकहरुलाई तान्छ । पर्यटकहरुबाट सरकारले पनि फाइदा लिने हुँदा उनीहरुको सुविधाका लागि उपरोक्त भौतिक पूर्वाधारका लागि आवश्यक संरचनाहरुको निर्माण गरिन्छ जसको फाइदा स्थानीयहरुले पनि लिन्छन् । यसका अतिरिक्त पर्यापर्यटनबाट सरकारले उठाएको रकम स्थानीय तहमा पनि खर्च गर्नुपर्ने भएकोले यसरी प्राप्त रकमबाट विद्यालय, अस्पताल जस्ता कुराहरुको स्थापना गर्न सकिन्छ । घरपालुवा वस्तुहरुलाई हिउँ चितुवाले मारेको खण्डमा त्यसको राहत रकम पाइने हुन्छ । हिउँ चितुवा संरक्षण समिति गठन गरेर सम्बन्धित सदस्यहरुले फाइदा लिन सक्छन् ।

## नेपालका संरक्षित क्षेत्रहरूमा हिउँ चितुवा र यसका आहारा प्रजातिहरूको विविधता र अवस्था

नेपालका २० वटा संरक्षित र ११ वटा मध्यवर्तीक्षेत्रहरुमध्ये उत्तरीभागमा रहेका १० वटा संरक्षित र एउटा मध्यवर्तीक्षेत्रहरुमा हिउँ चितुवा भएको पुष्टि भएको छ । शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको लांगु उपत्यकाको पश्चिम दिशाको तल्लो भाग जुन मध्यवर्ती क्षेत्रतिर पर्छ, वाङ्ग्री, कात्तिक, किमरी र चुती (चिताइँ) गाउँहरुका क्षेत्रमा हिउँ चितुवा पाइन्छ । अन्य संरक्षितक्षेत्रका मध्यवर्ती क्षेत्रमा हिउँ चितुवा पाइने धेरै सम्भावना भएको भए तापनि त्यसको पुष्टि हुन बाँकी छ । हिउँ चितुवा पाइने संरक्षित क्षेत्रहरुका बारेमा, विशेष गरिकन हिउँ चितुवा र त्यसका आहारा प्रजातिहरुको अवस्था र विविधतालाई यहाँ प्रस्तुत गरिएको छ ।

तालिका–५ः नेपालका संरक्षित क्षेत्रहरुमा हिउँ चितुवा र यसका आहारा प्रजातिहरुको विविधता र अवस्था

| क्र. सं. | संरक्षित क्षेत्र | क्षेत्रफल वर्ग कि.मी. | आहारा प्रजातिहरु | |
|---|---|---|---|---|
| | | | मुख्य | अन्य |
| १ | अपिनाम्पा संरक्षण क्षेत्र | ११०३ | नाउर | कस्तूरी मृग, घोरल र कालिज प्रजातिका चराहरु |
| २ | शे–फोक्सुण्डो रा. नि. | ३५५५ | नाउर र झारल | कस्तूरी मृग, घोरल, फ्याउमुसो, ठुटेखरायो, खरायो, लंगुर, डाँफे र कालिज प्रजातिका अन्य चराहरु |
| ३ | ढोरपाटन शिकार आरक्ष | १३२५ | नाउर र झारल | कस्तूरी मृग, घोरल, बँदेल, ठुटेखरायो र कालिज प्रजातिका चराहरु |
| ४ | अन्नपूर्ण संरक्षण क्षेत्र | ७६२९ | नाउर | नायन, कियांग, घोवा, कस्तूरी मृग, घोरल, फ्याउमुसो, ठुटेखरायो, खरायो, डाँफे र कालिज प्रजातिका अन्य चराहरु |
| ५ | मनास्लु संरक्षण क्षेत्र | १६६३ | नाउर र झारल | कस्तूरी मृग, घोरल, फ्याउमुसो, ठुटेखरायो, खरायो, र कालिज प्रजातिका चराहरु |
| ६ | लाङ्गटाङ्ग रा. नि. | १७१० | झारल | कस्तूरी मृग, घोरल, ठुटे खरायो, बँदेल, डाँफे र कालिज प्रजातिका अन्य चराहरु |

| | | | | |
|---|---|---|---|---|
| ७ | गौरीशंकर संरक्षण क्षेत्र | २१७९ | नाउर र झारल | कस्तूरी मृग, घोरल, फ्याउमुसो, ठुटेखरायो, खरायो, डाँफे, चिलिमे र कालिज प्रजातिका अन्य चराहरु |
| ८ | सगरमाथा रा. नि. | ११४८ | झारल | कस्तूरी मृग, घोरल, ठुटे खरायो, डाँफे, चिलिमे र कालिज प्रजातिका अन्य चराहरु |
| ९ | मकालु–बरुण रा. नि. | १५०० | झारल | कस्तूरी मृग, घोरल, ठुटेखरायो, र कालिज प्रजातिका चराहरु |
| १० | कन्चनजङ्घा संरक्षण क्षेत्र | २०३५ | नाउर | कस्तूरी मृग, घोरल, फ्याउमुसो, लंगुर, ठुटेखरायो, खरायो, र कालिज प्रजातिका चराहरु |

## अपिनाम्पा संरक्षण क्षेत्र

वि. सं. २०६६मा स्थापित भएको सुदूर पश्चिमको दार्चुला जिल्लामा अवस्थित १९०३ वर्ग कि.मी. क्षेत्रफल भएको यस संरक्षण क्षेत्रमा हिउँ चितुवाको उपस्थितिको पुष्टि स्थानीय बासिन्दाको घरमा भेट्टाइएको र त्यसै क्षेत्रबाट संकलन गरिएको छालाबाट भएको छ । हिउँ चितुवाको प्रमुख आहारा मानिएको नाउरको बाक्लो उपस्थिति र कस्तूरी मृग, घोरल जस्ता अन्य आहारा प्रजातिहरु पनि राम्रो संख्यामा पाइने भएकाले यस संरक्षण क्षेत्रमा हिउँ चितुवाको संख्या र घनत्व राम्रै भएको अनुमान गर्न सकिन्छ । यसबारे सकेसम्म चाँडो अध्ययन अनुसन्धान गरी यहाँका हिउँ चितुवाको संख्या तथा विभिन्न पक्षका बारे जानकारी संकलन गर्नु पर्ने नितान्त आवश्यक देखिन्छ ।

## शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज

वि.सं.२०४० मा स्थापना भएको र ३५५० वर्ग कि.मी. क्षेत्रफल भएको

यस निकुञ्जको स्थापना हुनु पूर्व नै, यहाँ हिउँ चितुवा पाइने कुराको पुष्टि विभिन्न अध्ययन, अनुसन्धान र प्रकाशनहरुले गरिसकेको पाइन्छ। पिटर मथेशनले सन् १९७९ मा लेखेको पुस्तक “स्नो लेपर्ड” ले त शे–गोम्पा र हिउँ चितुवा हेर्नलाई यो क्षेत्र पर्यटकहरुका लागि महत्पूर्ण गन्तव्य स्थल बनाएको थियो । नेपालमा हिउँ चितुवाको प्रथम पटक वैज्ञानिक अनुसन्धानको थालनी पनि यसै निकुञ्जबाट भएको थियो । यति मात्र हैन संसारमा नै प्रथम पटक हिउँ चितुवाकै बासस्थानमा उसलाई पासोमा पारेर, अनि रोडियो कलर गरेर उनकै प्राकृतिक बासस्थानमा छोडिएको थियो, तर त्यसबखत लांगु उपत्यकाको यो क्षेत्र यस निकुञ्जमा गाभिएको थिएन ।

यस निकुञ्जको लांगु उपत्यकामा नेपालभरिनै सबैभन्दा बढी हिउँ चितुवाको घनत्व, १०० वर्ग कि.मी.मा ८–१० वटा हिउँ चितुवा भेटिएको छ । लांगु उपत्यकामा यसको प्रमुख आहारा प्रजाति मानिएका नाउर र झारलहरु प्रशस्त भेटिन्छन् भने अन्य क्षेत्रमा नाउर नै यसको प्रमुख आहारा प्रजाति भएको देखिन्छ । नाउर र झारलका अतिरिक्त कस्तूरी मृग, घोरल, फ्याउमुसो, खरायो, ठुटेखरायो र डाँफे लगायत अन्य कालिज चरा प्रजातिहरु यसका आहारा हुन् । मुगु जिल्लाको लाँगु उपत्यका र डोल्पा जिल्लाको शे–गोम्पा, भिजेर र सालदाङ क्षेत्र हिउँ चितुवा बढी पाइने यस निकुञ्जका स्थानहरु हुन् ।

हिउँ चितुवाको बासस्थानमा गोठ राखेर चरिचरन गर्ने परिपाटी यहाँ पनि व्याप्त छ र ठूलो संख्यामा हिउँ चितुवाद्धारा घरपालुवा पशुहरु मारिने भएकोले, प्रतिशोधको भावनाले विभिन्न तरीकाहरु प्रयोग गरेर हिउँ चितुवा मार्ने गरेका घटनाहरु यहाँ प्रशस्त घट्दछन् । शे–फोक्सुण्डो क्षेत्रमा गरिएको एक अध्ययन अनुसार त्यहाँका स्थानीय बासिन्दाले बर्षेनी ११.०८ % वस्तुभाउहरु हिउँ चितुवाका कारण गुमाउँनु परेको देखिन्छ । यसरी गुमाउनु परेको घरपालुवा पशुहरुमध्ये सबैभन्दा बढी भेडा–बाख्री (६७.६९%) र सबैभन्दा कम घोडाहरु (२.१%) भएको पाइएको छ । यस निकुञ्जमा गरिएको हिउँ चितुवाको विष्टाको विश्लेषणबाट ३०% आहारा नाउरको भएको पाइएको तथा हिउँ चितुवाले आहारा प्रजातिको

प्रचुरता अनुसार तिनीहरुलाई नखाने गरेको भेटिएको छ ।

हिउँ चितुवा र उसको आहारा प्रजातिको अवैध शिकार विशेष गरिकन मासु खान र आयआर्जनका लागि यस निकुञ्जमा धेरै हुने पनि देखिएको छ । लांगु उपत्यका अवैध शिकारका लागि स्वर्ग नै मानिन्छ र अझै पनि त्यहां व्यवस्थापनको उचित संरचना नभएकोले प्रशस्त वन्यजन्तुहरु स्थानीय शिकारीहरुबाट मारिन्छन् । सन् २००७ मा गरिएको एक अध्ययनमा २००२ देखि २००७ सम्म लांगु उपत्यकामा आठ वटा हिउँ चितुवाहरु मारिएको कुरा गाँउलेहरुले बताएका थिए । ती मारिएका हिउँ चितुवाहरुका छाला र हड्डीहरु मुगुगाँउको बाटो हुँदै तिब्बतमा लगेर बेचिएको कुरा पनि गाउँलेहरुले बताएका थिए । भनिन्छ, त्यसबेला चोरी शिकार गरेर हिउँ चितुवाको संख्यामा निक्कै कमी आएका कारण नाउरको संख्या यसरी ह्वात्त बढ्यो कि नाउरहरुले गाउँ नजिकका बारीमा आएर त्यहाँ लगाइएका अन्नपातहरु खाएर सखाप पार्न थाले जुन कुरा त्यसभन्दा अघि गाउँलेहरुले कहिल्यै पनि देखेका र व्यहोरेका थिएनन् । हालसालै एक विदेशीले डोल्पा क्षेत्रमा स्थानीय गाउँलेहरुले तीनवटा हिउँ चितुवाहरु मारेर गुफामा फालेको भिडियो खिचेर युट्युबडटकममा राखेको छ । मारिएका ती तीनवटा हिउँ चितुवाहरुमध्ये दुईवटा अलि पहिले र एउटा हालसालै मारेर (झिंगा भन्किएकाले) फालेको जस्तो देखियो । यसबाट हिउँ चितुवा मार्ने प्रवृति त्यस क्षेत्रमा नरोकिएको तर कानूनी कारवाहीको डरका कारण छालाहरुको अवैध व्यापार कम भएको जस्तो देखिन्छ ।

हालको पृष्ठभूमिमा यस निकुञ्जमा हिउँ चितुवाको संरक्षण सम्बन्धी जनचेतना जगाउने कार्यको थालनी भइसकेको छ । केही क्षेत्रमा हिउँ चितुवा संरक्षण उपसमितिहरु गठन भइसकेको छन् । आय आर्जनको अर्को उपाए विशेष गरिकन यार्सागुम्बाको संकलन र बेचविखनवाट पर्याप्त धन कमाउँने भएकाले लांगु उपत्यकामा केही खतरनाक, कुख्यात शिकारीहरुले समेत अवैध शिकार धेरै कम गर्ने गरेको बुझिएको छ । तर नेपालमा हिउँ चितुवा पाइने अन्य संरक्षित क्षेत्रहरुको दाँजोमा यस निकुञ्जमा यस दुर्लभ वन्यजन्तुको संरक्षणप्रति अझै पनि धेरै कुराहरु गर्नु पर्ने देखिन्छ ।

## ढोरपाटन शिकार आरक्ष

वि.सं. २०४४मा स्थापना भएको र १३२५ वर्ग कि.मी. क्षेत्रफल भएको नेपालको एउटा मात्र शिकार आरक्ष हो । यस आरक्षमा हिउँ चितुवा पाइने संरक्षित क्षेत्रहरुको ढाँजोमा स्तरीय अध्ययन, अनुसन्धान नभएको पाइन्छ, अतः हिउँ चितुवाको संख्या र घनत्वबारे स्पष्ट जानकारी उपलब्ध भएको पाइदैन । यस आरक्षमा नेपालमा पाइने हिउँ चितुवाको मुख्य आहारा मानिएको नाउरका साथै झारल, घोरल, कस्तूरी मृग लगायत अन्य हिउँ चितुवाका आहारा प्रजातिहरु पाइन्छन् । सन् २००७ मा गरिएको गणना अनुसार यस आरक्षमा नाउरको संख्यामा ८५२ भेटिएको छ । तर फागुने र बार्से क्षेत्रमा गरिएको एउटा अध्ययनले हिउँ चितुवाले नाउरभन्दा ठुटेखरायो बढी खाएको भेटिएको छ । सोही अध्ययनमा हिउँ चितुवाले झारलभन्दा बढी बँदेललाई खाने गरेको पनि भेटिएको छ ।

यहाँ बर्षेनी वैध र अवैध रूपमा नाउरको शिकार गरिने हुँदा, र ती वैध शिकारीहरुले ठूला भालेहरुलाई मात्र मार्न पाउने र मासुको लागि अवैध शिकार गर्दा बढी मासु हुने कारणले गरेर ठूलो भालेहरुलाई मात्र मार्ने गरेको कारण पोथी नाउरभन्दा भालेको संख्या धेरै कम भएको पनि अध्ययनले देखाएको छ । यस आरक्षमा हिउँ चितुवाको अतिरिक्त चितुवा, ब्वाँसो, ढोले, रातो फ्याउरो समेत पाउने भएकोले आहाराका लागि यी मासांहारी वन्यजन्तुहरुको बीचमा ठूलो द्धन्द्ध हुने गरेको पनि पाइएको छ । आहारा प्रजातिको चोरीशिकार हुनु र हिउँ चितुवाको स्तरीय अध्ययन, अनुसन्धान नहुनु नै यस आरक्षमा हिउँ चितुवा संरक्षणका लागि ठूला समस्याहरु हुन् ।

## अन्नपूर्ण संरक्षण क्षेत्र

२०४८ सालमा स्थापना भएको र ७६२९ वर्ग कि.मी. क्षेत्रफल भएको यो संरक्षण क्षेत्र नेपालको सबैभन्दा बढी क्षेत्रफल भएको संरक्षित क्षेत्र हो । हिउँ चितुवाको प्राकृतिक आहारा प्रजातिहरुको विविधता पनि यस संरक्षण क्षेत्रमा अरूको भन्दा बढी छ । नायन, कियांग र घोवा जस्ता स्तनधारी जन्तुहरु जुन हिउँ चितुवाका आहारा प्रजातिहरु हुन् जुन यस

संरक्षण क्षेत्र बाहेक नेपालका अन्य कुनै हिमाली भेकमा स्थापित संरक्षित क्षेत्रहरुमा पाइदैन । यस संरक्षण क्षेत्रमा मनाङ र मुस्ताङ जिल्लाका उपल्लो भेकमा विशेष गरिकन हिमाल पारिको क्षेत्रमा तिब्बती पठारहरु भएको बासस्थानहरु पाइने भएकाले नै उपरोक्त वन्यजन्तुहरु पाइन्छन् ।

हिउँ चितुवा सम्बन्धी अध्ययन अनुसन्धान पनि यस संरक्षण क्षेत्रमा प्रशस्त भएको छ, र यो क्रम अझै पनि जारी छ । मुस्ताङ जिल्लाको साङ्टा, सामजुङ र दामोदरकुण्ड क्षेत्र, मनाङ जिल्लाको याक खर्क, नार र फूगाउँहरु तथा खांगसार गाउँको माथिलो भू–भाग हिउँ चितुवा र नाउर पाइने यस संरक्षण क्षेत्रका प्रमुख स्थलहरु हुन् । कास्की जिल्लाको अन्नपूर्ण आधार शिविरमा झारलहरुको राम्रो उपस्थिति भएको भएतापनि त्यहाँ हिउँ चितुवा हालसम्म फेला परेको छैन ।

यस संरक्षण क्षेत्रमा हिउँ चितुवाको मुख्य प्राकृतिक आहारा नाउर नै भएको भए तापनि अन्य आहारा प्रजातिको सूची निकै लामो छ । हिमालपारिको उपल्लो मुस्ताङ क्षेत्रमा माथि भनिए झैं नायन, कियांग (जंगली गधा), घोवा, कस्तूरी मृग, फ्याउमुसो, खरायो र ठुटेखरायो हिउँ चितुवाका अन्य आहारा प्रजाति हुन् भने अन्य क्षेत्रमा घोरल, कस्तूरी मृग, फ्याउमुसो, खरायो, ठुटेखरायो, ढेडू बाँदर र बिभिन्न प्रजातिका कालिज चराहरु खाने गरेको पाइन्छ । जंगली याक ४५ बर्ष अघिसम्म मुस्ताङ जिल्लामा पाइने भएतापनि हालका दिनहरुमा यो त्यहाँबाट लोप भइसकेको छ । उपल्लो मुस्ताङ जिल्लामा फ्याउमुसो प्रशस्त पाइने भएकोले यस प्रजातिले हिउँ चितुवाको अन्य आहारा प्रजातिमा पर्ने भारलाई कम गर्ने गरेको पाइएको छ । यस संरक्षण क्षेत्रमा ब्वाँसो, रातो भालु, रातो फ्याउरो, पाहन बिरालो र स्याल तथा चितुवा समेत प्रशस्त मात्रामा पाइने भएकोले यिनीहरुले आहाराको लागि हिउँ चितुवासँग प्रतिस्पर्धा गर्ने कुरामा कुनै शंका छैन ।

हिउँ चितुवाको बासस्थान भएका सम्पूर्ण क्षेत्रहरुमा स्थानीय बासिन्दाहरुले गोठ राखेर चरिचरन गराउने हुँदा घरपालुवा जनावरहरुलाई यसले मारेर खाने गरेका घटनाहरु बढी नै हुन्छन् । लो–मान्थाङ र नार–फू क्षेत्रमा हिउँ चितुवाले गोठभित्र पसेर एकै रातमा ६०–७० वटा भेडा–च्याङ्ग्राहरु मारेका

घटनाहरु पनि घटित भएका छन् । मनाङ जिल्लामा सम्पूर्ण वस्तुभाउको २.६% हिउँ चितुवाले मार्ने तथ्य भेटिएको छ । आयआर्जन र प्रतिशोधको भावनाले हिउँ चितुवालाई मार्ने घटनाहरु पनि आजसम्म छिटपुट भइरहेको पाइन्छ । यसको ताजा उदाहरणका रूपमा हालसालै गोठालाहरुले जोमसोम र मार्फाको बीचमा पर्ने चरन क्षेत्रतिर मारेर फेला पारिएका दुईवटा हिउँ चितुवाका छालालाई लिन सकिन्छ ।

हिउँ चितुवाको संरक्षणका लागि यहाँ प्रशस्त कार्य भएको देखिन्छ । मुस्ताङ र मनाङ जिल्लामा हिउँ चितुवा संरक्षण उपसमितिहरु गठन भएका छन् । यिनका सदस्यहरुले समय–समयमा हिउँ चितुवाको बासस्थानहरुमा गएर चोरी शिकार जस्ता गतिविधिको निरीक्षण गर्ने गरेका छन् । मनाङ जिल्लामा हिउँ चितुवाद्धारा मारिएका घरपालुवा पशुहरुको धनीलाई राहत रकम उपलब्ध गराउँने योजना लागू गरिएको छ । मुस्ताङ जिल्लामा हिउँ चितुवाबाट घरपालुवा जन्तुहरुलाई जोगाउँन परभक्षीरोधक गोठहरु निर्माण गरिएका छन्, जुन कार्यले राम्रो नतिजा दिएको छ । हिउँ चितुवा र नाउरका चिन्हहरु तथा संख्याको अनुगमन गर्ने वैज्ञानिक विधि तयार गरेर विभिन्न स्थानहरुमा प्रयोग गरिएको छ । वन्यजन्तु विशेष गरिकन हिउँ चितुवा र उसको आहारा प्रजातिको संरक्षणका लागि स्थानीय जनतामा पनि निकै चेतना आएको देखिन्छ र वन्यजन्तु संरक्षण विरोधी कार्य गरेबापत स्थानीय स्तरमा नै सम्बन्धितलाई कडा सजाय दिइएको पनि देखिएको छ । मुस्ताङ जिल्लामा हिउँ चितुवाका स्काउट्सको पनि गठन भएको छ (हेर्नुहोस् परिशिष्ट–५)। बौद्ध धर्मावलम्बीहरुको बाहुल्य भएकोले, स्थानीय गाउँलेहरुमा जैविक विविधताको संरक्षणमा चेतना जागृत भएकोले तथा राम्रो व्यवस्थापनका कारण आउँदा वर्षहरुमा यस संरक्षण क्षेत्रमा हिउँ चितुवाको संख्या बढ्ने देखिन्छ ।

## मनास्लु संरक्षण क्षेत्र

वि.सं. २०५४ मा स्थापना भएको र १६६३ वर्ग कि.मी. क्षेत्रफल भएको यस संरक्षण क्षेत्रमा हिउँ चितुवाको बाक्लै उपस्थिति भएको विश्वास गरिएको भएतापनि हालसम्म यस दुर्लभ वन्यजन्तुबारे त्यस क्षेत्रमा गहन अध्ययन

अनुसन्धान गरेको पाइँदैन । मनास्लु संरक्षण क्षेत्रभित्र सन् १९९८ मा करन शाहले गरेको एक अध्ययन अनुसार हिउँ चितुवा त्यहाँका ३००० मिटर भन्दामाथि भएका सम्पूर्ण बासस्थानहरु (जसलाई स्थानीय वासिन्दाहरुले चरनक्षेत्रको रूपमा प्रयोग गर्छन्) मा पाइन्छ । हिउँ चितुवाले साम्दो, न्याले र छुले गाउँका बासिन्दाहरुको ठूलो संख्यामा घरपालुवा जन्तुहरुलाई मारेर खाने गरेको पाइएको थियो । प्राकृतिक कारणले मरेको भनिएको एउटा पोथी हिउँ चितुवाको छालाको साम्दो गाउँमा अवलोकन गरिएको थियो । प्रोक गाउँका केही व्यक्तिले एउटा वयस्क पोथी हिउँ चितुवा र उसका दुईवटा बच्चाहरु छुक गाउँभन्दा माथि मरेका फेला पारेका थिए । तीसँगै एउटा मरेको घोरल पनि थियो । त्यस स्थानमा चितुवाको पञ्जाका चिन्हहरु पनि देखिएकाले उनीहरुले सो चितुवाले हिउँ चितुवा र उसका बच्चाहरुलाई मारेको अनुमान गरेका थिए ।

मनास्लु संरक्षण क्षेत्रको हिउँ चितुवाले नाउर र झारललाई आफ्नो प्रमुख आहारा बनाएको देखिन्छ । साम्दो गाउँ भन्दा माथि र मनास्लु आधार शिविरमा नाउर थोरै पाइने भएतापनि न्याले गाउँको मुगुम्बा क्षेत्रमा ७० भन्दा पनि बढी नाउर पाइन्छन् । यस संरक्षण क्षेत्रमा नाउरको भन्दा झारलको संख्या र फैलावट बढी भएको भेटिएको छ । सामागाउँ, हिनान, स्याला, शो र न्याले गाउँहरुका क्षेत्रमा झारलहरु प्रशस्त छन् । एउटा ६७ वटा भालेहरु मात्र भएको झारलको झुण्ड श्याला गाउँ नजिक देखिएको थियो । नाउर र झारल बाहेक कस्तूरी मृग, घोरल, फ्याउमुसो, ठुटेखरायो, खरायो र कालिज प्रजातिका चराहरु त्यस क्षेत्रमा पाइने हिउँ चितुवाका अन्य आहारा प्रजातिहरु हुन् ।

यस संरक्षण क्षेत्रमा याक, चौरी, गाई, घोडा, खच्चर भेडा र बाख्रीलाई हिउँ चितुवाले मार्ने गरेको पाइएको छ । हिउँ चितुवाले वयस्क याक, चौरी र घोडालाई समेत मार्ने गरेको गुनासो गाउँलेहरुवाट सुनिन्छ । हिउँ चितुवाले वस्तुभाउको ठूलो नोक्सानी गर्ने गरेको पाइएतापनि स्थानीय वासिन्दाले प्रतिशोधको भावनाले उसलाई मार्ने वा कुनै अन्य नोक्सानी पुर्‍याउने प्रयत्न गरेको भेटिंदैन । यस संरक्षण क्षेत्रभित्र वसोवास गर्ने सातवटै गा.वि.स. का वासिन्दाहरु वौद्ध-धर्म मान्ने भएकाले वन्यजन्तु मात्र नभएर

घरपालुवा जनावरको समेत बध गर्ने कार्य गर्दैनन् ।

यस संरक्षण क्षेत्रभित्र जे जति चोरी शिकारीका घटनाहरु हुन्छन् त्यो काम अन्य जिल्लाबाट वा संरक्षण क्षेत्रभन्दा बाहिर बस्ने व्यक्तिहरुवाट हुने गरेको भेटिएको छ । चितुवा, पाहन बिरालो, कालो भालु, ब्वाँसो, जंगली कुकुर जस्ता अन्य मांसाहारी वन्यजन्तु पनि यस क्षेत्रमा पाइने भएकोले आहाराका लागि हिउँ चितुवासँग प्रतिस्पर्धा हुने कुरा छर्लङ्ग देखिन्छ ।

## लाङ्टाङ् राष्ट्रिय निकुञ्ज

वि.सं. २०३३ मा स्थापना भएको र १७१० वर्ग कि.मी. क्षेत्र ओगटेको यस राष्ट्रिय निकुञ्जमा हिउँ चितुवाको उपस्थितिको पुष्टि भएको धेरै समय भएको छैन । वि.सं. २०६० मा मात्र यस राष्ट्रिय निकुञ्जको लाङ्गटाङ्ग उपत्यकामा हिउँ चितुवालाई स्थानीय गाउँले र काठमाडौंबाट गएका केही अध्ययन, अनुसन्धानकर्त्ताहरुले देखेको कुरा विभिन्न संचार माध्यमहरुमा आएको थियो र यसलाई नै त्यहाँ हिउँ चितुवा पाइने कुराको प्रथम पटक पुष्टि भएको धारणा व्यक्त गरिएको थियो । जुन सही पनि थियो, कारण त्यसभन्दा अघि यस राष्ट्रिय निकुञ्जमा कुनै पनि व्यक्तिले गम्भीरताका साथ हिउँ चितुवाको अध्ययन गरेको थिएन ।

यो राष्ट्रिय निकुञ्ज स्थापना हुनु पूर्व एक जना विदेशी विशेषज्ञबाट गराइएको अध्ययनले कुनै अज्ञात कारणवश त्यहाँ हिउँ चितुवाको उपस्थिति देखाउँदैन । अस्सीको दशकतिर पनि लाङ्गटाङ्गमा हिउँ चितुवा पाइदैन भन्ने कुरा केही विदेशी हिउँ चितुवा अध्ययनकर्ताहरुको मुखबाट पनि सुनिएको थियो । कुनै–कुनै ती विदेशी विशेषज्ञले त यति सम्म भन्ने गरेका थिए कि लाङ्गटाङ्ग रा.नि.को अवस्था हेर्दा त्यहाँ हिउँ चितुवा पाउँने कुनै सम्भावना छैन । तर लाङ्गटाङ्गको वास्तविक यथार्थ अर्कै थियो ।

वि.सं.२०६४ मा डब्लुडब्लुएफ नेपालको सौजन्यबाट प्रा. करन बहादुर शाहको टोलीले यस रा.नि. मा हिउँ चितुवाको अध्ययन गरेको थियो र लाङ्गटाङ्ग उपत्यकामा पुगेको दोश्रो दिनमा नै एउटा वयस्क हिउँ चितुवाले १९ वटा झारल भएको एउटा बथानलाई असफल शिकार गरेको दृश्य

देखेको थियो । त्यस अध्ययन टोलीले लाङ्गटाङ्ग र लागंसिसा उपत्यकामा सातवटा झुण्डमा १०९ वटा झारल भेट्टाएको थियो । त्यस टोलीका सदस्यहरुले स्थानीय वासिन्दाहरुसंगको छलफलका क्रममा के थाहा पाए भने लाङ्गटाङ्गमा हिउं चितुवाको उपस्थिति सदियौंदेखिन हुंदै आएको छ । स्थानीय बूढापाकाको भनाई अनुसार बरू पहिले धेरै पाइन्थ्यो, तर आज–भोलि विभिन्न कारणवस त्यसको संख्या निक्कै कम भइसकेको छ र छिटपुट रूपमा मात्र देखिन्छ । ती स्थानीय बूढापाकाहरुले यतिसम्म भने कि ५०–६० वर्ष अघिसम्म त्यहां हिउं चितुवा यति धेरै पाइन्थ्यो कि मारेर त्यसको छालाबाट घोडाको काठी सजाउने कार्य समेत हुन्थ्यो ।

लाङ्गटाङ्गमा हिउं चितुवाको अहिलेको अवस्था संतोषजनक छैन, यसको मुख्य कारण पर्याप्त मात्रामा उसको आहारा प्रजाति नहुनु हो । यस रा.नि. मा हिउं चितुवाको मुख्य आहारा झारल हो तर चोरी शिकारका कारण यिनको संख्या धेरै घटिसकेको छ । आठ बर्ष अघि गरिएको हिउं चितुवाको अध्ययनमा कमसेकम चारवटा हिउं चितुवा भएको अनुमान भेट्टाइएका पाइलाहरुले देखाएको थियो । तर हालका दिनहरुमा त्यहां दुईवटा हिउं चितुवा मात्र भएको अनुमान गरिन्छ ।

यस निकुञ्जको अर्को विशेषता भनेको हिउँ चितुवाको प्रशस्त बासस्थान हुनु हो । वास्तवमा भन्ने हो भने यो स्थान नाउरका लागि बढी उपयुक्त देखिन्छ तर त्यहां नाउर छैनन् । कुनै बेला लाङ्गटाङ्ग रा.नि.मा नाउर मात्र होइन नायन भेडा समेत भएको कुरा पुराना अभिलेखहरुमा उल्लेखित गरेको पाइन्छ , तर आजभोलि यी दुवै हिउं चितुवाका आहारा प्रजातिहरु यहांबाट लोप भइसकेका छन् । नेपालका संरक्षित क्षेत्रहरु मध्ये लाङ्गटाङ्ग रा.नि.मात्र दोस्रो यस्तो क्षेत्र हो जसको लाङ्गटाङ्ग उपत्यकामा हिउं चितुवाले बंदेललाई खाने गरेको सम्भावना छ कारण लाङटाङमा बंदेल झण्डै ४००० मीटरको उंचाईसम्म पाइन्छ । झारल बाहेक कस्तूरी मृग, घोरल, ठुटेखरायो र डांफे तथा अन्य कालिज प्रजातिहरु यहां हिउं चितुवाका आहारा हुन् ।

यस निकुञ्जको दूधकुण्ड क्षेत्रमा पनि हिउं चितुवाको राम्रो बासस्थान छ । त्यहांबाट पनि हिउं चितुवा र उसका प्राकृतिक आहारा प्रजातिहरु

स्थानीय रूपमा लोप भइसकेका छन् । आहारा प्रजातिहरुको राम्रो संरक्षण र पुनर्स्थापना गर्‍यो भने मात्र लाङ्गटाङ्गमा हिउँ चितुवाको भविष्य राम्रो देखिन्छ ।

## गौरीशंकर संरक्षण क्षेत्र

वि. सं. २०६६ मा स्थापना भएको र २१७९ वर्ग कि.मी. क्षेत्रफल भएको यस संरक्षण क्षेत्रमा हिउँ चितुवाको उपस्थिति भएको पुष्टि विभिन्न अध्ययन, अनुसन्धानको माध्यमबाट भइसकेको छ । डा. जर्ज श्यालरले सन् १९७२ मा लप्ची गाउँ क्षेत्रमा (कांगचु उपत्यका) गरेको अध्ययन अनुसार त्यहाँ कमसेकम तीनवटा हिउँ चितुवा भएको पाएका थिए । ती हिउँ चितुवाले समय-समयमा तिब्बततिर जाने सम्भावना पनि रहेको पाइएको थियो । यस संरक्षण क्षेत्रको रोल्वालिङ क्षेत्रमा पनि एउटा हिउँ चितुवा भएको पुष्टि भएको छ, तर त्यो हिउँ चितुवा सगरमाथा रा.नि. क्षेत्रबाट टाशी लाप्चा-ला लेक हुँदै आएको सम्भावना छ भने अर्को तिर लप्चीगाउँतिरबाट पनि आएको हुन सक्छ । रोल्वालिङ उपत्यकामा हिउँ चितुवाको प्राकृतिक आहारा पर्याप्त नभएकोले एउटा मात्र पनि हिउँ चितुवा त्यहाँ स्थायी रूपमा बस्न नसक्ने देखिन्छ ।

यस संरक्षण क्षेत्रको खानीखोला, पाँचपोखरी क्षेत्र, फुल्पीङकट्टीको कन्साले डाँडा र स्यामा गा.वि.स.को लेकाली क्षेत्रमा पनि हिउँ चितुवा पाइने विश्वास स्थानीय वासिन्दाहरुले गरेको भएतापनि हालै गरिएका अध्ययनहरुले ती क्षेत्रहरुमा हिउँ चितुवा नभएको थाहा भएको छ । यी मध्येका केही स्थानहरुमा हिउँ चितुवाको प्राकृतिक आहारा झारल, कस्तूरी मृग जस्ता वन्यजन्तुहरु अझै पनि पाइने भएकोले, त्यहाँ उहिले हिउँ चितुवा पाइने भएको भएतापनि हाललाई स्थानीय रूपमा लोप भइसकेको देखिन्छ । अर्को सम्भावना भने यी क्षेत्रहरुमा पनि कहिलेकाहीँ सगरमाथा वा लाङ्गटाङ्ग रा.नि. बाट हिउँ चितुवा आउँने गरेको हुन सक्छ ।

यस संरक्षण क्षेत्रको कांगचु उपत्यका, लप्ची गाउँतिर हिउँ चितुवाको मुख्य प्राकृतिक आहारा नाउर छ भने रोल्वालिङ क्षेत्रमा झारल हो । सन् १९७२ को गणना अनुसार लप्ची क्षेत्रमा ७० भन्दा बढी नाउर

भेटिएका थिए । सन् २००८ र त्यसपछिको अध्ययनमा रोल्वालिङ उपत्यकामा १५ भन्दा कम झारलहरु भेटिए । प्राकृतिक आहाराको यो संख्याले एउटा पनि हिउँ चितुवा धान्न सक्दैन र फलस्वरूप हिउँ चितुवाले स्थानीय वासिन्दाका घरपालुवा गाईवस्तु, याकचौरी, भेडाबाख्रामा बढी निर्भर हुनु पर्ने देखिन्छ । हालसालै रोल्वालिङ उपत्यकामा गरिएका अध्ययनहरुले प्राकृतिक आहाराको कमी नै हिउँ चितुवाका लागि ठूलो चुनौती भएको निष्कर्ष निकालेका छन् । यहाँ नाउर र झारल बाहेक कस्तूरी मृग, घोरल, ठुटेखरायो, डाँफे तथा अन्य कालिज प्रजातिहरु हिउँ चितुवाका आहारा प्रजातिहरु हुन् । रोल्वालिङ क्षेत्रमा झारलको संख्या बढाएर तथा नाउरलाई पुनर्स्थापना गरेर मात्र यहाँ हिउँ चितुवाको भविष्य राम्रो हुन सक्छ ।

## सगरमाथा राष्ट्रिय निकुञ्ज

वि.सं.२०३३ मा स्थापना भएको र ११४८ वर्ग कि.मी. क्षेत्रफल भएको यस निकुञ्जमा हालका दिनहरुमा हिउँ चितुवाको पुनरागमन भएको विश्वास गरिन्छ । आजभन्दा झण्डै ५२ बर्ष पहिले वि.सं. २०१६ मा यस निकुञ्जवाट हिउँ चितुवा स्थानीयरूपमा लोप भएको थियो । यसको मुख्य कारण हिउँ चितुवाको आहारा प्रजातिको चोरी शिकार बढी भएकोलाई नै मान्न सकिन्छ । यो घटना सगरमाथा रा.नि.को स्थापना हुनु पूर्वको थियो । निकुञ्जको स्थापना पश्चात् विगत ३५ वर्षको संरक्षण तथा व्यवस्थापनबाट हिउँ चितुवाको आहारा प्रजातिको संख्या बढेका कारण हिउँ चितुवाको पुनरागमन भएको विश्वास गरिन्छ । यसै कारणले पनि २०३९ सालतिर छिमेकी तिब्बततिरबाट छिटपुट रूपमा यस निकुञ्ज क्षेत्रमा हिउँ चितुवा आउँने कुराको पुष्टि भएको छ ।

हाल सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र कमसेकम चार वटा हिउँ चितुवाहरुले स्थायी रूपमा बसोबास गर्ने अनुमान गरिएको छ । यस निकुञ्जमा झारल नै हिउँ चितुवाको मुख्य आहारा हो र अन्य आहारा प्रजातिहरुमा घोरल, कस्तूरी मृग, ठुटेखरायो र डाँफे तथा चिलिमे जस्ता कालिज वर्गका चराहरु हुन् । घरपालुवा जन्तुहरुलाई पनि समय-समयमा हिउँ चितुवाले मारेर खाने भएकोले गाउँलेहरुले यसलाई मार्ने सम्भावना

छ र फेरि हिउँ चितुवा यस निकुञ्जबाट विलोप भएर जाने सम्भावना पनि त्यति नै छ । हाललाई हिउँ चितुवाद्धारा घरपालुवा पशुहरु मारिने कुरा ठूलो समस्याका रूपमा नभएतापनि यसको प्राकृतिक आहारा झारलको संख्यामा कुनै कारणवश कमी आएका कारण घरपालुवा जनावरहरु बढी मार्ने समस्या आउन सक्छ । यस निकुञ्जमा वयस्क झारलभन्दा बच्चाहरुलाई हिउँ चितुवाले बढी खाने गरेको पाइएको हुँदा संरक्षणका हिसाबले यो कुरा राम्रो मानिंदैन ।

यस निकुञ्जको नाम्चे, फोर्त्से र गोक्यो क्षेत्रमा हिउँ चितुवाले विचरण गर्ने गरेका चिन्हहरु भेटिएका छन् भने डा.लोबारीका अनुसार १००० वर्ग कि.मी. क्षेत्रमा चारवटा हिउँ चितुवाहरु पाइने अनुमान गरिएको छ । डा.सोम आलेले सन् २००५ मा गरेको अध्ययन अनुसार एकदेखि तीन हिउँ चितुवा १०० वर्ग कि.मी. क्षेत्रमा बस्ने भनेका छन् । यहाँ हिउँ चितुवाका स्काउट्सको स्थापना गरिनुका साथै हिउँ चितुवाको संरक्षण सम्बन्धी अन्य कार्यक्रमहरुको पनि थालनी भएको छ ।

## मकालु बरुण राष्ट्रिय निकुञ्ज

वि.स. २०४७ मा स्थापना भएको र १५०० वर्ग कि.मी. क्षेत्रफल भएको यस राष्ट्रिय निकुञ्जमा हिउँ चितुवाको उपस्थितिको पुष्टि भएको भएतापनि यस जन्तुका बारेमा खास कुनै अध्ययन अनुसन्धान भएको पाइदैन । झारल यस निकुञ्जमा हिउँ चितुवाको प्रमुख आहारा प्रजाति हो, यसका साथै कस्तूरी मृग, घोरल, ठुटे खरायो र कालिज जातका चराहरू पनि यसका अन्य आहारा प्रजातिहरु हुन् । हिउँ चितुवाको बासस्थानलाई स्थानीय वासिन्दाहरुले मौसम अनुसार खर्कको रूपमा प्रयोग गर्ने भएकोले उनीहरुका घरपालुवा जन्तुहरुलाई हिउँ चितुवाले मारेर खाने गरेको कुरा सुन्नमा आएको छ ।

यस राष्ट्रिय निकुञ्जको सिमाना सगरमाथा राष्ट्रिय निकुञ्जसंग जोडिएको हुँदा यी दुवैको बीचमा हिउँ चितुवाले आवतजावत गर्ने प्रचुर सम्भावना छ । यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने किमाथांका गाउँ तिब्बत (चीन) को सिमानामा पर्ने भएकोले र व्यापारका लागि यो नाका खुल्ला भएको हुँदा

वन्यजन्तु विशेष गरिकन हिउँ चितुवाको आखेटोपहारको चोरी निकाशी हुने सम्भावना पनि बढी छ । हिउँ चितुवा सम्बन्धी अध्ययन अनुसन्धानको कमीका कारण यहाँ विशेष संरक्षण कार्यक्रमहरु लागू गर्न सकिएको छैन ।

## कञ्चनजङ्घा संरक्षण क्षेत्र

वि.सं. २०५३ मा स्थापना भएको र २०३५ वर्ग कि.मी. क्षेत्रफल भएको यस संरक्षण क्षेत्रमा हिउँ चितुवा र उसको मुख्य आहारा नाउरको बाक्लो उपस्थिति भएको विभिन्न अध्ययन–अनुसन्धानले पुष्टि गरेका छन् । हिउँ चितुवाको प्रमुख आहारा मानिएको अर्को प्रजाति झारलको उपस्थिति यस संरक्षण क्षेत्रमा छैन भने पनि हुन्छ, किनभने याम्फुदिन क्षेत्रको एउटा झारलभीर नाउँ गरेको स्थानमा मात्र झारलहरु भएको कुरा सुनिएको छ । नाउर बाहेक कस्तूरी मृग, फ्याउमुसो, घोरल, खरायो, ठुटेखरायो, डाँफे, चिलिमे, हिमाली र तिब्बती कालिज र हिउँकुखुरा, हिउँ चितुवाका यस संरक्षण क्षेत्रमा पाइने अन्य आहारा प्रजाति हुन् । याङ्मा गाउँको स्याबोक क्षेत्रमा ४७०० मिटरको उँचाईमा समेत ढेँडू बाँदर भेटिएकोले यस प्रजातिको पनि हिउँ चितुवाले शिकार गर्ने गरेको हुन सक्छ ।

यस संरक्षण क्षेत्रको याङ्मा, खाम्बाचेन र लोनाक क्षेत्रमा सबैभन्दा बढी हिउँ चितुवाका चिन्हहरु र नाउरको संख्या भएको पुष्टि सन् २००७ मा करन शाहको टोलीले गरेको अध्ययन अनुसन्धानको कार्यबाट देखिएको छ । लोनाक क्षेत्रमा त यस टोलीका सदस्यहरुले हिउँ चितुवा नै फेला पारेर झण्डै पाँच घण्टासम्म उसका विभिन्न क्रियाकलापहरुको अनुगमन नै गरेको थियो । ओलाङ्चुङ्गोला र याम्फुदिन क्षेत्रहरुमा हिउँ चितुवाको प्रमुख आहारा नाउरको छिटपुट उपस्थिति भएको पाइएको भएतापनि हिउँ चितुवाका चिन्हहरु नगण्य मात्र भेटिएका थिए । त्यस अध्ययनले यस संरक्षण क्षेत्रमा हिउँ चितुवाको घनत्व ३–५ हिउँ चितुवाहरु १०० वर्ग कि.मी. भएको भेट्टाएको थियो ।

सन् २००७ को अध्ययन टोलीले यस क्षेत्रमा ४७ वटा झुण्डमा पाइएका ११६७ नाउरहरुको गणना गरेको थियो । जसमध्ये ४८.५% याङ्मा क्षेत्रमा, ३५.१०% घुन्सा (खाम्बाचेन र लोनाक ) क्षेत्रमा, ९.६८% ओलाङ्चुङ्गोला

क्षेत्रमा र ५.५७% याम्फुदिन क्षेत्रमा फेला परेका थिए ।

हिउँ चितुवा र नाउरको बाक्लो उपस्थिति भएतापनि यस संरक्षण क्षेत्रमा यस दुर्लभ वन्यजन्तुलाई चोरी शिकार र प्रतिशोधको भावनाले गरिने आक्रमणको खतरा पनि त्यति नै बढी भएको देखिएको छ । यस संरक्षण क्षेत्रमा हिउँ चितुवाको बासस्थान भएका सम्पूर्ण क्षेत्रहरुलाई स्थानीय बासिन्दाहरुले चरिचरनका लागि लामो समयसम्म प्रयोग गर्ने गरेका छन् । कुनै–कुनै क्षेत्रमा स्थायी गोठ बनाएर वर्षभरि नै त्यहाँ बसोबास गर्ने गरेका छन् । घरपालुवा वस्तुभाउलाई पनि हिउँ चितुवाले ठूलो संख्यामा मार्ने गरेकोले प्रतिशोधको भावनाले सिनोमा बिष हालेर हिउँ चितुवालाई मार्ने घटना भएका छन् । एक अध्ययनका अनुसार सम्पूर्ण वस्तुभाउमध्ये बर्षेनी ४.२% लाई हिउँ चितुवाले मार्ने गरेको भेटिएको छ ।

स्थानीय  वासिन्दाका भनाई अनुसार गोठालाहरुले तिब्बतवाट "स्यामे" नाउँ गरेको चक्कीमा उपलब्ध हुने औषधि किनेर ल्याउँछन् र हिउँ चितुवाले मारेको घरपालुवा जन्तुको सिनोमा मिसाउँछन । एउटा चक्कीले एउटा वयस्क हिउँ चितुवालाई सजिलैसँग मार्न सक्छ । खासमा यो औषधि वस्तुभाउको कलेजोमा परजीवि भएर बस्ने नाम्ले कीरा मार्नका लागि प्रयोग गर्ने औषधि हो । सन् २००४ मा लोनाक क्षेत्रमा कसैले नाउरको सिनोमा यो औषधी दुरूपयोग गरी राखी दिएकाले एउटा हिउँ चितुवा र गिद्ध त्यसै ठाँउमा मरेको फेला परेको थियो । थप जानकारी अनुसार सम्पूर्ण कञ्चनजङ्घा क्षेत्रमा यसै औषधिको दुरूपयोगका कारण ब्वाँसो र जंगली कुकुर लगभग समाप्त जस्तै भइसकेका छन् । स्थानीय बासिन्दाका भनाई अनुसार वि.सं.२०४६ सम्म पनि ओलाङ्चुङ्गोलाका र अन्य स्थानका गाउँलेहरुले हिउँ चितुवाको छाला तिब्बतमा लगेर बेच्ने गरेको थिए । त्यसबेला एउटा छाला २००० देखि ३००० रूपैयाँ सम्ममा बिक्री हुन्थ्यो ।

विशेष गरिकन नाउर र कस्तूरी मृगको चोरी शिकार यहाँको अर्को ठूलो चुनौती हो । गोठालाहरुले पासो थापेर नाउर मार्ने गरेको धेरै ठाँउमा सुनिएको छ । कतिपय गोठालाहरुले नाउरको छाला खुलेआम सुकाई रहेका वा प्रयोग गर्दै गरेको २००७ को अध्ययन टोलीले फेला पारेको

थियो । तिब्बततिरबाट पनि चोरी शिकार गर्न आउने शिकारीहरुलाई धेरै पटक स्थानीय जनता र हिउँ चितुवा संरक्षण उपसमितिका सदस्यहरुले रंगेहात समातेका छन् । घुन्साको खाम्बाचेन र लोनाक तथा याम्फुदिनको शेराम र रामजेर क्षेत्रमा पर्यटक र उनीहरुसंग आउने अन्य व्यक्तिहरुबाट पनि हिउँ चितुवा र नाउरलाई धेरै व्यवधान पुऱ्याएको देखिन्छ ।

यस संरक्षण क्षेत्रमा आजभोलि पशुबिमा योजना र वन्यजन्तु संरक्षण सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सशक्त रूपमा लागू गरिएकाले हिउँ चितुवालाई नोक्सानी गर्ने परिपाटीमा कमी आएको कुरा हालसालै गरिएका अध्ययनबाट थाहा भएको छ । विभिन्न स्थानमा गठित हिउँ चितुवा संरक्षण उपसमितिका सदस्यहरुले समय-समयमा हिउँ चितुवाका बासस्थानहरुमा गएर निरीक्षण गर्ने गरेका छन् । नेपालमा यो मात्र एउटा संरक्षण क्षेत्र हो जहाँ स्थानीय गाउँलेहरुले समय-समयमा वैज्ञानिक विधि प्रयोग गरेर हिउँ चितुवा र नाउरका चिन्हहरु तथा संख्याको अनुगमन गरेर त्यसको विवरण सम्बन्धित क्षेत्रलाई बुझाउँने गरेका छन् । समग्रमा भन्नु पर्दा यस संरक्षण क्षेत्रमा हिउँ चितुवाको महत्वलाई स्थानीय जनताले बिस्तारै बुझ्न थालेका छन् ।

## हिउँ चितुवाको संरक्षणका लागि महत्वपूर्ण सुझावहरू

- नेपालमा हिउँ चितुवा पाइएको पुष्टि भएका संरक्षित क्षेत्र र यस बाहिरका क्षेत्रहरुको विस्तृत अध्ययन गरेर हिउँ चितुवाको प्रमुख र अन्य प्राकृतिक आहारा प्रजातिहरुको अवस्था पत्ता लगाउंने । हिउँ चितुवाको उपस्थितिको सम्भावना भएका सम्पूर्ण क्षेत्रहरुको अध्ययन भ्रमण गरेर हिउँ चितुवा र उसको प्राकृतिक आहारा प्रजातिहरु पर्याप्त भएको वा नभएको कुरा पत्ता लगाउने ।
- हिउँ चितुवाका बासस्थानहरुको उचित व्यवस्थापन र संरक्षण गर्ने ।
- हिउँ चितुवाको प्रमुख आहारा प्रजाति मानिएका नाउर र झारलहरु पहिले भएका तर विभिन्न कारणवस हाल लोप वा तिनको संख्या निक्कै कमभएका क्षेत्रहरुको पहिचान गरेर तिनीहरुलाई अन्य क्षेत्रबाट ल्याएर पुनर्स्थापना गर्ने ।
- हिउँ चितुवा र उसको प्राकृतिक आहारा प्रजातिहरुको अध्ययन अनुसन्धान गर्न सम्बन्धित विद्यार्थी र अन्य अनुसन्धानकर्ताहरुलाई

विशेष आर्थिक र अन्य सुविधा उपलब्ध गराउने ।

- हिउँ चितुवा संरक्षण सम्बन्धी जनचेतना विभिन्न विधिहरु प्रयोग गरेर स्थानीय जनमानसमा फैलाउँने ।
- हिउँ चितुवा र मानिसबीचको द्धन्द्धलाई न्यूनीकरण गर्ने उपायहरु स्थान अनुसार पत्ता लगाएर लागू गर्ने ।
- स्कूल र उच्च विद्यालयका पाठ्यक्रमहरुमा हिउँ चितुवाको महत्व र संरक्षण सम्बन्धी पाठ्यक्रम समावेश गर्ने । हिउँ चितुवावाट पीडित स्थानीय बासिन्दाहरुलाई राहत दिने हेतु उचित कोष, बिमा र क्षतिपूर्ति रकमको स्थानअनुसार व्यवस्था गर्ने । राहत स्वरूप दिइएको रकम बढाई क्षतिपूर्तिको रूपमा विस्तार गर्नु पर्ने ।
- हिउँ चितुवा पाइने क्षेत्रहरुमा स्थानीय बासिन्दाहरुका घरपालुवा जनावरहरुका लागि उचित चिकित्साको व्यवस्था गर्ने । हिउँ चितुवाबाट धाइते भएकालाई जोगाउँन प्रयास गर्ने र वस्तुभाउहरु सधैं तन्दुरूस्त र निरोगी राख्न पहल गर्ने ।
- संरक्षित र मध्यवर्ती क्षेत्रमा मात्र नभएर संरक्षित क्षेत्रबाहिर जहाँ हिउँ चितुवाको उपस्थिति छ त्यहाँ हिउँ चितुवा संरक्षण उपसमिति, युवाक्लब गठन गरेर प्रभावकारीरूपमा चोरी शिकार नियन्त्रणका लागि अभियान चलाउँने ।
- हिउँ चितुवाबाट स्थानीयस्तरमा कसरी फाइदा पुऱ्याउन सकिन्छ भन्ने कुरा पत्ता लगाएर, ती कार्यक्रमहरु लागू गर्ने ।
- हिउँ चितुवामा आधारित पर्या-पर्यटनको बृद्धि गरी यसबाट पुग्ने फाइदामा स्थानीयलाई जति सक्दो बढी संलग्न गराउने ।
- समय-समयमा सरोकारवाला सरकारी, निजी र स्वतन्त्र व्यक्तिहरुलाई नेपालमा हिउँ चितुवाको अवस्था, महत्व, संरक्षण, चोरी शिकार न्यूनीकरण इत्यादि सम्बन्धी कुराहरु बुझाउँने तालिमको व्यवस्था गर्ने ।
- हिउँ चितुवाका बासस्थानहरुमा चरिचरन गराउँन स्थानीय बासिन्दाहरुलाई अनिवार्य रूपमा पालैपालो गरेर विभिन्न चरन क्षेत्रहरुको प्रयोग गर्न लगाउँने ।
- हिउँ चितुवा पाइने दुई वा दुईभन्दा बढी संरक्षित क्षेत्रहरुलाई जोड्ने जैविक मार्गको उचित व्यवस्थापन र संरक्षण गर्ने । आवश्यकता

अनुसार  हिउं चितुवाहरु एउटा संरक्षित क्षेत्रबाट अर्को संरक्षण क्षेत्रमा आवत जावत गर्न सक्ने थप व्यवस्थाको पहल गर्ने ।

- नेपालमा हिउं चितुवाको नयाँ संरक्षण कार्य परियोजना तयार गरेर यथाशीघ्र लागू गर्ने तथा लागू गरिएका सम्पूर्ण कार्यक्रमहरुको अनुगमन गर्ने ।
- समय–समयमा छिमेकी राष्ट्र चीनका अधिकारीहरुसंग हिउं चितुवाको संरक्षण र अवैध व्यापार रोकथाम गर्ने सम्बन्धी छलफल गरेर उचित व्यवस्था मिलाउन लगाउँने ।

## नेपालमा हिउँ चितुवाको अध्ययन अनुसन्धान र संरक्षणमा लागेका निकायहरू

नेपालमा हिउँ चितुवाको संरक्षण सम्बन्धी कार्य गरिरहेका सरकारी निकाय र केही गैरसरकारी संघसंस्थाहरुको नामावली दिइएको छ । हिउँ चितुवा सम्बन्धी केही जानकारी चाहिएमा वा यसको अवैध व्यापार सम्बन्धी सूचना दिनुपरेको खण्डमा यी निकायहरुलाई सम्पर्क गर्दा वेश हुन्छ ।

१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
पोष्ट बक्स ८६०, बबरमहल, काठमाडौं ।
फोन नं ४२२०८५०, ४२२०९१२, फ्याक्स ४४२७६७५
इमेल dnpwc@bdcin.wlink.com.np,
वेबसाइट www.dnpwc.gov.np

२. डब्ल्यु डब्ल्यु एफ नेपाल कार्यक्रम
पोष्ट बक्स नं ७६६०, बालुवाटार, काठमाडौं ।
फोन नं ४४३४८२०, ४४३४९७० फ्याक्स ४४३८४५८
इमेल info@wwfnepal.org
वेवसाइट www.wwfnepal.org

३. राष्ट्रिय प्रकृति संरक्षण कोष
पोष्ट बक्स नं. ३७१२, खुमलटार, ललितपुर
फोन नं. ५५२६५७१, ५५२६५७३, फ्याक्स ५५२६५७०
इमेल info@ntnc.org.np
वेबसाइट www.ntnc.org.np

४. आई.यु.सी.एन– नेपाल
पोष्ट बक्स नं. ३९२३, कोपुण्डोल, ललितपुर
फोन नं ५५२८७८१, ५५२८७६१, फ्याक्स ५५३६७८६
इमेल info@iucn.org.np
वेबसाइट www.iucnnepal.org

५. हिमाली प्रकृति
पो.ब.नं. १०११८, लाजिम्पाट, काठमाण्डौ
फोन ४४३१०४२, फ्याक्स ४४४४५२७
इमेलः info@himalayannature.org
वेबसाइट: www. himalayannature.org

६. द माउन्टेन इन्स्टिच्युट (टि.एम.आई.)
फोन ४४१४२३७, ४४११३५६, फ्याक्स ४४१००७३
इमेल tmeregional@wlink.com.np
वेबसाइट www.mountain.org

७. प्राकृतिक विज्ञान संग्रहालय
स्वयम्भू, काठमाण्डौ
फोन ४२७१८९९, ४२७६६१३

८. रेसोर्सेज् हिमालय फाउन्डेशन
पो.ब.नं. २४४८, ललितपुर, नेपाल
फोन ५५३७५०२,५५४४१७०,फ्याकस ५५५११३०
इमेल team@resourceshimalaya.org
वेबसाइट www. resources_himalaya.org

९. वन्यजन्तु निगरानी समूह
पुल्चोक, ललितपुर
फोन ५५५५०१८, ५५२४१८८ फ्याक्स –५५५५०१८
इमेल www@citesnepal.org
वेबसाइट www.citesnepal.org

१०. वन्यजन्तु संरक्षण नेपाल
    पो.ब.नं. २०५६१, बाफल, काठमाण्डौ
    फोन ४२८१८१८
    इमेल mail@wcn.org.np
    वेबसाइट www.wcn.org.np

उपरोक्त निकायहरुबाहेक सम्बन्धित वन कार्यालय र प्रहरी कार्यालयमा समेत हिउँ चितुवाको अवैध व्यापार सम्बन्धी सूचना दिएर सहयोग पुऱ्याउँन सकिने छ ।

## उपसंहार

नेपालको मेचीदेखि महाकालीसम्मको एक दर्जन्भन्दा बढी विभिन्न हिमाली क्षेत्रहरुमा हिउं चितुवा पाइने भएकोले पनि यसलाई जोगाउँन उति गाह्रो छैन । हिउं चितुवाका सम्भावित बासस्थानहरु झण्डै ७०% भू–भाग संरक्षित क्षेत्रभन्दा बाहिर पर्ने भएको भएतापनि अहिलेसम्म प्राप्त जानकारीबाट तिनीहरुको संख्या र घनत्त्व संरक्षित क्षेत्रभित्र नै बढी भएको देखिएको छ । धेरैजसो हिउं चितुवा पाइने संरक्षित क्षेत्रहरु जैविक मार्गको माध्यमबाट एक आपसमा जोडिएका छन्, यसले हिउं चितुवाको संरक्षणमा ठूलो मद्दत पुऱ्याएको छ ।

हालका दिनहरुमा नेपालमा वन्यजन्तुको संरक्षणमा धेरै उपलब्धिहरु हासिल भएका छन् । हिउं चितुवा कै कुरा गर्ने हो भने यसको वंशानुगत र क्यामरा ट्र्याप जस्ता आधुनिक विधिबाट अध्ययनको शुरूवात भएको छ । वन्यजन्तु अपराध नियन्त्रण, समग्रमा बासस्थानहरुको संरक्षण लगायतका क्षेत्रमा सरकारी र गैरसरकारी संस्थाहरुले उच्च प्राथमिकताका साथ कार्य गरिरहेका छन् ।

नेपालका चारवटै सुरक्षा निकायको सहमतिमा केन्द्रीयस्तरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकको संयोजकत्वमा केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाई र ११ जिल्लामा वन अधिकृत वा वन्यजन्तु संरक्षण अधिकृतको संयोजकत्वमा वन्यजन्तु

अपराध नियन्त्रण इकाई गठन गरिएका छन् । यस बाहेक केही संरक्षित क्षेत्रभित्र हिउँ चितुवा संरक्षण उपसमितिहरु पनि गठन गरिएका छन् । विशेष गरेर सुरक्षा निकायहरु र स्थानीय समुदायको सक्रियताले चोरी शिकार र वन्यजन्तुसम्बन्धी हुने अन्य चलखेलका कामहरु घटेको अनुभव गरिएको छ । फलस्वरूप नेपालका सम्पूर्ण संरक्षित क्षेत्रहरु विगत वर्षहरुका दाँजोमा वन्यजन्तुका लागि बढी सुरक्षित भएका छन् ।

यस वर्षमा गैंडा, बाघ, हिउँ चितुवा, कस्तूरी मृग तथा हुचिल लगायतका चराको समेत चोरी शिकार तथा अवैध व्यापारमा संलग्न २२५ जनाभन्दा बढी व्यक्तिहरु पक्राउमा परेका छन् । सर्वाधिक खोजी (मोस्ट वान्टेड) को सूचीमा रहेका वन्यजन्तु सम्बन्धी अपराधमा संलग्न केही व्यक्तिहरु पनि पक्राउमा परेकाले तस्करीको सम्पूर्ण सञ्जालनै कमजोर भएको छ । केही स्थानहरुमा बिमा र राहतकोषको व्यवस्था गरेर हिउँ चितुवाप्रतिको स्थानीय बासिन्दाहरुको नकारात्मक धारणा पनि बिस्तारै कम हुन थालेको अनुभव गरिएको छ । हिउँ चितुवा पाइने क्षेत्रमा मानिसहरुले यसको विभिन्न महत्व बुझ्न थालेका छन् र यस दुर्लभ वन्यजन्तुको संरक्षणमा सक्दो सहयोग गर्न थालेका छन् । यस्ता सकारात्मक कार्यहरुले निरन्तरता पाएभने नेपाल सरकारले लिएको आगामी १० वर्ष भित्र हिउँ चितुवाको संख्यालाई दोब्बर पुऱ्याउँने उद्धेश्य सफल हुने देखिन्छ ।

नेपालमा हिउँ चितुवाको भविष्य स्थानीय बासिन्दाहरुको क्रियाकलापमा बढी निर्भर रहेको देखिन्छ । यसका लागि हिउँ चितुवा र स्थानीय बासिन्दाहरुको जीविकोपार्जनलाई जोडेर बनाएका कार्य योजनाहरु ल्याउँन सक्नुपर्छ । यो उच्च हिमालीभेकको छाता प्रजाति भएकोले यसको संरक्षणले त्यस भेकको सम्पूर्ण वातावरणको मात्र नभएर मानव जातिको पनि स्वतः संरक्षण हुनेछ । यसकारण हामी सबै मिलीजुली हिउँ चितुवाको संरक्षण गरौं ।

## सन्दर्भ-सूची

बराल, हेमसागर र शाह, करन बहादुर (२०६४) नेपालका स्तनधारी वन्यजन्तुहरु । हिमाली प्रकृति, काठमाण्डौं । पेज १८८।

विश्व वन्यजन्तु कोष नेपाल (२००३) नेपालमा हिउँ चितुवा, सुजन के. गुन्डरसनद्धारा संकलित एवं सम्पादित, प्राविधिक जानकारी डा. रोड्नी ज्याक्सन, नेपाली अनुवाद श्रीमती विश्व मल्ल । पेज २०।

चापागाई, दिवाकर र ढकाल, जनार्दन, २००२ (२०५८) नेपालमा साइटिस कार्यान्वयन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं, नेपाल । (पेज १३६)

प्राकृतिक विज्ञान संग्रहालय, त्रिभुवन विश्वविद्यालय र आई. यु. सी. एन.- विश्व संरक्षण संघ नेपाल (२०५१) नेपालका संरक्षित वन्यजन्तु तथा वनस्पतिः साइटिसका सन्दर्भमा एक चिनारी । प्राकृतिक विज्ञान संग्रहालय त्रि.वि. र आई.यु.सी.एन. – विश्व संरक्षण संघ नेपाल, काठमाडौं, नेपाल, पेज १४+६३।

Ahlborn, G. and R. M. Jackson. (1988) Marking in free-ranging snow leopards in west Nepal: a preliminary assessment. Pages 25-49 In: H. freeman (ed.). Proceedings of the fifth international Snow Leopard Symposium, Int. Snow Leopard Trust and Wildlife Institute of India. Pp269.

Ale, S. (2010) Assessment of snow Leopards and their Corridores in Nepal's East Himalayan Eco-Region. An unpublished Report submitted to Rufford small Grants, UK. Pp. 17.

Ale, S. B. (2005) Have snow leopards made a comeback to the Everest region of Nepal? Report submitted to International snow leopard Trust, USA.

Ale, S., Thapa, K., Jackson, R. and David Smith, J.L. (2010) The Fate of

snow leopards in and around Mt. Everest. CAT news, no 53.

Bagchi, S. C., C. Y. Mishra and Y. Bhatnagar. (2004) Conflicts between traditional pastoralism and conservation on Himalayan ibex Capra sibirica in the Trans- Himalayan mountains. Animal Conservation.7: 121-128.

Bajimaya, S. (2001) Snow Leopard Manual: Field Study Techniques for the Kingdom of Nepal. WWF Nepal Program Kathmandu. Pp.70.

Blomqvist, L. (1978) Distribution and status of the snow leopard, Panthera uncia. International Pedigree Book of Snow Leopards 1:6-21.

Department of National Parks and Wildlife Conservation (2005) The Snow Leopard Conservation Action Plan for the Kingdom of Nepal. Pp.18.

Fox, J. L., S. Singh., R. Chundawat and P. Das. (1991) Status of the snow leopard in northern India. Biological Conservation 55:283—98.

Jackson, R. M. (1996) Home Range, Movements and Habitat Use of Snow Leopard (Uncia Uncia) In Nepal. Ph.D. Thesis, University of London.

Jackson, R. M. (2000) Snow Leopard. Richard P. Reading and Brian Miller (Eds) Endangered Animals: A Reference Guide to Conflicting Issues. Greenwood Press, Westport, London. Pp. 383.

Jackson, R. M. (2002) Snow Leopard Status, Distributon and Protected Area Coverage. Snow Leopard Survival Summit ISLT, Washington.

Jackson, R. and Ahlborn, G. (1989) Snow leopards (Panthera uncia) in Nepal: home range and movemetnts Nat. Geo. Research 5(2): 161-175.

Jackson, R. and Hillard, D. (1986) Tracking the Elusive Snow Leopard. National Geographic 169(6):793-809.

Jackson, R. M. and Ahlborn, G. (1988) Observation on the ecology

of snow leopard (Panthera uncia) in west Nepal. Pages 65-87. in H. Freeman (Ed). Proceedings of the Fifth International Snow Leopard Symposium. International Snow Leopard Trust and Wildlife Institute of India, Seattle, Washington.

Jackson, R. M. and G. G. Ahlborn. (1990) The role of protected areas in Nepal in maintaining viable population of snow leopards. International Pedigree Book of Snow Leopard 6: 5169.

Jackson, R. M. and Hunter, D. O. (1996) Snow Leopard Survey and Conservation Handbook. Second Edition. International Snow Leopard Trust, US Geological Survey, Biological Resources Division. Pp. 154.

Jackson, R. M., Ahlborn, G. and Shah, K. B. (1991) Capture and Immobilization of Wild Snow Leopard. International Pedigree Book of Snow Leopard Panthera uncia, Leif Biomquist, Helsinki Zoo, 6:93-102.

Jackson, R. M., Ahlborn, G., Gurung, M. and Ale, S. (1996) Reducing livestock depredation losses in the Nepalese Himalaya. R. M. Timm and A. C. Crabb (eds.). Proceedings of the 17th Vertebrate Pest Conference. University of California, Davis. Pp. 241-47.

Jackson, R., Mallon, D., McCarthy, T., Chundaway, R.A. & Habib, B. (2008) Panthera uncia. In: IUCN 2011. IUCN Red List of Threatened Species. Version 2011.2. <www.iucnredlist.org>. Downloaded on 21 December 2011.

Jackson, R.M. and Ahlborn, G. (1984) Preliminary habitat suitability model for the snow leopard Panthera uncia in west Nepal. International Pedigree Book of Snow Leopards 4:43-52.

Karmacharya, D. B., Thapa, K., Shrestha, R., Dhakal, M., Janecka, J. E. (2011) Noninvasive genetic population survey of snow leopards (Panthera uncia) in Kanchenjunga Conservation Area, Shey Phoksundo

National Park and surrounding buffer zones of Nepal. BMC Research Notes 4: 516.

Khatiwada, J. R. (2004) The status of Snow Leopard and relation with principal prey species in Langtang National Park, Nepal. M. Sc. dissertation. Tribhuvan University, Kathmandu, Nepal.

Khatiwada, J. R. and M. K. Chalise. (2006) Status of Snow Leopard Uncia uncia and its Conflict perception in Kangchenjunga Conservation Area, Eastern Nepal. Nepalese Journal of Zoology. 1:1-10.

Mallon, D. (1984) The snow leopard in Ladakh. International Pedigree Book of Snow Leopards. 4:23-37.

Mallon, D. (1984) The snow leopard Panthera uncia in Mongolia. International Pedigree Book of Snow Leopards 4:3-10.

Mishra, C. (1997) Livestock Depredation by Large Carnivores in the India Trans-Himalaya: Conflict Perceptions and conservation prospects. Environmental Conservation 24: 338-343.

Mishra, C., Van Wieren, S., Kenter, P., Heikoning, I. and Prins, H. (2004) Competition between domestic livestock and wild bharal Pseudois nayaur in the Indian Trans- Himalaya. Journal of Applied Ecology 73: 344- 354.

Nowell, K. (2000) Far from a Cure: the Tiger Trade Revisited. TRAFFIC International. Pp. 100.

Oli, M. K. (1991) The ecology and conservation of snow leopard (Panthera uncia) in the Annapurna Conservation Area Nepal. Journal of Zoology 23:365-370.

Oli, M. K. (1997) Winter home range of snow leopards in Nepal. Mammalia 61: 355-360.

Oli, M. K., Taylor, I. R., and Rogers, M. E. (1993) Diet of the snow leopard (Panthera uncia) in the Annapurna Conservation Area, Nepal. Journal of Zoology 231: 365- 370.

Paudyal, R. (2010) Did the Insurance Scheme or Program have Minimized the Retaliatory Killing of Snow Leopard? A report submitted to Snow Leopard Conservation Grant Program. Pp. 9.

Prater, S. H. (1988) The book of Indian animals. Bombay Natural History Society, Bombay. Pp. 324.

Schaller, G. B. (1977) Mountain Monarchs: Wild Sheep and Goats of the Himalaya. University Chicago Press, Chicago. Pp. 426.

Schaller, G. B. (1998) Wildlife of the Tibetan Steppe. University Chicago Press, Chicago. Pp. 373.

Schaller, G. B., Li Hong, Talipu, Junrang Ren, and Mingjiang Qiu (1988) The snow leopard in Xinjiang. Oryx 22(4):197-204.

Schaller, G. B., Tserendeleg, J., and Amarsanaa, G. (1994) Observations on snow leopards in Mongolia. Proc. Int. Snow Leopard Symp. 7:33-42.

Shah, K. B. (1985) Techniques on capture, immobilisation and radio-tracking of snow leopard in the northwestern Himalayas (1985), J. of Inst. of Science, 6-8 (1-4): 97-102.

Shah, K. B. (1986) Notes on the strange behaviour of a snow leopard (Panthera uncia). J. of Bombay Nat. Hist. Soc., 83 (2): 419-420.

Shah, K. B. (1986) The mysterious blue sheep. Snow Line 1: 1-4.

Shah, K. B. (1989) On a hunting pair of snow leopards in Western Nepal. J. of Bombay Nat. Hist. Soc., 86: 236.

Shah, K. B., Ale, S., Chapagain, N. R., Acharya, R., Thapa, K., Gurung,

A. and KC, H. (2002) New Mammal Records from Upper Mustang, Nepal with the Notes on Mammalian Fauna of the Area. J. Nat. Hist. Mus. T.U., Nepal 21: 33-44.

Shah, K. B. and Thapa, T.B. (2007) Establishment of New SLIMS Programs and Assessment of Existing one in the Sacred Himalaya Landscapes and Northern Mountains. An unpblished report submitted to WWF Nepal Program, Kathmandu. Pp.78.

Thapa, K. (2005) Is their any correlation between abundance of blue sheep population and livestock depredation by snow leopards in the Phu Valley, Manang District, Annapurna Conservation Area? Report submitted to International Snow Leopard Trust, Seattle, USA.

Thapa, K. (2006) Study on Status and Distribution of the Snow Leopard and Blue Sheep including people Interactions: A case study from Kanchanjunga Conservation Area, Taplejung and Shey- Phoksund National Park, Dolpa, Nepal. Report submitted to WWF Nepal Program, Kathmandu.

Thapa, K. (2007) Snow Leopard Monitoring Guidelines. Edited by Shah, K.B. & Bajimaya, S. WWF, Nepal. Pp. 60.

Wegge, P. (1979) Aspects of population ecology of Blue Sheep in Nepal. J. Asian Ecology 1:10-20.

Wikramanayake, E., Moktan, V., Ajiz, T., Khaling, S., Khan, A. A. and Tshering, D. (2006) The WWF Snow Leopard Strategy for the Himalayan Region 2006. WWF Nepal, Kathmandu.

Wilson, P. (1981) Ecology and habitat utilization of blue sheep Pseudois nayaur in Nepal. Biological Conservation 21:55—74.

# परिशिष्टहरू

## परिशिष्ट-१

## पश्चिम नेपालमा हिउँ चितुवाको जोडीले शिकारगर्दै गरेको बारे टिप्पणी

(जर्नल अफ बम्बे न्याचुरल हिष्ट्री सोसाइटी, भोल्युम ८६, वर्ष १९८९ मा प्रकाशित)

हिउँ चितुवाको जोडीले शिकार गर्दै गरेको घटना धेरै प्रकृतिविद्हरुले देखेका छन् । ढोङ्ले धेरैपटक हिउँ चितुवाको जोडीले शिकार गर्दै गरेको तथा शिकार गरेको जन्तुको मासु सँगै खाँदै गरेको घटना धेरै पटक देखेको कुरा उल्लेखित गरेका छन् । अन्य वैज्ञानिकहरुले यस कुरालाई सही हो भनेका छैनन् र गलत हो पनि भनेका छैनन् । हालसालै मैले हिउँ चितुवाको एक जोडीलाई पश्चिम नेपालको लांगु उपत्यकामा सँगै मिलेर शिकार गर्दै गरेको देखें ।

सन् १९८७ को मे महिनाको १० तारिखमा बिहान ७:५० बजे पश्चिम नेपालको लांगु उपत्यकामा म झारलको एउटा ठूलो बथान (४१ वटा झारल भएको) को विभिन्न क्रियाकलापहरुको अवलोकन गरिरहेको थिएं । तिनीहरु ३३०० मिटरको उंचाइमा भएको भिरालो क्षेत्रमा चर्दै यताउति हिंडिरहेका थिए । मैले ७:५५ मा एउटा वयस्क हिउं चितुवालाई ती चर्दै गरेका झारल भएको ठाँउतिर माथिबाट तल झर्दै गरेको देखें। झारलहरुको अन्दाजी २० मिटर नजिक पुग्दा हिउं चितुवाले चाल मारेर हिड्न शुरू गऱ्यो । मैले ७:५६ मा एउटा अर्को वयस्क तथा अघिको भन्दा अलि सानो हिउं चितुवालाई त्यही अघिकाले प्रयोग गरेको बाटो प्रयोग गर्दै तलतिर झर्न लागेको देखें । सजिलोका लागि ठूलो हिउं चितुवालाई ‘अ’ हिउं चितुवा र सानोलाई ‘ब’ हिउं चितुवा भन्छु । जब त्यो सानो हिउं चितुवा ठूलोको नजिक पुग्छ उसको दाहिनेतिरबाट हुंदै सोझै झारलहरु भएको ठाउँतिर लम्किन थाल्छ । चर्दै गरेका झारलहरुको १० मिटर नजिक पुगेपछि ऊ अचानक झम्टेर झारलहरुलाई तलतिर लखेट्न

थाल्छ । हिउँ चितुवा 'ब' र झारलहरु झन्डै १२० मिटर जति तलतिर दगुर्छन् र एकपटक ऊ एउटा ठूलो भाले झारलको तीन मिटर जति नजिक पुग्छ तर आफ्नो शरीरको सन्तुलन राख्न नसकेकोले उसले आक्रमण गर्न सक्दैन । आखिरमा त्यो हिउँ चितुवा एउटा ढुंगाको माथि उभिन्छ र माथितिर हेर्न थाल्छ । त्यसपछि 'अ' हिउँ चितुवाले अघि 'ब' हिउँ चितुवाले लखेट्दा बाँयातिर लागेका झारलहरुलाई लखेट्न शुरू गर्छ । ती लखेटिँदै गरेका झारल र लखेट्दै गरेको 'अ' हिउँ चितुवा कुर्दै गरेको 'ब' हिउँ चितुवाको दायाँ-बायाँबाट जान्छन्, तर तिनीहरुको अति तीब्र गतिका कारण उसले झारललाई आक्रमण गर्न सक्दैन । यसरी लखेट्दै गरेको हिउँ चितुवा 'अ' ले पनि झारललाई आक्रमण गर्न सक्दैन र हिउँ चितुवा 'ब' को अन्दाजी २० मिटर जति तल पुगेर रोकिन्छ र उभिएर माथितिर हेर्न थाल्छ । झारलहरुलाई दुवै हिउँ चितुवाले लखेट्ने गरेको घटना २ मिनेटभन्दा पनि कम समयमा सिद्धिन्छ ।

जब हिउँ चितुवा 'अ' रोकियो, हिउँ चितुवा 'ब' माथितिर हिड्न थाल्छ । अन्दाजी ५० मिटर माथि चढीसके पछि ऊ फेरि तलतिर हेर्दै चाल मारेर विस्तारै हिड्न थाल्छ । हिउँ चितुवा 'अ' पनि माथितिर चढ्न शुरू गर्छ र भीरमा भएका ११ वटा जति भाले झारलहरुको अन्दाजी ३० मिटर नजिक पुग्छ । झारलहरु आफू खतरामा परेको महशुश गर्दै आवाज निकाल्छन् र जमिनमा आफ्ना खुट्टाहरु बजार्छन् । त्यो हिउँ चितुवाले एकपटक उनीहरुलाई घुरेर हेर्छ र त्यसपछि केही वास्ता गर्दैन । जब हिउँ चितुवा 'अ' हिउँ चितुवा 'ब' को नजिक आईपुग्छ, 'ब' ले चाल मारेर हिड्न बन्द गर्छ र दुवै सल्लोको जंगल हुँदै माथितिर हिड्न थाल्छन् । घना सल्लोको जंगलभित्र बेपत्ता हुनु अघि बाटोमा तिनीहरु तीनपटक भुईंमा बस्छन् र पछिल्तिर हेर्छन् । एक पटक हिउँ चितुवा 'ब' ले आफ्नो पछिल्तिरका खुट्टाहरुलाई खुम्च्याउदै पिसाप गरेकोले त्यो पोथी हिउँ चितुवा थियो भन्ने कुरा पक्का भयो । मैले यस घटनालाई झन्डै ३ कि.मी. को दूरीबाट हेरेको भएतापनि शरीरको बनावट र बानी-व्यहोराबाट हिउँ चितुवा 'अ' भाले थियो भन्ने कुरामा म पूर्णतः विश्वस्त थिएँ । हिउँ चितुवाहरु मेरो आँखाबाट ओझेल भइसकेपछि ती झारलहरु तीनवटा झुण्डहरुमा विभाजित

भएर चर्दै गरेका देखिए । एक घण्टा पछि एउटा झारलको झुण्ड ठीक त्यही स्थानमा देखियो जहां केही समय अघि ती दुवै हिउं चितुवाले उनीहरुलाई चाल मारेर आक्रमण गर्न खोजेका तथा लखेटेका थिए ।

पाइलाहरु र रेडियो ट्रेक्रिंगको अध्ययनबाट पश्चिम नेपालको लांगु उपत्यकामा हिउँ चितुवा एक्लै बस्छ भन्ने कुरा पक्का भएको थियो । भाले–पोथीहरुले समागम गर्ने बखतमा र आमासँग बच्चाहरु भएको बेलामा मात्र तिनीहरु सँगै बस्ने कुरा देखिएको छ । लांगु उपत्यकामा भाले र पोथी हिउँ चितुवाको समागम गर्ने समय जनवरीदेखि मार्च महिनासम्ममा हुने बुझिएको छ । डा.जर्ज श्यालरले हिमाली भेकमा हिउँ चितुवाहरु मार्च र अप्रिल महिनामा समागम गर्छन् र बच्चाहरु जून र जुलाईमा जन्मिन्छन् भनेका छन् भने, अगस्त महिनामा पनि हिउँ चितुवाले बच्चा जन्माएको देखेको कुरा उल्लेख गरेका छन् । हिउँ चितुवाको गर्भावस्थाको समय ९६ देखि १०५ दिन सम्मको हुने विश्वास गरिन्छ । चिडियाखानामा पालेर राखिएका हिउँ चितुवाहरुले अप्रिल र अगस्तको बीचमा बच्चा जन्माउने गरेको भएतापनि बढी बच्चाहरु मे जूनमा जन्मिने भेटिएको छ । यसबाट के भन्न सकिन्छ भने लांगु उपत्यकामा शिकार गर्दै गरेको मैले देखेको हिउँ चितुवाको जोडी समागमका लागि नै सँगै बसेको थियो । चिडियाखानामा समागमको समयमा भाले–पोथी हिउँ चितुवाहरु २–३ दिनसम्म सँगै बस्ने गरेका हुन्छन्, अतः मैले शिकार गर्दै गरेको देखेका ती हिउँ चितुवाहरु समागमका लागि सँगै बसेका थिए ।

करन बहादुर शाह

डिसेम्बर १४,१९८८

# परिशिष्ट २

## हिउँ चितुवाको असामान्य व्यवहार बारे टिप्पणी

(जर्नल अफ बम्बे न्याचुरल हिस्ट्री सोसाइटी भोल्युम ८३, नं.२, वर्ष १९८६ मा प्रकाशित)

जनवरी २२,१९८४ मा बिहान ८:२० बजे म पश्चिम नेपालको लांगु उपत्यकामा (३४६० मी.) ४८ वटा झारलहरुको विभिन्न क्रियाकलापको अवलोकन गर्दै थिएं। त्यहां अरू पनि झारलहरु छन् कि भनेर मैले उनीहरु भएको ठाँउभन्दा माथितिर हेर्न शुरूगरेको मात्र के थिएं एउटा वयस्क हिउं चितुवालाई चर्दै गरेका झारलतिर ओर्लदै गरेको देखें । केही उभिइरहेका झारलबाहेक अन्य जम्मै चर्दै विस्तारै माथितिर हिड्दै गरेका देखिन्थे । राति हिउं परेकोले जमिन ८ इंच जति हिउँले छोपिएको थियो । जब हिउं चितुवा झारलको अन्दाजी ३० मिटरको दूरीमा पुग्यो, उसले आफ्नो पेटलाई जमिनमा छुवाएर तथा पुच्छर हल्लाउँदै विस्तारै चाल मारेर हिड्न थाल्यो । झारलहरु पनि माथितिर हिडंदै गरेकाले १० मिनेटको अन्तरालमा हिउं चितुवा झारलहरुको अन्दाजी १६ मिटर जति नजिक पुग्यो । चाल मारेर हिड्दै गरेको हिउं चितुवाले अचानक ८:३२ मा विस्तारै हिड्न बन्द गर्‍यो र त्यहींनेर उभियो, अतः मैले हिउं चितुवाले दगुर्दै झम्टेर झारललाई आक्रमण गर्छ भन्ने लख काटें । केही झारलहरुले हिउं चितुवालाई पक्कै पनि देखेको हुनुपर्छ भन्ने मलाई पूरा विश्वास थियो, तर कुनैपनि झारलले डराएर भाग्ने कोशिष गरेको तथा खतराको संकेत दिने किसिमको आवाज निकालेको जस्तो लागेन । फेरि हिउं चितुवाले चालमारेर हिड्न शुरू गर्‍यो र झारलहरु उसबाट आक्रमण हुन सक्ने स्थितिमा पुगे । फेरि हिउं चितुवाले चाल मारेर हिड्न रोक्यो, र सामान्य प्रकारले हिंडेर माथितिर जान थाल्यो । केही समय अघि ऊ जतावाट आएको थियो, त्यतैतिर विस्तारै हिड्दै जान थाल्यो । अन्दाजी ३०० मिटर जति हिउँले छोपिएको जमिनमाथि हिंड्दै हिउं चितुवा चट्टाने पहाडको अर्कोतिर गएकोले नदेखिने भयो ।

त्यसदिन मैले बेलुकी अँध्यारो हुन्जेलसम्म ती झारलहरुको दैनिक क्रियाकलापको अवलोकन जारी राखेको थिएं, तर हिउं चितुवा त्यतातिर

झारलको शिकार गर्न आएन । ती  झारलहरुले सदैव झै आफ्नो दैनिकी यथावत जारी राखेका थिए र यस्तो लाग्थ्यो कि त्यहां केही पनि भएको थिएन । लांगु उपत्यकामा नाउर र झारल प्रमुख आहारा प्रजाति भएको हिउँ चितुवाको यस प्रकारको व्यवहार मैले यसभन्दा अघि कहिले पनि देखेको थिइन । यस क्षेत्रमा मैले हिउँ चितुवाले नाउर र झारलहरुको शिकार गर्दै गरेका केही घटनाहरु देख्ने मौका पाएको थिएँ, केहीमा हिउँ चितुवाहरुले आफ्नो आहारा प्रजातिलाई मारेका थिए भने केहीमा चाल मारेर हिंडे पछि शिकार गर्न खोजेको जन्तुलाई लखेटेको थियो, तर हिउँ चितुवाहरु असफल भएका थिए । माथि वर्णन गरिएको घटनामा शायद हिउँ चितुवालाई भोक लागेको थिएन कि ? अथवा उसले मलाई देखेर यस्तो व्यवहार गरेको हुन सक्छ, यद्यपि म ऊ भन्दा कमसेकम ७०० मिटर टाढा थिएँ र एउटा ठूलो ढुंगाको आडमा बसेको थिएँ । यस घटनाको सम्भाव्य कारण के हुन सक्छ ?

करन बहादुर शाह, उप–प्राध्यापक (प्राणी शास्त्र)
प्राकृतिक विज्ञान संग्रहालय
काठमाडौं, नेपाल
फरबरी २२, १९८६

# परिशिष्ट ३

## कञ्चनजङ्घाको लोनाक क्षेत्रमा हिउँ चितुवाको अवलोकन

बिहान ८ बजेतिर मैले स्पोटिङस्कोपलाई आफ्नो अगाडि भएको डाँडोतिर मोडेर हेर्न थालें । खोलाभन्दा माथितिर ३०० मिटरको दूरीमा एउटा ११ वटा नाउर भएको झुण्ड देखियो, तर त्यो झुण्ड अलि असामान्य जस्तै लाग्यो । तिनीहरु जम्मै चर्न छोडेर माथितिर हेर्न लागेका थिए । तिनीहरु विस्तारै तलतिर झर्न थाले, यो अचम्मको दृश्य थियो कारण तिनीहरु मानिसहरुको झन्  नजिक आउन थालेका थिए । तिनीहरु फेरि एउटै ठाँउमा जम्मा भएर माथितिर हेर्न थाले । शुरूमा मलाई त्यहाँ कोही मानिस गएकोले नाउरहरुले त्यस्तो व्यवहार देखाएको हो कि जस्तो लाग्यो, अतः म त्यो मानिसलाई खोज्न माथितिर हेर्न थालें । तर मेरो अनुमान गलत थियो, कारण त्यहाँ प्राकृतिक बासस्थानमा सितिमिति नदेखिने एउटा हिउँ चितुवा देखियो ।

वास्तवमा नै त्यहाँ एउटा हिउँ चितुवा नाउरहरुको शिकार गर्ने तरखर गर्दै थियो । त्यो वयस्क हिउँ चितुवा आफ्नो पुच्छर विस्तारै हल्लाउँदै नाउरतिर हेरिरहेको थियो । मैले दुईजना साथीहरुलाई हिउँ चितुवा देखाउँदै, अझ उसको नजिक गएर फोटो खिच्न क्यामेरा दिएर पठाएँ । तिनीहरु लुक्दै, विस्तारै त्यो हिउँ चितुवा भएको ठाउँबाट १०० मिटर तल मात्र के पुगेका थिए, हिउँ चितुवाले उनीहरुको गन्ध थाहा पाएर होला, विस्तारै हिडन् शुरू गर्‍यो र ठूला–ठूला ढुंगाहरु भएको दिशातिर जान थाल्यो । नाउरहरु निकै पर गइसकेका थिए र लाग्थ्यो अब न नाउरलाई हिउँ चितुवाको डर लागेको थियो र हिउँ चितुवालाई नाउरसँग कुनै मतलब थियो ।

केही समयपछि त्यो हिउँ चितुवा अन्दाजी १०० मिटर जति माथितिर हिंडेर एउटा ठूलो ढुंगाको तलतिर गएर बसेको देखियो । अब त्यसलाई मैले र फोटो खिच्न गएका साथीहरुले राम्रैसँग देखिरहेका थियौं । टाढै भएपनि तिनीहरुले फोटो खिच्न शुरू गरे, साथै माथि हिउँ चितुवातिर हिड्ने क्रम पनि यथावत राखे । उनीहरु मुश्किलले ४०० मिटर जति हिउँ चितुवाको नजिक पुगेका के थिए, उसले फेरि उनीहरु त्यहाँ भएको चाल पायो र

आफू बसेको ठाउँबाट उठेर बिस्तारै माथितिर ढुंगै–ढुंगा भएको ठाउँ हुदै जान थाल्यो । एउटा ठाँउमा पुगेर उसले जमिनलाई  आफ्नो पछिल्तिरको खुट्टाले खोस्र्यो र पिसाप पनि फेर्‍यो । मैले एक छिनको लागि उसलाई देख्न सकिंन, तर पछि एउटा ठूलो ढुंगासंगै जमिनमा बसेर आराम गरिरहेको देखें । फोटो खिच्न गएका साथीहरु फर्किन थाले, कारण उनीहरुलाई त्यहाँको जमिन अति नै भिरालो तथा ठूला–ठूला ढुंगाहरु भएका कारण माथितिर चढ्न सम्भव थिएन । त्यो हिउँ चितुवा कुनै बेला ढुंगाको माथि गएर घाम ताप्थ्यो, भने कुनै बेला ढुंगाहरुको पछिल्तिर गएर अदृश्य हुन्थ्यो । यस प्रकारको उसको गतिविधिलाई झण्डै ५ घण्टासम्म नियालेर बस्यौं, र अन्तमा बाक्लो हुस्सु लागेका कारण उसलाई देख्न सकिएन । उसले आराम गर्नुभन्दा बढी समय एउटै सानो ठाँउमा तलमाथि हिडंडुल गर्नमा लगाएको देखियो । यता खोलाको वारिपट्टि मसंगै अन्य १५–२० मानिसहरु, विदेशी पर्यटकले समेत उसलाई दूरबीन र नाङ्गै आँखाले हो–हल्ला गर्दै मजाका साथ हेरिरहेका थिए । तर उसले हाम्रो उपस्थितिको कुनै मतलब राखेको देखिएन ।

(करन शाहको डायरीबाट, २०६४ साल कार्तिक ८ गते)

# परिशिष्ट ४

## हिउँ चितुवाको अध्ययन-अनुसन्धानमा पाइएका कमीहरू

नेपालमा मात्र नभएर हिउँ चितुवा पाइने १२ वटै राष्ट्रहरुमा यस जन्तु सम्बन्धी अध्ययन अनुसन्धानको कमीका कारण धेरै जानकारीहरु प्राप्त भएका छैनन् । यसै परिप्रेक्ष्यमा हिउँ चितुवा सम्बन्धी संरक्षणकार्यमा लागेका अन्तर्राष्ट्रिय संघ–संस्थाहरुले यिनको संरक्षणका लागि सन् २०११मा हिउँ चितुवा सम्बन्धी गर्नुपर्ने नितान्त आवश्यक कार्यहरुको सूची राखी स्नो लेपर्ड सर्भाइभल स्ट्राटेजी–२०११ (हिउँ चितुवा संरक्षण रणनीति) जारी गर्‍यो । हिउँ चितुवा सम्बन्धी सन् २००३ सम्ममा गर्नुपर्ने अध्ययन अनुसन्धानमा भएका कमीहरु र २०११ सम्म आइपुग्दा तीमध्ये गरिएका र अझै गर्नुपर्ने अध्ययन अनुसन्धानहरुको विवरण निम्न अनुसार छ ।

| क्रम संख्या | चाहिएको अनुसन्धान र सूचनाहरु | एसएलएसएस* २००३ | एसएलएसएस* २०११ |
|---|---|---|---|
| १ | हिउँ चितुवाको बसाइँ सराई र फैलिने मार्गहरु | कमी थियो | कमी छ |
| २ | हिउँ चितुवाको संख्या | कमी थियो | कमी छ |
| ३ | हिउँ चितुवाको संख्या, प्रवृत्ति र सम्बन्धित कारक तत्वहरु | कमी थियो | कमी छ |
| ४ | बासस्थानमा ह्रास ल्याउँने तत्व र तिनले पारेको प्रभाव | कमी थियो | कमी छ |
| ५ | हिउँ चितुवा र उसको शिकार प्रजातिको आपसी सम्बन्ध | कमी थियो | कमी छ |

| | | | |
|---|---|---|---|
| ६ | घरपालुवा पशुहरुलाई हिउँ चितुवाले गर्ने गरेका नोक्सानीका लेखा–जोखा | कमी थियो | कमी छ |
| ७ | घरपालुवा पशुहरुलाई हिउँ चितुवाले गर्ने गरेका नोक्सानीका कारणहरु | कमी थियो | कमी छ |
| ८ | हिउँ चितुवाले विचरण गर्ने क्षेत्रको परिमाण र बासस्थानको प्रयोग | कमी थियो | कमी छ |
| ९ | हिउँ चितुवाको बानी व्यहोरा र सामाजिक बनावट | कमी थियो | कमी छ |
| १० | हिउँ चितुवाको संख्या सम्बन्धी आनुवांशिक विज्ञानको अध्ययन | कमी थियो | कमी छ |
| ११ | हिउँ चितुवाको आहारा सम्बन्धी बानी व्यहोरा | कमी थियो | कमी छ |
| १२ | हिउँ चितुवालाई अनुगमन गर्ने विधिको विकास | कमी थियो | कमी छ |
| १३ | गोठालाहरुको आर्थिक र सामाजिक अवस्थाको विवरण | कमी थियो | कमी छ |
| १४ | हिउँ चितुवाप्रति मानिसहरुको विचार | कमी थियो | कमी छैन |
| १५ | हिउँ चितुवाको फैलावट र बढी पाइने स्थलहरु | कमी थियो | कमी छैन |
| १६ | संरक्षण क्षेत्रको दायरा र त्यहाँका बासस्थानहरु | कमी थियो | कमी छैन |

| | | | |
|---|---|---|---|
| १७ | शिकार प्रजातिको फैलावट र बढी पाइने स्थलहरु | कमी थियो | कमी छैन |
| १८ | शिकार प्रजातिको संख्या र प्रकृति | कमी थियो | कमी छैन |
| १९ | हिउँ चितुवाको आहारा प्रजातिका संख्याको घटबढ र अवैध शिकार | कमी थियो | कमी छैन |
| २० | हिउँ चितुवाको आहारा प्रजातिको वैध शिकार सम्बन्धी आँकडाहरु | कमी थियो | कमी छैन |
| २१ | हिउँ चितुवाको खुर भएका आहारा प्रजाति र घरपालुवा पशुहरुको बीचको द्धन्द्ध | कमी थियो | कमी छैन |
| २२ | हिउँ चितुवाको खुर भएका आहारा प्रजातिका रोगहरु | कमी थियो | कमी छैन |
| २३ | हिउँ चितुवाको अवैध शिकारको स्तर | कमी थियो | कमी छैन |
| २४ | वन्यजन्तुका अङ्ग सम्बन्धी अवैध व्यापार | कमी थियो | कमी छैन |
| २५ | चरन क्षेत्रको अवस्था र चरि-चरनको चाप | कमी थियो | कमी छैन |
| २६ | हिउँ चितुवाका रोगहरु | कमी थियो | कमी छैन |
| २७ | हिउँ चितुवाको अन्य मांसाहारी जन्तुसंगको पारस्परिक सम्बन्ध | कमी थियो | कमी छैन |
| २८ | हिउँ चितुवाको आर्थिक मूल्याङ्कन | कमी थियो | कमी छैन |

| | | | |
|---|---|---|---|
| २९ | हिउँ चितुवा र मानिसबीचको द्धन्द्धका प्रभावहरु न्यूनीकरण गर्ने तरीकाहरु | कमी थियो | कमी छैन |
| ३० | मानिस र घरपालुवा पशुहरुको संख्याको अवस्था तथा प्रवृत्ति | कमी थियो | कमी छैन |
| ३१ | विद्यमान नियम कानूनहरुको विश्लेषाण | कमी थियो | कमी छैन |

श्रोतः स्नो लेपर्ड सर्भाइभल स्ट्राटेजी २०११, *(एसएलएसएसः स्नो लेपर्ड सर्भाइभल स्ट्राटजी)

# परिशिष्ट-५

## हिउँ चितुवाका स्काउटहरू: हिउँ चितुवा संरक्षणमा एक नयाँ आयाम

हिउँ चितुवा संरक्षणको महत्व र यस सम्बन्धी विभिन्न जानकारीहरु विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई गराउँदा उनीहरुले आफूले हासिल गरेका हिउँ चितुवा सम्बन्धी महत्वपूर्ण जानकारीहरु आफ्नो परिवारका सदस्यहरुसंग बाँड्छन् भन्ने धारणाबाट नै हिउँ चितुवाका स्काउट बनाउँने कार्यको थालनी भएको हुनुपर्छ । स्कूले विद्यार्थीबाहेक अरूलाई हिउँ चितुवाको संरक्षण कार्यमा तालिम दिंदा ऊ लामो समयसम्म सो क्षेत्रमा उपलब्ध नहुन सक्छ, उसलाई समयको पनि अभाव हुनसक्छ, तर विद्यालयमा अध्ययनरत विद्यार्थीहरु विद्यालयको अध्ययन पूरा नहुन्जेलसम्म त्यस क्षेत्रमा उपलब्ध हुन्छन् ।

केही पढाईमा अब्बल विद्यार्थीहरुको स्थानीय विभिन्न स्कूलहरुबाट छनोट गरिन्छ र तिनीहरुलाई हिउँ चितुवाको बासस्थानमा लगेर हिउँ चितुवा र उसको आहारा प्रजातिहरु सम्बन्धी स्थलगत जानकारी र तालिम सम्बन्धित विशेषज्ञहरुबाट गराइन्छ । यो गराउनको उद्धेश्य यी तालिम प्राप्त विद्यार्थीहरुले समय समयमा आफ्नो घर नजिकका हिउँ चितुवाका बासस्थानहरुमा गएर स्थलगत अध्ययन गर्दै हिउँ चितुवा सम्बन्धी महत्पूर्ण सूचनाहरु संकलन र अनुगमन गरून् भन्ने नै हो ।

हिउँ चितुवाका स्काउटहरुले हिउँ चितुवा सम्बन्धी स्थलगत तालिम मात्र लिंदैनन्, उनीहरुमा भएको हिउँ चितुवा सम्बन्धी ज्ञानलाई अझ फराकिलो पार्न, हिउँ चितुवा र उसको आहारा प्रजातिहरु, बासस्थान सम्बन्धी विषयमा आयोजना गरिएको चित्रकला र हाजिरी जवाफ प्रतियोगितामा पनि भाग लिन लगाइन्छ । सम्बन्धित अन्य सरोकारवालाहरुमा समेत जनचेतना जगाउँन यी स्काउटहरुलाई नाटकमा भाग लिन लगाइन्छ र सम्बन्धित स्थानमा गएर नाटकको मन्चन गरिन्छ । अहिलेसम्म सगरमाथा रा.नि. र अन्न्पूर्ण संरक्षण क्षेत्रको मुस्ताङ जिल्लामा हिउँ चितुवाका स्काउटहरु बनाइएका छन् । स्नो लेपर्ड कन्जर्वेन्शीले शुरू गरेको यस महत्वपूर्ण कार्यले नेपालमा हिउँ चितुवाको संरक्षण कार्यमा ठूलो योगदान दिने छ भन्ने विश्वास गर्न सकिन्छ ।

# परिशिष्ट-६

## एउटा साब्बुको मानसरोवर यात्रा



चारसय घरहरु र २००० भन्दा बढी जनसंख्या भएको किम्री गाउँमा तिब्बती मूलका भोटे वासिन्दाहरुले वसोवास गर्दछन् । उहिले भोटको नाउँले चिनिने यो गाउँ ४००० मिटरको उचाइमा रहेकोले यहाँ धेरै हिउँपर्छ । नेपालको सुदूरपश्चिमाञ्चलको उत्तरी भेकमा पर्ने यस गाउँको जमिन वर्षभरिमा कमसे कम ७–८ महिना हिउँले छोपिएको हुन्छ । परिणामस्वरुप वर्षभरिमा एउटा मात्र आलु, जौं, नाफल तथा फापरको बाली उत्पन्न हुन्छ ।

एक त वर्षभरिमा एउटा मात्र बाली उत्पन्न हुने त्यसमा पनि जमिनको बनावट अति भिरालो हुने हुँदा अन्न लगाउँन उपयुक्त हुने जमिन धेरै कम उपलब्ध हुने भएकोले सो जमिनबाट प्राप्त हुने अन्नले यहाँका वासिन्दाहरुलाई मुश्किलले ६ महिनाका लागि मात्र पुग्छ । व्यापारको माध्यमबाट बाँकी ३ महिनाको गुजारा चल्छ भने बाँकीका ३ महिनाहरु वन्यजन्तुहरुको शिकार गरेर यसबाट प्राप्त आम्दानी र मासु खाएर व्यतीत गर्नुपर्ने हुन्छ अतः किम्रीका गाउँलेहरुका लागि शिकार खेल्नु खेतीपाती वा व्यापार गर्नु जत्तिकै आवश्यक हुन्छ ।

वन्यजन्तुहरु, खास गरिकन कस्तूरी मृग, नाउर, झारल, घोरल, हिमाली मलसाँप्रो तथा हिउँ चितुवाको शिकार गर्दा किम्रीका वासिन्दाहरुले विभिन्न प्रकारका नयाँ तथा पुराना प्रचलित उपायहरु अपनाउँछन् तर सबै भन्दा बढी प्रयोग गरिने तरीका हो–सोला थाप्नु स्थानीय भाषामा सोला थाप्नुलाई चांग राख्ने भनिन्छ, निगालोमा विषको प्रयोग गरेर वन्यजन्तुहरु हिड्ने, विचरण गर्ने ठाउँमा राखेर तिनलाई मार्ने प्रक्रियालाई सोला थाप्ने भनिन्छ । दुईदेखि ३ फिट अग्लो छिप्पिएको निगालोको टुप्पोलाई एकतर्फी तीखो पारिन्छ सो तीखो भागमा उच्च हिमाली भेकमा पाइने विषालु झार (जसलाई कालकूट विष पनि भनिन्छ) को जरा, कुरिलोको जरा तथा आलुको पातहरुसँगै कुटेर बनाएको लेप लगाइन्छ फेरि एउटा सानो निगालोको टुक्रा त्यही लेपमा डुबाएर अघि बिषको लेप लगाएको निंगालेको तीखो टुप्पामा टाँसिन्छ । वन्यजन्तुहरुलाई सो निगालोले घोचेको खण्डमा सो सानो निगालोको टुक्रा विष सहित शरीरभित्र नै रहन्छ । एकातिर कुनै पहाडमा तलदेखि माथिसम्म सोला राखिन्छ भने पहाडको अर्को पट्टिबाट डढेलो लगाएर वा चिच्याएर शिकारीहरुले वन्यजन्तुहरुलाई सोलाहरु राखेको स्थानतिर लखेट्छन् परिणामस्वरुप ती वन्यजन्तुहरुलाई सोलाले घोच्छन् र विष शरीरमा प्रवेश भएको ५–१० मिनेट भित्रै सो जन्तु मर्छ ।

सोला राख्ने कार्यमा प्रयुक्त हुने यो विषको झार ३५०० मिटरदेखि माथिको उचाईमा पाइन्छ, तर जति–जति जमिनको ऊचाई बढ्दै जान्छ यो झारमा भएको विषको मात्रा पनि बढ्दै जान्छ भन्ने धारणा भएकोले शिकारीहरुले ४६०० मिटरभन्दा माथिबाट मात्र विषको जराको संकलन गर्दछन् । यो एकोनाइटम जातिको २–३ फिट अग्लो झार हो नेपालको उच्च हिमाली भेकमा ८–९ प्रकारका रातो वैंजनी र नीलो फूल फुल्ने एकोनाइटम जातिका विषाका झारहरु पाइने भएको भएतापनि रातो वैंजनी फूल भएको भन्दा नीलो भएकोलाई उत्तम मानिन्छ । सुमेरु पर्वतको मंथन गरेपछि शंकर भगवानले पिउनु भएको कर्कट नागको विषाका एक, दुई थोपाहरु जमिनमा खसेका थिए र तिनै विषाका थोपाहरुबाट एकोनाइटम विषाका झारहरु भएको हो भन्ने धारणा छ । शिकार खेल्ने कार्यमा प्रयोग गरिने यस विषको जरामा भएको रासायनिक पदार्थको वैज्ञानिकहरुले

विश्लेषण गरेर के थाहा पाए भने गोमन सर्पको विषमा पाइने जस्तै रासायनिक पदार्थहरु यसमा पनि रहेछन् । त्यसैले जीव–जन्तुहरुको शरीरमा प्रवेश गरेपछि यसको असर पनि अवश्य नै गोमन सर्पले टोकेको जत्तिकै हुनुपर्छ । यो विष फुलेको बेला मानिस त्यसको नजिक गएको खण्डमा फूलको वासनाले मात्र पनि लठ्ठिन्छ भन्ने कुरा सुनिन्छ ।

सोला प्रयोग गरेर मारिएका जन्तुहरुको सम्पूर्ण शरीरमा विष प्रवेश हुने भएकोले मासुको रङ्ग नीलो (गोमन सर्पले टोक्यो भने पनि शरीरको रङ्ग नीलो नै हुन्छ ) हुन्छ । यो मासु त्यस्तै रुपमा खाएको खण्डमा खाने व्यक्ति वा जीव –जन्तु ५–१० मिनेट भित्रै मर्दछन् कहिले काहीं जङ्गलमा सोला लागेर मरेको वन्यजन्तुलाई काग, गिद्ध वा स्यालले फेला पारेर खान्छन् र त्यो सोला लागेको वन्यजन्तुको लाशसंगै तिनीहरुका लाशहरु पनि भेटिन्छन् त्यसैले शिकारीहरुले सोला लागेको जन्तुलाई जति छिटो हुन्छ खोजेर आफ्नो कब्जामा लिन्छन् । सोला लागेर मरेका वन्यजन्तुहरुको मासु काँचै खाने त कुरा भएन, पकाएर खाएको खण्डमा पनि विष नष्ट हुँदैन, त्यसैकारण मासु पकाउने बेला विषलाई मार्ने एउटा निर्बिष भन्ने झारको जराको टुक्रा राखेर पकाइन्छ । यसको अलावा कुनै–कुनैबेला शिकारीहरु वा अन्य गाउँलेहरु पनि जङ्गलमा कुनै काम लिएर विचरण गरिरहेका बेला नदेखेर वा ढुर्घटनावश उनीहरुलाई नै पनि सोला लाग्न सक्छ । त्यसबेला यो निर्बिष झारको जरा खाएर नै उनीहरु बाँच्छन्, नत्र भने वन्य–जन्तुहरु झैं मानिसहरु पनि सोला लागेको ५–१० मिनेट भित्रै मर्दछन् ढुर्घटनावश सोला लागेर अनि समयमा नै निर्बिषको जरा सेवन गर्न नपाएर मानिसहरु मरेका केही घटनारु पनि किम्री गाउँमा घटिसकेका छन् ।

निर्बिषको झार पनि एकोनाइटम जातिकै भएतापनि यो जुनसुकै ठाउँमा पाइदैन र यसलाई जुनसुकै मानिसले चिनेको पनि हुदैन । किम्री गाउँ र त्यसभेकका अरु मानिसहरुले प्रयोग गर्ने गरेको निर्बिष उहिले–उहिले त्यहाँबाट उत्तर पश्चिममा पर्ने मानसरोवर दहको चारैतिर फैलिएका पहाडहरुबाट ल्याइन्थ्यो । त्यसबेला यो निर्बिष ल्याउँने कार्य किम्री गाउँका छैंजोर लामाले मात्र गर्दथे कारण उनले मात्र यस झारलाई चिनेका थिए । उनी वर्षमा एकपटक मानसरोवरमा गएर निर्बिषको संकलन

गर्दथे र गाउँलेहरुलाई निःशुल्क वितरण गर्दथे । यो निर्बिषको अति सानो झिगांको टाउको जत्रो टुक्राले पनि ४–५ जनाको परिवारलाई पकाएको मासुको विष मार्न सक्छ र त्यही  टुक्रा ४–५ पटकलाई पनि प्रयोग गर्न सकिन्छ । मानसरोवर उपत्यकामा मात्र ४७०० मिटरभन्दा माथिको उचाइमा उम्रने निर्बिष झारको भाले र पोथी  झार संग–संगै उम्रेका हुन्छन् । भाले झार अत्यन्तै विषालु हुन्छ तर पोथी झार विषालु हुँदैन । पोथीको जरामात्र विष मार्ने कार्यमा प्रयोग गरिन्छ । फाल्गुन चैत्र महिनामा फुल्ने निर्बिष झारको फूलको रङ्ग नीलो हुन्छ । भाले झारका फूलहरु जमिनतिर फर्किएका तर पोथी झारका फूलहरु आकाशतिर फर्किएको हुन्छन्, त्यसकारण यो नै भाले पोथी  विरुवा र फूललाई छुट्याउँने उपाय हुन्छ । उच्च हिमाली भेकमा अत्यन्तै हिमपात हुनेसमय फाल्गुन चैत्र महिनामा मात्र यो बिरुवा फुल्ने भएकोले त्यसबेलामात्र यसको संकलन गर्ने गरिन्छ त्यसैले फाल्गुन चैत्र महिनामा मानसरोवर गएर निर्विष संकलन गरेर ल्याउँने काम ठूलो तांत्रिक लामा वाहेक अरु कसैले पनि गर्न सक्दैन । किम्री  गाउँका छैंजोर लामा धैरै ठूला तांत्रिक थिए । यिनको अधिल्ला जम्मै पुस्तामा एक से एक महान तांत्रिक लामाहरु थिए । यो परिवारमा तन्त्र विद्या बाबुले आफ्नो छोरालाई सिकाउँने गरेको थियो । छैंजोर लामा निसन्तान थिए त्यसकारण आफूले जानेको तन्त्र विद्या त्यसै गाउँको यांग्याप लामालाई धर्मपुत्र  मानेर सिकाउँन लागेका थिए । पैंतीस वर्षको यांग्याप लामा आफ्नै परिवारसंग आफ्नो पुर्ख्यौली घरमा बस्दथ्यो । छैंजोर लामाको उमेर ८० वर्षभन्दा बढी भइसकेको थियो । धेरैजसो दाँतहरु झरिसकेका थिए । आँखाहरु पनि धेरै कमजोर भएका थिए । केही वर्ष अघि एउटा दुर्घटनामा हिउँले खाएर देब्रे खुट्टाका जम्मै औंलाहरु ठुटा र नङ्रहित भएका थिए । तैपनि वर्षौंपिच्छे मानसरोवर गएर निर्बिषको जराहरु संकलन गरेर ल्याउने कार्य लामाले यथावत चलाइरहेकै थिएँ । साधारण मानिसका लागि ८० भन्दा बढी उमेरमा फाल्गुन चैत्रको महिनामा कम्मरभन्दा माथिसम्म हिउँ आउने बाटोमा १४–१५ दिन हिंडेर मानसरोवर पुग्नु सतप्रतिशत असम्भव हुन्छ तर छैंजोर लामाले तन्त्र विद्याको सहायताबाट उक्त कार्य पूरा गर्ने गरेका थिए ।

हिउँ चितुवालाई अत्यन्तै दुर्लभ जन्तु मानिएको छ । उच्च हिमाली

भेगमा ३५०० मिटरभन्दा माथि बढी ढुंगा भएको खुल्ला ठाउँमा मात्र विचरण गर्ने हिउं चितुवा आफ्नो नाउं अनुसार कमसेकम वर्षभरिमा ८–९ महिना हिउँ भएको भूमिमा मात्र बस्छ । एक मिटर लामो शरीर र करिव – करिव १ मिटर नै लामो मोटो पुच्छर भएको हिउं चितुवाले जति सुकै हिउं परे पनि आफ्नो दैनिक क्रियाकलाप गरेकै हुन्छ । खरानी रङ्गको छालामा ध्वाँसे रङ्गका ठूला–ठूला गोलाकार बुट्टा भएको हिउँ चितुवा सम्पूर्ण चितुवा जाति मध्ये बढी सुन्दर देखिन्छ । प्रकृतिले यसको शरीरमा बाहिरी वातावरण अनुसार आवश्यक पर्ने धेरै थप कुराहरु प्रदान गरेको छ । २–३ इन्च लामा र बाक्ला रौंहरुले यसको सम्पूर्ण शरीर ढाकिनु तथा यी रौंहरु भित्र पनि कपास जस्तै अति मुलायम रौंहरु छालासँगैटाँस्सिएर बसेका हुनुले नै यो जन्तुले हिउँमा बस्न सकेको हो । पुच्छरमा पनि यस्तै प्रकारका रौंहरु हुने भएकोले धेरै जाडो भएको खण्डमा आफ्नो शरीर न्यानो पार्न हिउँ चितुवाले पुच्छरले आफ्नो शरीरलाई बेरेर राख्छ । उच्च हिमाली भेकको जस्तो–सुकै विकट मौसमी परिस्थितिलाई पनि खप्न सक्ने क्षमता भएको हिउं चितुवा अति फूर्तिलो, चलाख र नम्र स्वभावको हुन्छ । किम्री गाउँमा बोलिने स्थानीय भाषामा भाले हिउँ चितुवालाई “साब्बु” तथा पोथीलाई “साम्बु” भनिन्छ ।

छैंजोर लामाले तन्त्र विद्याको सहायताबाट आफूलाई साब्बु अर्थात् भाले हिउं चितुवामा परिणत गर्दथे र फाल्गुन चैत्रको महिनामा मानसरोवर गएर निर्बिष संकलन गरेर ल्याउथे । यो कुरा लामाकी श्रीमती र धर्मपुत्र यांग्याप लामा बाहेक अरु कसैलाई पनि थाहा थिएन । तन्त्र साधना पूरा गरेपछि लामा साब्बु हुन्थे र सो साब्बु आफ्नो मुखमा एउटा झोला झुण्ड्याएर मानसरोवरको लागि प्रस्थान गर्थ्यो । त्यहाँ निर्विषाको संकलन गरेर सो झोलामा राखेर किम्री गाउँमा फर्किन्थ्यो फेरि तन्त्र विद्याको सहायताबाट साब्बु, लामामा परिणत हुन्थ्यो । मानिसबाट साब्बु र साब्बुबाट मानिस हुने तान्त्रिक विधिमा एउटा अर्को मानिसको पनि संलग्नता हुनु अत्यन्तै जरुरी हुन्थ्यो र सो कार्य लामाकी श्रीमतीले गर्दथिन् ।

फाल्गुन २१ गतेका दिन भोटे–पात्रो हेरेर छैजोर लामा मानसरोवर जाने कार्यक्रम बनाउन लागे । विहान देखिनै आफ्नो घरको माथिल्लो

तल्लामा भएको निजी गुम्बामा तन्त्र साधनाको कार्यक्रम शुरु भयो । दिनभरि तन्त्र पूजा गरेर लामा पद्माशन लगाएर बसे । लामाकी श्रीमती (लमिनी) ले एउटा चिलु जडित मुगाको हार लामालाई पहिऱ्याइन् । भोटेहरुको समाजमा चिलुको धेरै ठूलो महत्व हुन्छ, शंख जस्तै यो पनि एउटा समुद्री जीवको बाहिरी आवरण हो तापनि यसको प्रयोग गर्ने मानिसहरुले यसलाई कुनै स्वर्गको चराको फुल मान्दछन् । कुनै-कुनै ठाउँका मानिसहरुले चराको फुल नभइकन चराकै विष्टाको रुपमा लिने गरेको पाइन्छ । यो स्पिन्डिल आकारको २-३ इंच लामो अति कडा क्यालशियमबाट बनेको हुन्छ, यो अत्यन्तै मँहगो हुन्छ र एक मुखे, दुई मुखे वा बहुमुखी हुन्छ । हजार रुपैयाँदेखि करोडौं रुपैयाँसम्म यसको मोल हुन सक्छ धेरै जसोले सम्पन्नताको प्रतीक मानेर यसलाई आफ्नो घाँटीमा लगाउँने गर्छन् भने बौद्ध धर्मानुसारको तन्त्र साधनामा चिलु नभै नहुने वस्तु हो ।

चिलु जडित मुगाको हार ध्यान मग्न लामाको घाँटीमा पहिऱ्याई सकेपछि लमिनीले तराईमा पाउने पाटे बाघको हाड र जुंगा, मध्य पहाडी भेकमा पाइने गुरुबे सर्पको काँचुली र उच्च हिमाली भेकमा पाइने कस्तूरी मृगको कस्तूरी  र केही रौंहरु, धूपी सल्लाका पातहरु तथा भोजपत्रका टुक्राहरु लिएर समुद्रमा पाइने कछुवाको हाडमाथि राखेर त्यसको धूप बनाएर बालिन् । एउटा चौरी गाईको आधा कालो र आधा सेतो पुच्छर (चौर) लिएर सो धूपबाट उडेको धुंवालाई चौरले हम्काउदै आफ्ना दुवै आँखा बन्द गरेर मन्त्रोच्चारण सहित लामातिर पठाउँन थालिन् । यो क्रम केही समयसम्म यथायत राखेर अन्तमा लमिनीले आफ्नो दुवै आँखा खोलिन् । उनको अगाडि अब एउटा सुन्दर साब्बु पुच्छर हल्लाई रहेको थियो ।  छैंजोर लामा अब हिउँ चितुवा भैसकेका थिए । साब्बुको उमेर पनि लामाको जस्तै धेरै बढी भएको देखिन्थ्यो । मुखभित्र केही दाँतहरु थिएनन् । पछिल्तिरको देब्रे खुट्टाको औंला र नंग्राहरु थिएनन् । अझै रात पर्न बाँकी थियो । लमिनीले साब्बुलाई कोठाभित्र बन्द गरेर बाहिर आइन् । आधारातमा पूरा किम्री गाउं सुतिरहेका बेला लमिनी साब्बु भएको कोठाभित्र पसिन् । एउटा मृगको छालाबाट बनेको झोला उनले साब्बुको अगाडि

राखिन् । साब्बु आफ्नो मुखले त्यो झोला च्यापेर कोठाबाहिर निस्कियो । यो साब्बुको मानसरोवर यात्राको शुरुवात थियो । साब्बु निर्बिष ल्याएर मानसरोवरबाट नफर्किन्जेलसम्म सो कोठामा अखण्ड धूप र बत्ती बाल्नु पर्ने हुन्थ्यो । लमिनीलाई साब्बु मानसरोवरबाट फर्किने दिन निश्चित रुपमा थाहा हुन्थ्यो र सो दिन अर्धरात्रिमा सो कोठाको ढोका खोलेर राखिन्थ्यो । साब्बु कोठाभित्र, पसिसके पछि लमिनीले छैंजोर लामा साब्बु हुने बेलामा बालेको धूप र अरु तन्त्र मन्त्र विधिहरु पूरा गरेपछि मात्र साब्बु मानिसमा (लामामा) परिणत हुन्थ्यो । यो तांत्रिक साधनामा एउटा अनिवार्य कुरा के थियो भने, शुरुमा मानिसबाट कुनै जन्तु र त्यसपछि जन्तुबाट मानिस हुने विधि त्यही एउटै मानिसले मात्र पूरा गर्नु पर्ने हुन्थ्यो अर्थात् तांन्त्रिक धूप बाल्ने, चौरले धुँवा हम्काउने इत्यादि जस्ता कार्य दुवै समयमा एउटै व्यक्तिका हातबाट हुनुपर्ने बाध्यता थियो ।

यता साब्बु मानसरोवरका लागि प्रस्थान गरेको ३ दिन पछि लमिनी आफ्नो घरको माटोले बनेको समतल छानामा जम्मा भएको हिउँ फाल्न लागिरहेको वेला गाउँको माथिबाट एउटा सानो हिउँको पैरो गयो । त्यो पैरोसँग एउटा २-३ के.जी. वजन भएको ढुंगा अति वेगका साथ गाउँको बीचबाट तलतिर आइरहेको देखेर लमिनी छानाबाट हत्तारिएर तल झर्न खोज्दा चिप्लिइन् र, तल जमिनमा नराम्रोसँग पछारिन पुगिन् उनको ढाड भाँच्चिएकोले उक्त घटनाको केही समयपछि नै उनको मृत्यु भयो । लामा गाउँभन्दा माथि भएको गुफामा गएर साधना गरिरहेका छन् भन्ने ठानिरहेका गाउँलेहरु त्यहाँ गएर बुझ्दा लामाको केही अत्तो-पत्तो पाएनन् । छैंजोर लामा कहाँ बेपत्ता भए भन्ने कुराले गाउँलेहरुलाई आश्चर्य तुल्यायो । लामा साब्बु भएर अवश्य पनि मानसरोवर गएको हुनुपर्छ भन्ने कुरा यांग्याप लामाले मात्र अनुमान लगाउन सके ।

उता शुद्ध हिमालयबाट निस्केका झरनाहरुको पवित्र जल मात्र खाएर रात-दिन हिउँले ढाकिएको बाटोमा हिड्दै १६ दिनपछि साब्बु मानसरोवरमा पुग्यो । पवित्र मानसरोवर दहको पानी प्रसादको रुपमा ग्रहण गरेर फेरि उत्तर-पश्चिम दिशामा अवस्थित एउटा पहाडमाथि चढ्न शुरु गर्‍यो । दुई घण्टा जति पहाडमा चढेपछि ४८०० मिटरको उचाइमा निर्बिषको खोजी गर्न

थाल्यो । त्यहाँको जमिन धेरै भिरालो भएकोले जमिनमा धेरै हिउँ जम्मा हुन पाएको थिएन । एक फुट जति हिउँले ढाकिएका निर्बिषाका बोटहरु धमाधम भेटिन थाले । अगिल्तिरका पञ्जाहरुले हिउँ र माटोलाई खन्दै साब्बुले पोथी निर्बिषाका जराहरु झोलामा राख्न थाल्यो । झोला भरिसकेपछि साब्बु मानसरोवर फर्कियो । मानसरोवरको पवित्र जल फेरि एकपटक सेवन गरेर साब्बुले किम्री गाउँका लागि प्रस्थान गऱ्यो ।

मानसरोवरबाट हिंडेको ठीक १६ दिनपछि साब्बु किम्री गाउँमा आईपुग्यो । लमिनीसँग १७ औं दिनमा घरमा आइपुग्ने सल्लाह भए अनुसार भोलि मात्र घरमा पुग्नु पर्ने थियो । त्यसकारण त्यो रात र अर्को दिन गाउँ नजिकै एउटा ठूलो गुफामा सुतेर बितायो । अर्को दिन आधारातमा गुफाबाट निस्केर साब्बु आफ्नो घरमा आयो, तर पूजा कोठाको ढोका बन्द भएको देखेर यताउति हेर्न थाल्यो । ढोकाबाट भित्र चियाएर हेर्दा बत्ती बलिरहेको थिएन । केही दिन अघि छोडेर गएको पूजा सामग्रीहरु अस्त-व्यस्त परेका थिए । के सोचेर हो कुन्नि साब्बु त्यहाँबाट फर्किएर फेरि आफू दिनभरि सुतेको गुफामा गएर सुत्यो । भोलिपल्ट गाउँलेहरुले गाउँभित्र एउटा साब्बु आएको पाइला हिउँ माथि देखे र आफ्ना भेंडा बाख्री, कुकुर इत्यादिहरु मार्छ कि भनेर सशंकित हुन थाले । अर्को दिन आधा रातमा साब्बु फेरि लामाको घरमा आयो र फेरि ढोका बन्द नै भएको देखेर निराश भएर त्यही गुफामा फर्किएर सुत्यो । अर्को दिन पनि गाउँलेहरुले साब्बुका ताजा पाईलाहरु गाउँभित्र देखैं । तेस्रो दिनपनि साब्बु घरमा आयो र फेरि ढोका बन्द भएको देखेर यसपाला उसले ढोकाको अगाडि आफूले मानसरोवरबाट ल्याएको निर्बिषाको झोला राख्यो र त्यही गुफामा गएर सुत्यो ।

गाउँलेहरुले फेरि गाउँभित्र साब्बु आएको देखेर 'अब त अवश्य नै यो साब्बुले कुनै न कुनै नोक्सान अवश्य गर्छ होला' भन्न थाले । साब्बुलाई मार्ने योजना बन्न थाल्यो । यो कुरा यांग्याप लामाको कानमा पनि पऱ्यो । उसले छैंजोर लामा नै साब्बुको रुपमा मानसरोवरबाट फर्किएको हुनुपर्छ भन्ने अनुमान लगायो । अरु गाउँलेले थाहा नपाउने गरी यांग्याप लामा छैंजोर लामाको घरमा आयो । त्यहाँ झन बढी साब्बुका पाईलाहरु

थिए । घर माथि भएको पूजा कोठामा जानलाई भऱ्याङ् चढ्यो । उसले त्यो कोठाको अगाडि छालाको झोला राखिएको देख्यो । त्यसभित्र निर्बिषाका जराहरु थिए । अव अनुमान विस्वासमा परिवर्तित भइसकेको थियो, तर यांग्याप लामा सहायताविहीन थियो । उसलाई छैंजोर लामाले मानिसबाट आफूले चाहेको जीव–जन्तुमा परिणत हुने तान्त्रिक विधि सिकाएका थिएँ तर अहिले साब्बुलाई लामामा ल्याउन लमिनी नै आवश्यक पर्थिन् यो असम्भव थियो । अव त्यो साब्बुलाई छिटोभन्दा छिटो मार्न लगाएर लामालाई यो रुपबाट मुक्ति दिलाउनु नै यांग्याप लामाको लागि प्रमुख कार्य भयो । त्यसकारण ऊ जम्मै कुरा थाहा पाएर पनि केही थाहा नपाएको जस्तो गरेर चुप लागेर बस्यो ।

गाउँलेहरुले छलफल गरेर जसरी भएपनि त्यो साब्बुलाई मार्ने योजना बनाए । नामग्याल किम्री गाउँको नामुद शिकारी थियो । उसँग उसको बाजेको पालादेखिको एउटा ठूलो अत्यन्तै भारी भरुवा बन्दुक थियो । यो भरुवा बन्दुकलाई पत्थर गोला बन्दुक भनिन्छ, किनभने अरु भरुवा बन्दुकहरुमा फायरिंग गर्ने बेला बारुद सल्काउन रासायनिक पदार्थ भएको केप (प्राइमर) को प्रयोग हुन्छ भने यो बन्दुकमा केपको कार्य एउटा सानो दर्शन ढुंगाको टुक्राबाट हुन्थ्यो । नामग्यालले आफ्नो बन्दुकमा बारुद र गोली भऱ्यो । उसको पछि–पछि ५–६ जना गाउँले शिकारीहरु पनि लागे । तिनीहरु गाउँबाट नै साब्बुको पाईलालाई पन्छ्याउँदै हिंड्न थाले र अन्तमा साब्बु सुतेको गुफाको अगाडि आई पुगे । पाईलाहरुले साब्बु त्यसबेला पनि गुफाभित्र नै भएको देखाउँथ्यो । शिकारीले गुफालाई घेरे । नामग्याल आफ्नो बन्दुकको घोडा चढाएर गुफाको ढोकामा पुग्यो । भित्र साब्बु लम्पसार परेर ऊतिर नै उसलाई चिनेको जस्तो गरेर हेरिरहेको देखियो । नामग्यालले एक पलपनि खेरनफाली बन्दुक पड्कायो । गोली लागेर एक छिन साब्बु खूब छट्पटियो र अन्तमा उसको सम्पूर्ण शरीर शान्त भयो ।

बन्दुकको आवाज सुन्नासाथ अरु शिकारीहरु “हारछे” अर्थात स्याबास भन्दै त्यतैतिर दगुरेर आए । गुफाभित्रबाट साब्बुलाई घिसारेर बाहिर ल्याइयो । अघि गुफाभित्र अलिअँध्यारो भएकोले नदेखिएको मुगा र चिलुको

हार साब्बुको घाँटीमा देख्दा शिकारीहरु तीनछक परे । एक छिन पछि हार लगाएको साब्बुको लाश गाउँमा ल्याइपुऱ्याइयो । सारा गाउँले जम्मा भए, तिनीहरु मध्ये यांग्याप लामा पनि थियो । साब्बुको छाला काढ्ने कुरा चल्यो । त्यो छाला तिब्बतमा लैजान पाएको खण्डमा, यदि छाला जम्मै पञ्जा र दाँतहरु सहित भएमा कमसेकम १५ भारी नूनसँग साट्न सकिन्थ्यो  त्यसकारण गाउँलेहरु मख्ख थिए । एक छिन पछि छाला काढ्न अगाडि बढेको मानिसले साब्बुको पछिल्तिरको देब्रे खुट्टाका पंजाहरु नभएको र केही दाँतहरु पनि नभएको कुरा बताए । अब मख्ख पर्ने पालो यांग्याप लामाको थियो । केही समय अघिसम्म कसरी गाउँलेहरुलाई छाला काढ्नबाट रोक्ने भन्ने कुनै उपाय सोच्न नसकेको यांग्याप लामा चिच्यायो । उसले गाउँलेहरुलाई त्यो साब्बु अब तिब्बतमा बिक्री नहुने भएकोले 'मलाई देऊ' भन्न थाल्यो । उसले फेरि भन्यो, 'वरु म त्यो लाखौं रुपैयाँ पर्ने मुगा र चिलुको हारबाट आफ्नो हिस्सा लिने छैन', र त्यो साब्बुको लाश मलाई तान्त्रिक पूजा गर्न चाहिएको छ । गाउँलेहरुले खुसी भएर उसको प्रस्तावलाई स्वीकार गरे । यांग्याप लामाले साब्बुको लाशलाई आफ्नो घरमा लग्यो । रात परिसकेपछि उसले अरु गाउँलेहरुले थाहा नपाउने गरी साब्बुको पूर्ण धार्मिक विधि अनुसार अंतिम संस्कार पूरा गऱ्यो । उसलाई धर्मपुत्रको कर्तव्य पूरा गर्नुपर्ने जुन वाध्यता थियो त्यो पूरा भएकोमा धेरै खुसी लाग्यो । छैंजोर लामा भने कसरी र किन किम्री गाउँबाट बेपत्ता भए भन्ने कुराको रहस्य गाउँलेहरुले कहिले पनि पत्ता लगाउँन सकेनन् । त्यस उप्रान्त गाउँलेहरुलाई निर्बिषाको जरा बाँड्ने कार्य यांग्याप लामाको हातबाट हुन थाल्यो ।


(करन बहादुर शाहको 'आँधो सर्पको खोजी', जीव-जन्तुमा आधारित कथासंग्रहबाट साभार)

---


**सुझावका लागि**


**प्रा. करन बहादुर शाह** - ९८४१६१५०६१, ४३७८३३१ (घर), ४२७१८११ (कार्यालय)


**डा. हेमसागर बराल** - ९८५१०११७५१, ४४३१०४२ (कार्यालय)



## हिमाली प्रकृतिद्वारा प्रकाशित वन्यजन्तु सम्बन्धी पुस्तकहरू







### हिमाली प्रकृति

हिमाली प्रकृति नेपालका प्राकृतिक स्रोतहरूको वैज्ञानिक अवधारणा अनुरूप अध्ययन, अनुसन्धान र संरक्षण गर्ने संस्था हो। नेपालमा यस संस्थाले विभिन्न महत्वपूर्ण संरक्षण कार्यहरू सम्पन्न गरिसकेको छ। यसले हिमाली क्षेत्रको प्राकृतिक संरक्षणका लागि निरन्तर आवाज उठाउँदै आएको छ। यो संस्थाले प्रकृति र वातावरणका विभिन्न पक्षहरूलाई अनुसन्धान र विश्लेषण गर्दै यिनको दिगो वातावरणीय व्यवस्थापनका बारेमा सम्बन्धित निकायलाई सेवा तथा सुझाव प्रदान गर्दछ। प्राकृतिक स्रोतमा आधारित पर्यटनको दिगो विकास र संरक्षण कार्यहरूमा समुदायको स्वतस्फूर्त सहभागिता जुटाउँनु पनि यसको मुख्य चासो रहिआएको छ। यो संस्थाले विज्ञानमा आधारित अभिलेखहरू र हिमाली क्षेत्रका वन्यजन्तु तथा प्राकृतिक वातावरण सम्बन्धी आधिकारिक पुस्तकहरू प्रकाशन गरी सर्वसाधारण जनताको वन्यजन्तु सम्बन्धी जानकारीमा अभिवृद्धि गराउँछ।

Himalayan Nature

हिमाली प्रकृति, पोष्ट बक्स १०९१८, लाजिम्पाट, काठमाण्डौं
फोन ४४२३२२५, फ्याक्स ४४४४५२७
इमेल info@himalayannature.org वेबसाइट www.himalayannature.org

9 789937 215831